"प्रदेश सरकारको प्रतिबद्धता: समृद्ध प्रदेश, खुसी जनता"

# प्रदेश स्थापनाको तीन वर्ष







प्रदेश सरकार
लुम्बिनी प्रदेश

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम: बुटवल, नेपाल

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"

# मन्त्रिपरिषद्



**मा. शंकर पोखरेल**
मुख्यमन्त्री
एवम्
आर्थिक मामिला तथा योजना मन्त्री



**मा. कुल प्रसाद के.सी.**
मन्त्री
आन्तरिक मामिला तथा कानुन मन्त्रालय



**मा. बैजनाथ चौधरी**
मन्त्री
भौतिक पूर्वाधार विकास मन्त्रालय



**मा. लिला गिरी**
मन्त्री
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय



**मा. सुदर्शन बराल**
मन्त्री
सामाजिक विकास मन्त्रालय



**मा. आरती पौडेल**
मन्त्री
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

“प्रदेश सरकारको प्रतिबद्धता: समृद्ध प्रदेश, खुसी जनता”

# प्रदेश स्थापनाको तीन वर्ष


प्रकाशक:

प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम: बुटवल, नेपाल



फोन नं. :- ०७१-५५०६१८

Email :- info.ocmcm@lumbini.gov.np, infocmofficep5@gmail.com

Website :- www.ocmcm.lumbini.gov.np

# स्मारिका प्रकाशन कार्यदल

**प्रमुख सल्लाहकार**
**भरतमणि सुवेदी**
प्रमुख सचिव

**सल्लाहकार**
**नारायणप्रसाद शर्मा दुवाडी**
सचिव - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**डा. खगेन्द्रप्रसाद सुवेदी**
सचिव - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सुरेशचन्द्र आचार्य**
अधिकृत दशौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक
**रामचन्द्र अर्याल**
अधिकृत आठौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
**प्रेमबहादुर गौतम**
अधिकृत सातौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
**कृष्णप्रसाद पराजुली**
अधिकृत सातौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
**सबै मन्त्रालयबाट**
१/१ जना प्रतिनिधि - सदस्य
**नारायण अर्याल**
अधिकृत सातौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य सचिव

**तथ्याङ्क सङ्कलन तथा प्रशोधन**
**डोर बहादुर बस्नेत**
तथ्याङ्क अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कम्प्युटर
**बलभद्र चौधरी**
कम्प्युटर अपरेटर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रकाशक : प्रदेश सरकार, लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम: बुटवल, नेपाल
प्रकाशन वर्ष : २०७७ फागुन
सर्वाधिकार : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सुरक्षित
मुद्रण प्रति : १००० प्रति
मुद्रक : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल उपमहानगरपालिका-६, पुरानो बसपार्क
फोन नं.: ०७१-५५३२९३, ९८५७०३५३८०
E-mail: ideapressbtl@gmail.com

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**मुकामः बुटवल, नेपाल**

**मुख्यमन्त्री**



# मन्तव्य

ऐतिहासिक संविधानसभाबाट संविधान जारी भएपछि संवैधानिक प्रावधान अनुसार भएको आम निर्वाचनबाट प्रदेश सरकार गठन भएको आज ठिक तीन वर्ष पूरा भएको छ। संविधानले तीन तहको तहगत सरकारको प्रबन्ध गरेको छ। प्रदेश सरकार विल्कुलै नयाँ संरचनाको रूपमा स्थापना भइ शून्यबाट काम थाल्दै अहिले सरकार सञ्चालनको आधारभूत संरचना खडा गर्न सफल भएको छ। संघीयता कार्यान्वयनको तीन वर्षमा प्रदेश सरकार सुनिने र देखिने विन्दुमा आइपुगेको छ।

अहिलेको स्थानीय तह केन्द्रीकृत शासन प्रणाली हुँदा पनि स्थानीय निकायको रूपमा क्रियाशिल थियो। संघ सरकार पहिलेदेखिनै बलियो शासकीय संरचनाको रूपमा उपस्थिति छँदैछ। छोटो समयमा चुनौतीपूर्ण काममा प्राप्त सफलताले प्रदेश सरकार सञ्चालनको बलियो आधार तयार भएको छ। प्रदेश सरकारका लागि आफू अघि बढ्ने बाटो आफैं तयार गर्नुपर्ने बाध्यता थियो, त्यो चुनौतीपूर्ण कामलाई जिम्मेवारीबोधका साथ अघि बढाउँदै यतिखेर प्रदेश सरकार संवैधानिक रूपमा मात्रै नभई नागरिकले अपनत्व गर्ने सरकारको रूपमा स्थापित भएको छ।

सरकार गठन हुँदा मन्त्रालय र मातहतका कार्यालयका लागि भवनको व्यवस्थापन भइसकेको थिएन। राजनैतिक नेतृत्व सरकारमा आएपनि सरकार सञ्चालनको लागि पर्याप्त कर्मचारीको व्यवस्थापन भइसकेको थिएन। सरकारले आवश्यक काम गर्नका लागि आवश्यक कानुनको अभाव थियो। त्यस अर्थमा सरकारले शून्यबाट कार्य आरम्भ गर्नुपरेको थियो। कर्मचारी समायोजनको काम बेलैमा नटुङ्ग्याउँदा त्यसको असर प्रदेश सरकारको काममा पर्यो। यतिखेर प्रदेश सरकार सञ्चालनको लागि आधारभूत रूपमा बलियो प्रशासनिक संरचना तयार भएको छ। प्रदेश सरकारका ७ मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान, प्राधिकरण, निर्देशनालय र कार्यालय गरी १७३ वटा निकाय स्थापना गरिएका छन्। प्रदेशलाई आवश्यक जनशक्ति पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोग गठन गरी काम अघि बढाइएको छ। प्रदेशको आवश्यकता बमोजिमका सङ्गठन संरचना प्रदेशमा हस्तान्तरण हुँदैछन्।

प्रदेश सरकारका लागि आवश्यक आधारभूत रूपमा कानुन निर्माण भइसकेका छन्। संवैधानिक दायराभित्र रहेर निर्माण गर्नुपर्ने ११६ वटा ऐनहरूको पहिचान भइसकेको छ। त्यसमध्ये ५९ वटा कानुन बनिसकेका छन्। प्रदेशको आवधिक योजना तयार भएको छ। सोही आवधिक योजनाका आधारमा एउटा बजेट आइसकेको छ। बजेट विनियोजन मागका आधारमा नभई योजना र प्राथमिकताका आधारमा हुने परिपाटीलाई व्यवस्थित गरिएको छ। प्रदेशको चालु बजेट भन्दा पुँजीगत बजेट बढी गर्दै विकासको मेरूदण्ड प्रदेश सरकार रहेको स्थापित गरिँदैछ। सरकार सञ्चालनलाई मितव्ययी बनाउँदै चालु बजेट भन्दा पुँजीगत बजेट धेरै गर्न संभव भएको हो।

सहकारीमूलक संघीयता अगालेको नेपालको संविधानले प्रत्येक तहका सरकारहरू बीचमा समन्वय, सहअस्तित्व र सहकार्यको मर्मलाई आत्मसात गरेको छ। तहगत सरकारबीच समन्वय र सहकार्य हुँदा सेवा प्रवाह प्रभावकारी हुने भएकाले पनि तीनै तहका सरकारबीच संवैधानिक व्यवस्था अनुसार समन्वय र सहकार्य अपरिहार्य छ। अन्तर प्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् र राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक लगायतका मञ्चहरूलाई संघीयता कार्यान्वयनको व्यवहारिक पाटोलाई सहज बनाउने ठाउँका रूपमा उपयोग गर्दै तहगत सरकारहरूबीच समन्वय र सहकार्यको काम नियमित भएको छ। स्थानीय तहसंग समन्वय र सहकार्य गर्न प्रदेश समन्वय परिषद्को चार वटा बैठक सम्पन्न भएका छन्। ती बैठकहरूबाट आएका निष्कर्षहरूलाई निर्णयको रूपमा प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने कार्य आरम्भ भएको छ।

यो वर्ष हामीले प्रदेशको स्थायी राजधानी र नामकरण टुङ्गो लगाएका छौं। प्रदेशको स्थायी राजधानी र नामकरण जस्तो पेचिलो विषयलाई निकै सहजताका साथ सबैले अपनत्व महसुस गर्ने गरी टुङ्गो लगाउन सफल भएका छौं। प्रदेशको स्थायी राजधानी राप्ती उपत्यकामा गुरूयोजना तयार गरी व्यवस्थित शहरीकरण गर्ने छौं। स्थायी राजधानीमा पूर्वाधार विकास योजनामा आधारित हुनेछन्, यो शहर भावी पुस्ताका लागि गर्व गर्न लायक हुनेछ। प्रदेशको स्थायी राजधानी राप्ती उपत्यकामा पूर्वाधार विकास प्राधिकरणको कार्यालय स्थानान्तरण भई कार्यारम्भ गरिसकेको छ।

झण्डै एक वर्षदेखि हामी कोभिड-१९ महामारीसंग लडिरहेका छौं। सबैको साथ र सहयोगबाटनै महामारीलाई जित्न संभव छ। महामारी विरूद्ध लड्न सरकारले अघि सारेका कार्यक्रमलाई प्रभावकारी रूपमा लागु गर्न कार्य क्षेत्रमा खट्ने र साथ दिने सबैप्रति म हार्दिक आभार व्यक्त गर्दछु। महामारीलाई छिट्टै अन्त्यगरी हामी नियमित लयमा फर्किने छौं।

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य पूरा गर्न हामीले "समृद्ध प्रदेश, खुसी जनता"को सोंच अघि सारेका छौं। राष्ट्रिय लक्ष्य हासिल गर्न प्रदेश सरकार योजनाबद्ध विकासमा दृढ संकल्पित छ। नागरिकको प्रदेश सरकारप्रतिको अपेक्षा र विश्वास तथा प्रदेश सरकारको नागरिकप्रतिको जिम्मेवारीबोधले सरकारको काम र उपस्थिति प्रभावकारी हुँदै अघि बढेको छ। यस सन्दर्भमा प्रदेश सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिपक्षसहितको प्रदेशसभा, सबै राजनितिक दल, पेशाकर्मी, उद्योगी व्यवसायी, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मीलगायत सबैमा प्रदेश सरकार स्थापनाको तेस्रो वर्षको शुभ अवसरमा शुभकामना व्यक्त गर्दै सबै क्षेत्रको सहयोग रहने विश्वास लिएको छु।

२०७७ फागुन ३ गते

शंकर पोखरेल

मुख्यमन्त्री

प्रदेश सरकार

लुम्बिनी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकामः बुटवल, नेपाल



# मन्तव्य

नेपालको शासकीय स्वरूपमा नयाँ संरचनाको रूपमा स्थापित प्रदेश तहको संरचना स्थापना भएको आज ठिक तीन वर्ष पुगेको छ। तीन वर्ष पुगेर चौथो वर्ष प्रवेश गर्दै गर्दा संवैधानिक दायरा र सीमाभित्र रहेर संविधानले प्रत्याभुत गरेका अधिकारहरूको कार्यान्वयन गर्ने सबालमा प्रदेश सरकारको भूमिका अत्यन्तै महत्त्वपूर्ण देखिएको छ।

नेपालका सात वटा प्रदेश मध्ये हिमाल, पहाड र तराई तीनवटै भौगोलिक अवस्थासहित १२ वटा जिल्लाहरू समेटेर लुम्बिनी प्रदेश बनेको छ। स्थापनाकाल देखिनै प्रदेश सरकारले प्रदेशको विकास र समृद्धिलाई प्राथमिकतामा राखेको छ। "समृद्ध प्रदेश, खुसी जनता" यो प्रदेशको प्रतिवद्धता रहेको छ। संघीयता कार्यान्वयन गर्ने सबालमा लुम्बिनी प्रदेश सरकारले तीन वर्षको अवधिमा निकै महत्त्वपूर्ण कामहरू सम्पन्न गरेको छ। संवैधानिक व्यवस्था बमोजिम प्रदेशको राजधानी र नामकरणको निर्णय भैसकेपश्चात रासी उपत्यका (देउखुरी) मा राजधानी व्यवस्थापनको लागि प्रक्रिया अगाडि बढेको छ। रासी उपत्यकामा नयाँ, व्यवस्थित र आधुनिक सहर निर्माण गर्ने प्रक्रियाको थालनी प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत भैसकेको छ।

प्रशासनिक संघीयताको जटिल विषय रहेको कर्मचारी समायोजन प्रक्रिया लगायतका कर्मचारी व्यवस्थापन कार्य व्यवस्थित रूपमा अगाडि बढेको छ। प्रदेशमा आवश्यक नयाँ जनशक्ति भर्ना प्रक्रिया प्रदेश लोकसेवा आयोगबाट शुरू भएको छ। सेवा प्रवाहलाई सरल र सहज बनाउन आवश्यकताबमोजिम अस्थायी कार्यालयहरू समेत स्थापना भएका छन्। प्रदेश मातहत हालसम्म १७३ कार्यालयहरू मार्फत सेवा प्रवाह कार्यलाई अगाडि बढाइएको छ। कर्मचारीलाई तालिम प्रदान गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान समेत स्थापना भइसकेको छ। डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै प्रदेशमा सूचना तथा संचार प्रविधि प्रतिष्ठान स्थापना भएको छ। सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा प्रदेश सरकार दृढ छ। प्रदेशमा निर्माण गर्नुपर्ने कानूनहरूको पहिचान भई कानून निर्माण गर्ने कामले प्राथमिकता पाएको छ। योजनाबद्ध विकास प्रक्रियालाई अगाडि बढाउन आवधिक योजना निर्माण गरी सोही आधारमा वार्षिक बजेट, नीति तथा कार्यक्रम बनाउने कार्य स्थापित भैसकेको छ।

मुख्यमन्त्री ग्रामीण विकास तथा स्वरोजगार कार्यक्रममार्फत प्रदेश सरकार गाउँगाउँमा पुगेको छ। जनताको गरिबी निवारण र सामाजिक, आर्थिक अवस्था सुधार गर्न यो कार्यक्रम महत्त्वपूर्ण कोशेढुङ्गाको रूपमा स्थापित भएको छ। स्थानीय तहसँगको समन्वय, सहकार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण संयन्त्रको रूपमा रहेको प्रदेश समन्वय परिषद्को चौथो बैठकसमेत सम्पन्न भैसकेको छ। प्रदेश समन्वय परिषद्को बैठकमार्फत भएका निर्णयहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने दिशामा प्रदेश सरकार अगाडि बढेको छ। छोटो समयमै लुम्बिनी प्रदेश विकास र समृद्धिको यात्रामा अगाडि बढ्न सफल भएको छ। आगामी दिनमा जनताको आकाङ्क्षालाई पुरा गर्न प्रदेश सरकार सफल हुनेछ भन्ने विश्वास लिदै प्रदेश स्थापनाको अवसरमा सम्पूर्ण प्रदेशबासी दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७७ फागुन ३

भरतमणि सुवेदी
प्रमुख सचिव

# विषय सूची

तीन वर्षका तिस महत्त्वपूर्ण उपलब्धिहरू १-१२

## परिच्छेद-एक

## लुम्बिनी प्रदेशको संक्षिप्त परिचय

१.१ पृष्ठभूमि १३
१.२ प्रदेशको भौगोलिक अवस्था १३
१.३ राजनैतिक तथा प्रशासनिक विभाजन १४
१.४ जनसङ्ख्या १५
१.५ आर्थिक अवस्था १५
१.६ सामाजिक अवस्था १९
१.७ आय, गरिबी र मानव विकास २२
१.८ भौतिक पूर्वाधार २३
१.९ कृषि, उद्योग, वन तथा जलाधार २५
१.१० प्रमुख पर्यटकीय स्थलहरू २८

## परिच्छेद-दुई

## कार्यगत वस्तुस्थिति

२.१. प्रदेश सभा सचिवालय ३६
२.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ४१
२.३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय ५३
२.४ आर्थिक मामिला तथा योजना मन्त्रालय ६०
२.५. भौतिक पूर्वाधार विकास मन्त्रालय ७०
२.६. सामाजिक विकास मन्त्रालय ७९
२.७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ८९
२.८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय १०३
२.९. मुख्य न्यायाधिवक्ताको कार्यालय ११५
२.१०. प्रदेश योजना आयोग १२१
२.११. प्रदेश लोकसेवा आयोग १३०

२.१२. सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान १३५
२.१३. प्रदेश पूर्वाधार विकास प्राधिकरण १४०
२.१४. प्रदेश प्रशिक्षण प्रतिष्ठान १४३

## परिच्छेद-तीन

## प्रदेशका प्रमुख समस्या, चुनौती, अवसर र भावी कार्यदिशा

३.१ प्रमुख समस्या १४८
३.२ चुनौती १४९
३.३ अवसर १४९
३.४ भावी कार्यदिशा १४९

## परिच्छेद-चार

## लुम्बिनी प्रदेशका जानकारीमूलक विवरणहरू

४.१. प्रदेश समन्वय परिषद्को चौथो बैठकका निर्णयहरू १५१
४.२ लुम्बिनी प्रदेशका प्रमुख सूचकहरू १५५
४.३ प्रदेश सरकारले निर्माण गरेका कानुनहरू १५८
४.४ प्रदेश अन्तर्गतका कार्यालयहरूको विवरण १६२
४.५ प्रदेश भित्रका जिल्ला समन्वय समितिको सम्पर्क विवरण १७६
४.६ प्रदेश भित्रका स्थानीय तहहरूको सम्पर्क विवरण १७७
४.७ प्रदेश भित्रका जिल्ला प्रशासन कार्यालयहरूको सम्पर्क विवरण १८६
४.८ संघीय मन्त्रालय र संवैधानिक निकायहरूको सम्पर्क विवरण १८९
केही तस्वीरहरू १९१
सन्दर्भ सामग्रीहरू १९५

# तीन वर्षका तिस महत्त्वपूर्ण उपलब्धिहरू

## १. प्रदेशको नामकरण र राजधानी घोषणा

नेपालको संविधानबमोजिम प्रदेश सभाबाट मिति २०७७ असोज २० गते प्रदेशको नाम "लुम्बिनी" र स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) निर्धारण भएको छ। संविधान कार्यान्वयनका सवालमा यो प्रदेश सरकारको महत्त्वपूर्ण उपलब्धि हो। राप्ती उपत्यका (देउखुरी) प्रदेशको राजधानी घोषणा भएसँगै राजधानी व्यवस्थापनको काम अगाडि बढाइएको छ। राजधानी व्यवस्थापनको लागि माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा स्थायी राजधानी व्यवस्थापन समिति गठन गरिएको छ। राजधानी व्यवस्थापनको गुरूयोजना निर्माण, जग्गाको लगत सङ्कलन, जग्गा प्राप्तिलगायतका कामहरू गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई राप्ती उपत्यकामा स्थानान्तरण गरिएको छ।

## २. मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमः-

आर्थिक तथा सामाजिक रूपमा विपन्न घरपरिवार वा व्यक्तिहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, सीप विकास, आयआर्जनका अवसर तथा सामाजिक संरक्षणका कार्यक्रमहरूमार्फत् जीवनस्तर सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले ३५ गाउँपालिकाबाट सुरूवात भएको मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई प्रदेशका सबै स्थानीय तहमा विस्तार गरिएको छ। यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी, उपयोगी र नतिजामूलक बनाउन मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याइएको छ। यो कार्यक्रमबाट रोजगारी सिर्जनाका साथसाथै नागरिकलाई स्वाबलम्बी बनाउन टेवा पुगेको छ।



## ३. पूर्वाधार विकासको आधार प्रदेश सरकार

प्रदेशको विकासमा महत्त्वपूर्ण योगदान गर्न सक्ने आधुनिक एवम् उच्च प्रतिफलयुक्त पूर्वाधार आयोजनाहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा सार्वजनिक, नीजि र बाह्य लगानीकर्तालाईसमेत पूर्वाधार विकासमा परिचालन गर्न पूर्वाधार विकास प्राधिकरणको स्थापना भएको छ। यो अवधिमा बजेट खर्चको स्थिति अन्य प्रदेशको तुलनामा उच्च रहेको छ। स्थानीय तहका केन्द्रहरू जोड्ने पहुँच मार्ग, पर्यटन पूर्वाधार, प्रादेशिक सडक एवम् पुलहरू, उच्च शिक्षासँग सम्बन्धित पूर्वाधार, कृषि पूर्वाधारहरू, जनताको आवास सुधार आदि प्रदेशको निर्माणका प्राथमिकताका विषयहरू रहेका छन्। प्रदेशको जम्मा विनियोजित बजेटमा चालु बजेटभन्दा पुँजीगत बजेट बढी हुनुले विकासको केन्द्र प्रदेश बन्न सक्छ भन्ने विषय प्रमाणित भएको छ।

## ४. सडक, पुल र आवास निर्माणमा प्राथमिकता

प्रदेश सरकार स्थापना भएपश्चात् ४०१ किलोमिटर सडक कालोपत्रे गरिएको छ। २६४ कि.मी सडकको ट्र्याक खोलिएको छ। २४ वटा सडक पुल एवम् ९ वटा झोलुङ्गेपुल, ६८ वटा खानेपानी आयोजना सम्पन्न गरिएको छ । साथै **जनता आवास कार्यक्रम**अन्तर्गत ३३४९ वटा आवास निर्माण गरिएको छ।

| विवरण | सङ्ख्या |
|---|---|
| झोलुङ्गेपुल | ९ |
| सडक पुल | २४ |
| खानेपानी आयोजना | ६८ |
| जनता आवास | ३३४९ |



## ५. एक घरः एक धारा अभियान

प्रदेशभित्रका हरेक घरधुरीमा आगामी दुई वर्षभित्र "एक घरः एक धारा" पुऱ्याउने सङ्कल्प प्रस्तावलाई पारित गरिएको छ। उक्त सङ्कल्प प्रस्तावलाई साकार बनाउन तथा स्वच्छ खानेपानी तथा सरसफाइको दिगो एवम् योजनाबद्ध विकास तथा व्यवस्थापन गर्नको लागि प्रदेशभरका प्रत्येक स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) लागु गरिएको छ।

## ६. उज्यालो प्रदेशको अभियान

प्रदेशस्तरका जलविद्युत आयोजनाको पहिचान, अध्ययन, निर्माण तथा सञ्चालन, साना प्रसारण लाइन निर्माण तथा व्यवस्थापन, अनुदानमा सौर्य ऊर्जा वितरण तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धनमार्फत् **'उज्यालो प्रदेश'** बनाउने उद्देश्य प्रदेश सरकारले लिएको छ। दाङको लमहीमा **प्रदेश ऊर्जा कार्यालय** स्थापना भई कार्य सञ्चालनमा रहेको छ।

## ७. कृषि तथा सहकारी क्षेत्रको विकासमा प्राथमिकता

बन्दाबन्दीको समयमा कृषि उपजलाई बजार समक्ष पुऱ्याउन कृषि एम्बुलेन्स सेवा सञ्चालन गरी करीब २९ करोड बराबरको कारोबार भएको छ। कोभिड-१९ को जोखिमबाट पुर्नउत्थानका लागि कोभिड विशेष कृषि कार्यक्रम सञ्चालनमा ल्याइएको छ। कृषकलाई आइपरेका प्राविधिक समस्याको समाधान गर्नका लागि फोन सम्पर्कमार्फत् विज्ञहरूको सुझाव र सल्लाह प्राप्त गर्नका लागि कुनै पनि शुल्क नलाग्ने गरी **किसान कल सेन्टरको** विकास गरिएको छ। कृषक अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि शुलभ दरमा कृषि ऋण प्रदान गर्न र सोको सहजीकरण गर्न थालनी भएको **"शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम"** सञ्चालन गरिएको छ। सहकारीका मूलभूत मूल्य तथा मान्यताहरूलाई ग्रहण गरिएको सिकाइ अर्कोमा स्थापना गर्ने दृष्टिका साथ रूपन्देही, रोल्पा र कोहलपुरमा गरी ३ वटा सहकारी नमुना गाउँहरूको विकास कार्यक्रम सञ्चालन भइरहेको छ। सहकारी संस्थाहरूको परिचालन तथा नियमन कार्यलाई थप व्यवस्थित गर्नका लागि आवश्यक सहकारी ऐन तथा नियमावली बनेको छ।




## ८. स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन

कृषि क्षेत्रको समग्र विकास गरी प्रदेशलाई आत्मनिर्भर र आयातलाई प्रतिस्थापन गर्ने लक्ष्य सहित स्मार्ट कृषि गाउँ कार्यक्रमलाई हालसम्म ११६ वटा गाउँहरूमा विस्तार गरिएको छ। यसबाट प्रदेशका करिब ७५०० घरधुरी समेटी आधुनिक प्रविधि, यान्त्रिकरण र बजार विकासका अभ्यासहरू अवलम्बन भई व्यावसायिक उत्पादनका लागि आधार तयार भएको छ।

## ९. स्वास्थ्य सेवाको विकास र विस्तार

प्रदेशबासी नागरिकहरूको स्वास्थ्य सेवामा सरल र सहज पहुँच अभिवृद्धि गर्ने उद्देश्य प्रदेश सरकारले अगाडि सारेको छ। लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा सिटि स्क्यान सेवा सुरू गर्नुका साथै लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो र अर्थोको विशिष्टीकृत सेवा सञ्चालन गर्नका लागि रोगको निदानमा सहयोग पुऱ्याउन रेडियोलोजी सेवाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भैरहेको छ। दाङको तुलसीपुर स्थित राप्ती प्रादेशिक अस्पतालमा ICU सेवा सञ्चालनमा आएको छ। लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेशकै विशिष्टीकृत अस्पतालको रूपमा रूपान्तरण गर्ने योजना अनुरूप आवश्यक प्रक्रिया अगाडि बढेको छ। प्रदेशका सबै जिल्ला अस्पतालहरूलाई कम्तिमा ५० शैयाको अस्पतालको रूपमा विकास गरिएको छ। प्रदेश मातहतका १२ जिल्लाका ६० वटा एम्बुलेन्सहरूको ट्रयाकिङको व्यवस्थामार्फत् आपतकालीन अवस्थामासमेत नागरिकलाई सेवा पहुँचको सुनिश्चितता गरिएको छ। प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीलाई औषधि उत्पादन केन्द्रको रूपमा विकास गर्न जिएमपी स्टाण्डर्डको भवन निर्माणको काम अगाडि

बढेको छ। प्रदेशका १२ जिल्लामध्ये रूकुम र कपिलवस्तु बाहेक सबै जिल्लाहरूमा ब्लड बैंक सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइएको छ। प्रदेशस्तरीय अस्पतालहरूमा सामाजिक सुरक्षा एकाइ स्थापना गरी यी अस्पतालहरूमा असहाय, गरिब, ज्येष्ठ नागरिकलगायतका नागरिकहरूको सहज र सरल पहुँचको सुनिश्चितता गरिएको छ।

## १०. शिक्षा तथा खेलकुदमा नमुना प्रदेश

बाँकेको खजुरामा प्रदेश विश्वविद्यालय स्थापनको लागि प्रक्रिया अगाडि बढेको छ।प्रदेश विश्वविद्यालय स्थापनाको आधारको रूपमा रहेको विश्वविद्यालयसम्बन्धी विधेयक प्रदेश सभामा पेस भएको छ। प्रदेशका बाह्रै जिल्लामा १/१ वटाका दरले १२ वटा विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा छनौट गरीप्रति विद्यालय रू ७५ लाखको सहयोगमा पूर्वाधारलगायतका कामहरू सम्पन्न गरिएका छन्। विज्ञान विषयमा विद्यार्थीहरूलाई आकर्षित गर्न कक्षा ११ र १२ मा विज्ञान सङ्काय पढ्ने सबै छात्राहरूलाई मासिक रू १०००/- का दरले र दलित मुस्लिमलगायत पछाडि परेको वर्ग वा समुदायका उच्च शिक्षा अध्ययन गर्ने सबै छात्राहरूलाई रू १०००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ। प्रदेशका १२ जिल्लामा रहेका ६० सामूदायिक क्याम्पसहरूमा भौतिक पूर्वाधार तथा गुणस्तर वृद्धिका कार्यक्रमहरू सम्पन्न भइसकेका छन्।नेत्रलाल अभागी रङ्गशाला, दाङ र उजिर सिह रङ्गशाला, बुटवललाई सार्कस्तरीय रङ्गशालाका रूपमा विकास गर्न निर्माण प्रक्रिया अगाडि बढेको छ।

## ११. सामाजिक सुरक्षा

रूपन्देहीस्थित सैनामैना नगरपालिकामा ज्येष्ठ नागरिक तथा अपाङ्गग्रामको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण भई निर्माण कार्य अगाडि बढेको छ। घरेलु हिंसा प्रभावीत तथा पीडित महिलाहरूका लागि रूपन्देही र बाँकेमा साझेदारीमा पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालनमा ल्याइएको छ। अपाङ्गहरूलाई रोजगारीका लागि बीउ पुँजी वितरण कार्यक्रम सञ्चालन गरिएको छ।

## १२. प्रदेशको शान्ति सुरक्षा र विपद् व्यवस्थापन

प्रदेशभित्र शान्ति सुरक्षा कायम गर्न एवम् सडक दुर्घटनालाई न्यूनीकरण गर्न प्रदेशभित्रका मुख्य सहर तथा सडकमा सिसिटिभी प्रणाली जडान गरिएको छ। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन २९ वटा सुरक्षा चेकजाँच पोष्ट निर्माण गरिएको छ। प्रदेशभित्र रहेका सडक क्षेत्रको व्यवस्थित एवम् योजनाबद्ध विकास गर्नका लागि प्रादेशिक यातायात गुरूयोजना (Provincial Transportation Master Plan- PTMP) को प्रारम्भिक मस्यौदा तयार भएको छ।विपद् व्यवस्थापनका क्षेत्रमा प्रदेशका ११ जिल्लामा विपद् पूर्वसूचना

प्रणालीको स्थापना गरिएको छ। विपद् प्रभावीत क्षेत्रमा निजी आवास तथा अन्य सार्वजनिक निर्माणको क्षेत्रमा पुनर्निर्माण गर्नका लागि कार्यविधि तयार गरी एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा रहेको छ।

## १३. उद्योग, वन तथा वातावरण तथा सिमसार संरक्षण

मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनको लागि बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं. ६ मा हात्ती छेकवारका लागि पक्की पर्खाल निर्माण भएको छ।प्रदेश भित्रका ६४ वटा महत्त्वपूर्ण तालतलैया तथा सिमसार क्षेत्रहरूको संरक्षण गरिएको छ। **"एक गाउँ एक पोखरी निर्माण"** अभियानअन्तर्गत १४८ वटा पोखरीहरू निर्माण भएका छन् जसमा ९२२२० घ.मि.पानी सञ्चित भई बहुउपयोगमा प्रयोग भैरहेको छ।यस अवधिसम्ममा २५,५८९ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरू दर्ता भइ सञ्चालनमा रहेका छन्। विभिन्न उद्यम विकास तालिमबाट १४,५६८ नयाँ लघुउद्यमीहरू तयार भएको र विभिन्न उद्योगहरूमा ४३,९४६ जनालाई रोजगारी प्राप्त भएको छ। दिगो तथा वैज्ञानिक वन व्यवस्थापन मार्फत् ३५,२९,९५५ घनफिट काठ उत्पादन भएको छ।

## १४. पर्यटन

लुम्बिनी भ्रमण वर्ष, २०७६ विभिन्न कार्यक्रमहरू गरी सम्पन्न भएका छन्। रूपन्देहीको बेलहिया र बाँकेको नेपालगञ्जमा पर्यटन सूचना केन्द्र स्थापना भएको छ। दाङको घोरदैरा, पाल्पाको नुवाकोट र श्रीनगरमा सांस्कृतिक डवली निर्माण भैरहेका छन्।

## १५. कानुन निर्माणमा तीव्रता

प्रदेशमा कानुन निर्माण कार्यले प्राथमिकता पाएको छ। नेपालको संविधान, नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन तथा प्रदेशको आवश्यकताबमोजिम निर्माण गर्नपर्ने ११६ वटा ऐनहरू मध्ये ५९ वटा ऐनहरू निर्माण भएका छन्।

## १६. कानुनी प्रतिरक्षा र फैसला कार्यान्वयन

प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाइएका मुद्दामा सर्वोच्च अदालत, उच्च अदालत तुल्सिपुर, उच्च अदालत तुल्सिपुर बुटवल इजलास, उच्च अदालत तुल्सिपुर नेपालगञ्ज इजलास, जिल्ला अदालतहरूमा मुख्यन्यायाधिवक्तामार्फत् बहसपैरवी गर्ने गरिएको छ।हालसम्म प्रदेश सरकारलाई विपक्षी बनाई ५१ वटा रिट दायर भएकोमा १० वटा फैसला भई कार्यान्वयन भएका छन्।

## १७. डिजिटल प्रदेशको सुरूवात

डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै प्रदेश सरकारले आफ्ना गतिविधिहरूलाई सूचना प्रविधिमैत्री बनाउने तथा सूचना प्रविधिलाई प्रदेश विकासको महत्त्वपूर्ण आधारको रूपमा तयार गर्ने उद्देश्यले सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ बमोजिम सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना भएको। सूचना प्रविधिको प्रयोगमार्फत् प्रदेशका कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा प्रदेश सरकार दृढ र प्रतिवद्ध छ।

## १८. योजनावद्ध र व्यवस्थित विकासको सुरूवात

प्रदेश सरकारले योजनावद्ध विकासको थालनी गरेको छ। योजनावद्ध विकासमा प्रदेश सरकारलाई सल्लाह, सहयोग र सुझाव उपलब्ध गराउन विज्ञ समूहको रूपमा प्रदेश योजना आयोग गठन गरिएको छ। प्रदेश सरकार गठन भए लगत्तै प्रदेशको वस्तुस्थिति विवरण तयार गरिएको छ। सोही वस्तुस्थिति विवरणको आधारमा प्रथम आवधिक योजना (२०७६/७७-२०८०-८१) निर्माण गरी लागु गरिएको छ। आवधिक योजनाको आधारमा वार्षिक बजेट र नीति तथा कार्यक्रम बनाउने परिपाटिको विकास भएको छ। बजेट निर्माणलाई आवधिक योजना र मध्यमकालीन खर्च संरचनासँग आवद्ध गरिएको छ। प्रदेश सरकारको बजेट, खर्च तथा निकासामा सूचना प्रविधि/सफ्टवयेर (RIMS, STSA, CGAS र PAMS) लागु गरी प्रविधिमैत्री बनाइएको छ। प्रदेशको जम्मा विनियोजित बजेटमा चालु बजेटभन्दा पुँजीगत बजेट बढी हुनुले विकासको केन्द्र प्रदेश बन्न सक्छ भन्ने विषय प्रमाणित भएको छ। साथै प्रदेशको २० वर्षे दीर्घकालीन योजना तर्जुमा गर्ने कार्यको प्रदेश योजना आयोगबाट सुरूवात भएको छ।

## १९. प्रदेश लोकसेवा आयोगको गठन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्न संवैधानिक व्यवस्था बमोजिम प्रदेश लोकसेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश लोकसेवा आयोग गठन भएको छ। प्रदेश लोकसेवा आयोगलाई पदपूर्ति (कर्मचारी छनौट)का लागि आवश्यक पर्ने प्रदेश लोकसेवा आयोगको नियमावली, २०७६, प्रदेश लोकसेवा आयोगको (कार्य सञ्चालन) निर्देशिका २०७७, प्रदेश लोकसेवा आयोगको पारिश्रमिक तथा दस्तुरसम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोकसेवा आयोगको आचार संहिता, २०७६ र प्रदेश लोकसेवा आयोगको बैठक सञ्चालन कार्यविधि, २०७६ निर्माण भएका छन्। साविक निजामती सेवा ऐन, २०४९ बमोजिम

प्रदेशमा आवश्यक नयाँ जनशक्ति भर्ना प्रक्रिया प्रदेश लोकसेवा आयोगबाट सुरू भएको छ।

## २०. जनशक्ति व्यवस्थापन र क्षमता अभिवृद्धि

प्रशासनिक संघीयताको जटिल विषय रहेको कर्मचारी समायोजन प्रक्रिया लगायतका कर्मचारी व्यवस्थापन कार्य व्यवस्थित रूपमा अगाडि बढेको छ। प्रदेश निजामती सेवा ऐन बनिनसकेको कारण कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७७ स्वीकृत गरी कर्मचारीहरूको सरूवा तथा काजलाई व्यवस्थित गरिएको छ। पदाधिकारी तथा कर्मचारीहरूलाई सेवा प्रवेश, सेवाकालीन तथा क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न किसिमका तालिमहरू प्रदान गर्न बाँकेको नेपालगञ्जमा प्रदेश प्रशिक्षण प्रतिष्ठानसमेत स्थापना भइ प्रतिष्ठानबाट विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्ने कामको सुरूवात भइसकेको छ।

## २१. संगठन संरचनाको विस्तार

सेवा प्रवाहलाई सरल र सहज बनाउन आवश्यकताबमोजिम अस्थायी कार्यालयहरू समेत स्थापना भएका छन्। प्रदेश मातहत स्थापना कालमा १४८ वटा कार्यालयहरू रहेकोमा सो सङ्ख्या १७३ पुगेको र उक्त कार्यालयहरूमार्फत् सेवाप्रवाह कार्यलाई अगाडि बढाइएको छ।

## २२. समन्वय, सहकार्य र सहअस्तित्वमा जोड

सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहहरूसँगको समन्वय र अन्तरसम्बन्धलाई प्रभावकारी बनाइएको छ। प्रदेशको अधिकार प्रयोगमा देखिएका अप्ठ्यारा तथा समस्याहरूलाई अन्तरप्रदेश परिषद् र राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गरी सम्बन्धित निकायहरूको प्रयाप्त ध्यानाकर्षण गरिएको छ। स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद्का चार वटा बैठकहरू सम्पन्न गरिएका छन्। उक्त बैठकबाट भएका निर्णयहरूलाई कार्यान्वयन गरी प्रदेश र स्थानीय तहहरूबिच सुमधुर सम्बन्ध कायम गरिएको छ।

## २३. विकास साझेदारहरू एवम् मित्रराष्ट्रका प्रतिनिधिमण्डलसँग उच्चस्तरीय भेटघाट र छलफल

माननीय मुख्यमन्त्री एवम् प्रदेश सरकारका विभिन्न प्रतिनिधि मण्डलको संयोजनमा विभिन्न विकास साझेदारहरूका प्रतिनिधिहरू एवम् विभिन्न मित्रराष्ट्रका राजदूतहरूसँग समय समयमा विभिन्न भेटघाट गरी प्रदेशको विकास, विदेशी लगानी आपसी साझेदारी र सहयोग लगायतका विषयहरूमा छलफल भएका छन्। साथै विभिन्न  शिक्षा, स्वास्थ्य, शासकीय

सुधार, भौतिक पूर्वाधारजस्ता क्षेत्रमा DFID, ADB, World Bank, चिनियाँ प्रतिनिधिहरू लगायतसँग छलफल भएको छ। साथै माननीय मुख्यमन्त्रीज्यूको प्रतिनिधि मण्डलले मित्रराष्ट्र चीनको भ्रमण गरेको छ। यस अवधिमा यस प्रदेश र मित्र राष्ट्र चीनको गान्सु प्रान्त र सिचुवान प्रान्तसँग भगिनी सम्बन्ध कायम भएको छ। साथै प्रदेशका विभिन्न स्थानीय तहहरूले विभिन्न राष्ट्रका सहरहरूसँग भगिनी सम्बन्ध कायम गरी आपसी हित र चासोका विषयहरूलाई अगाडि बढाएका छन्।

## २४. कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार

नेपाल सरकारको नीति, निर्णय र अन्तर्राष्ट्रिय मापदण्डबमोजिम प्रदेश सरकारले कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि कोष स्थापना एवम् परिचालन, क्वारेन्टाइन र आइसोलेसन तथा कोरोना अस्पताल स्थापना गरी कोभिड-१९ महामारी बिरूद्धको अभियान प्रभावकारी रूपमा सञ्चालन गरेको छ। माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा कोरोना सङ्कट व्यवस्थापन केन्द्रको (CCMC) गठन गरिएको छ। कोभिड नियन्त्रण र रोकथाम र उपचारको लागि बुटवल, भैरहवा, दाङ र नेपालगञ्जमा ४ वटा कोरोना विशेष अस्पताल र ४ वटा प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

## २५. परियोजना बैंकको सुरूवात

योजनामा आधारित रहेर प्रदेशको विकास गर्दै प्रदेशको समृद्धि र जनताको खुसी हासिल गर्नका लागि रूपान्तरणकारी तथा प्रतिफलमुखी आयोजनाहरू छनौट गरी कार्यान्वयन गर्दै लैजानुपर्ने र प्रदेशको विकासमा सार्वजनिक निजी साझेदारीलाई आत्मसात गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै परियोजना बैंकको अवधारणालाई आत्मसात गरिएको छ। प्रदेश योजना आयोगको नेतृत्वमा २० वटा परियोजनाहरूको अवधारणा र पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने सिलसिलामा हालसम्म कृषि, उद्योग, पर्यटन र पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न १४ वटा परियोजनाहरूको अवधारणा र पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भइसकेका छन्।

**(आ.व. ०७६/०७७)**

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | शालिग्राम संग्रहालय तथा शुशोभन केन्द्र, गुल्मी | 2076/77-001-R0 |
| २ | उखु जुस उद्योग, कपिलवस्तु | 2076/77-002-R0 |
| ३ | कपिल कागज कारखाना, कपिलवस्तु | 2076/77-003-R0 |
| ४ | प्लाष्टिकबाट इन्धन उद्योग, रुपन्देही | 2076/77-004-R0 |
| ५ | लुम्बिनी अस्पतालको जग्गामा व्यापारिक कम्प्लेक्स | 2076/77-005-R0 |

स्रोत: प्रदेश योजना आयोग

(आ.व. ०७७/०७८)

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | चिउरी प्रशोधन लघु उद्योग | 2076/77-006-R0 |
| २ | बुटवल-गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग | 2076/77-007-R0 |
| ३ | अण्डा सहकारी, रुपन्देही | 2076/77-008-R0 |
| ४ | प्रशोधित दाउरा उद्योग, भालुवाङ | 2076/77-009-R0 |
| ५ | लेते पहिरो, गुल्मी: अवस्था र रोकथामका उपाय | 2076/77-010-R0 |
| ६ | रुकुम पूर्व स्याउ परियोजना | 2076/77-011-R0 |
| ७ | कपिल अन्तराष्ट्रिय सम्मेलन केन्द्र,शखुनिया ताल | 2076/77-012-R0 |
| ८ | सिद्धबाबा कृत्रिम पठार परियोजना | 2076/77-013-R0 |
| ९ | बुल्म एकिकृत वस्ति विकास परियोजना | 2076/77-014-R0 |

स्रोत: प्रदेश योजना आयोग

## २६. प्रदेश रोजगार पोर्टलको सुरूवात

कम्तिमा ५० हजार जना नागरिकलाई प्रदेशमा उपलब्ध रोजगारीमा आवद्ध गरी एकद्वार सूचना प्रणालीको विकास गर्ने उद्देश्यसहित (सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोगमा) लुम्बिनी प्रदेश रोजगार पोर्टल तयार भई मिति २०७७ कार्तिक २८ गते औपचारिक सुरूवात भएको छ।



## २७. स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रम

स्थानीय तहका न्यायिकसमितिका सदस्यहरूलाई न्यायिक क्षमता अभिवृद्धिको लागि प्रदेश सरकारका विभिन्न निकायहरूद्वारा प्रशिक्षण तथा अन्तरक्रिया गरिएको छ। स्थानीय तहको कानुन निर्माण प्रक्रिया, सभा सञ्चालन, मानवअधिकारको प्रर्वद्धन जस्ता विषयमा अभिमुखीकरण तथा अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएका छन्।

## २८. प्रदेशको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालनः-

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, मन्त्रिपरिषद्का निर्णयहरू कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। प्रदेश सरकारको कार्य विभाजन नियमावली एवम् कार्यसम्पादन नियमावली बमोजिम मन्त्रिपरिषद् तथा मन्त्रालयका कार्यहरू सञ्चालन एवम् निर्देशित छन्। हालसम्म प्रदेश सरकार (मन्त्रिपरिषद्)का ८७ वटा बैठकहरू सम्पन्न भएका छन्। प्रदेशको काम, कारवाही र सेवाप्रवाहलाई प्रभावकारी बनाउन तथा उत्पन्न समस्यालाई समाधान गर्न प्रत्येक महिनाको १ र १५ गते नियमित रूपमा सचिव बैठक बस्ने प्रचलन स्थापित भएको छ। हालसम्म ८५ वटा सचिव बैठक सम्पन्न भएका छन्।




## २९. सुशासन तथा भष्ट्राचार नियन्त्रण र शासकीय सुधार

सुशासन तथा भष्ट्राचार नियन्त्रण र शासकीय सुधारलाई यस प्रदेशले प्राथमिकतामा राखेको छ। प्रदेशको सुशासनसम्बन्धी ऐन र नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। प्रदेशको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन अनुगमन तथा

मूल्याङ्कन दिग्दर्शन, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। प्रदेश सरकार र मातहतका निकायहरूको आर्थिक प्रशासनलाई व्यवस्थित, नियमित, मितव्ययी, प्रभावकारी, पारदर्शी बनाउन सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

## ३०. प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालन

प्रदेश तथा स्थानीय तहको क्षमता विकासको लागि नेपाल सरकार र प्रदेशको सहकार्यमा Provincial and Local Governance Support Programme (PLGSP) कार्यक्रमको सुरूवात भएको छ। यसका लागि माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा Provincial Coordination Committee गठन भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवलाई यस कार्यक्रमको कार्यक्रम निर्देशक तोकिएको छ।

परिच्छेद-एक

# लुम्बिनी प्रदेशको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानअनुसार लुम्बिनी प्रदेशमा संविधानको अनुसूची -४ बमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वी भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया गरी बाह्र जिल्लाहरू रहेका छन्। बाह्र जिल्लामध्ये हिमालमा १ जिल्ला, पहाडमा ५ जिल्ला र तराईमा ६ जिल्ला रहेका छन्। लुम्बिनी प्रदेश उत्तरमा रूकुम पूर्वको पुथा हिमालदेखि दक्षिणमा रूपन्देहीको मर्चवारसम्म, पूर्वमा पाल्पाको रामपुरदेखि पश्चिममा बर्दियाको राजापुरसम्म फैलिएको छ। प्रदेशको आफ्नै मौलिक विशषेता हुनुका साथै शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, तिलौराकोट तथा थुप्रै बुद्धकालीन ऐतिहासिक र सांस्कृतिक महत्त्वका सम्पदाहरू, एसियाकै ठुलो दाङ उपत्यका लगायत राष्ट्रिय स्तरका धार्मिक एवम् पर्यटकीय स्थलहरू यस प्रदेशमा पर्दछन्।

## १.२ प्रदेशको भौगोलिक अवस्था

लुम्बिनी प्रदेश २७°२२' देखि २९° उत्तरी अक्षांस र ८१°२१' देखि ८४°२' पूर्वी देशान्तरसम्म फैलिएको छ। तराइको समथर जमिनदेखि ७,२४६ मिटर उँचाइ भएको पुथा हिमालसम्म प्रदेश फैलिएको छ। प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर छ, जुन नेपालको कुल क्षेत्रफलको १५.१४ प्रतिशत हुन आउँछ। राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रबाहेक यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी. रहेको छ।

**प्रदेशको भौगोलिक अवस्था**



प्रदेशका १२ जिल्लामध्ये दाङको क्षेत्रफल सबैभन्दा बढी (१७.२ प्रतिशत) रहेको छ भने त्यसपछिका ठुला जिल्ला बाँके र रोल्पा हुन्। त्यसैगरी सबैभन्दा सानो जिल्लाको रूपमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रहेको छ। क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो स्थानीय तह बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका रहेको छ भने सबैभन्दा सानो रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका रहेको छ। प्रदेशको ३.१ प्रतिशत भूभाग उच्च हिमाल, ९.१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्यम पहाड, २७.९ प्रतिशत शिवालिक र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ।

## १.३ राजनैतिक तथा प्रशासनिक विभाजन

लुम्बिनी प्रदेशका १२ जिल्लामा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरू रहेका छन् जस अन्तर्गत ९८३ वटा वडाहरू छन्। स्थानीय तहको सङ्ख्याको हिसाबले सात प्रदेशमध्ये चौथो स्थानमा पर्दछ। रूपन्देही जिल्लामा सबैभन्दा बढी १६ वटा स्थानीय तहका १५५ वटा वडाहरू छन् भने सबैभन्दा कम रूकुम पूर्वमा ३ वटा स्थानीय तहका ३१ वटा वडाहरू रहेका छन्। जिल्लागत रूपमा स्थानीय तहहरूको विवरण देहाय बमोजिम छ :

**जिल्लागत रूपमा स्थानीय तहको विवरण**

| क्र.सं. | जिल्ला | गाउँपालिका | नगरपालिका | उपमहानगरपालिका | वडा सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ४ | ३ | | ७४ |
| २. | रूपन्देही | १० | ५ | १ | १५५ |
| ३. | कपिलवस्तु | ४ | ६ | | ९६ |
| ४. | पाल्पा | ८ | २ | | ८१ |
| ५. | अर्घाखाँची | ३ | ३ | | ६१ |
| ६. | गुल्मी | १० | २ | | ९३ |
| ७. | रूकुम (पूर्व) | ३ | | | ३१ |
| ८. | रोल्पा | ९ | १ | | ७२ |
| ९. | प्युठान | ७ | २ | | ६४ |
| १०. | दाङ | ७ | १ | २ | १०० |
| ११. | बाँके | ६ | १ | १ | ८१ |
| १२. | बर्दिया | २ | ६ | | ७५ |
| | जम्मा | ७३ | ३२ | ४ | ९८३ |

## १.४ जनसङ्ख्या

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस प्रदेशमा ८,८४,७५७ घरपरिवार सङ्ख्या र कुल जनसङ्ख्या ४४ लाख ९९ हजार २७२ रहेको छ। यस प्रदेशको औसत जनसङ्ख्या वृद्धिदर १.३७ प्रतिशत रहेको छ जुन नेपालको औसत जनसङ्ख्या वृद्धिदरभन्दा ०.२ प्रतिशतले बढी रहेको छ। जिल्लागत रूपमा रूपन्देहीमा यस प्रदेशका १९.६ प्रतिशत मानिसहरू बसोबास गर्दछन्। त्यसपछि क्रमशः कपिलवस्तुमा १२.८ प्रतिशत, दाङमा १२.३ प्रतिशत र बाँकेमा १०.९ प्रतिशत मानिस बसोबास गर्दछन्। बाँकी अन्य जिल्लामा प्रत्येकमा प्रदेशको कुल जनसङ्ख्याको १० प्रतिशतभन्दा कम मानिस बसोबास गरेका छन्। प्रदेशको जनघनत्व २५२.६ जना प्रति वर्ग कि.मी. रहेको छ जुन नेपालको औसत जनघनत्व प्रति वर्ग कि.मी. १८० जनाभन्दा बढी हो।प्रदेशको कुल जनसङ्ख्यामध्ये ५२ प्रतिशत नगरपालिकामा र बाँकी ४८ प्रतिशत गाउँपालिकामा बसोवास गर्दछन्। त्यसैगरी प्रदेशको कुल जनसङ्ख्याको ७२ प्रतिशत तराई र बाँकी २८ प्रतिशत हिमाल र पहाडमा बसोबास गर्दछन्। यस प्रदेशमा परिवारको औसत आकार ५.०८ रहेको छ भने लैङ्गिक अनुपात ९०.७ रहेको छ।

## १.५ आर्थिक अवस्था

### कृषि

लुम्बिनी प्रदेशमा कृषि प्रमुख आर्थिक गतिविधिको क्षेत्रको रूपमा रहेको छ। यहाँ प्रमुख खाद्यान्न बालीको रूपमा धान, मकै, गहुँ, कोदो, फापर र जौं उत्पादन हुने गर्दछ। समग्रमा खाद्यान्न बचत हुने प्रदेशको रूपमा रहे पनि खाद्यान्नको पहुँच समान छैन। यस प्रदेशमा आर्थिक वर्ष २०७५।७६ मा ११,८८,६७५ मे. टन धान, ३,६९,८९८ मे.टन मकै, ४,९६,११७ मे.टन गहुँ, १०,८६९ मे.टन कोदो र ३,३५६ मे.टन जौं उत्पादन भएको थियो। बढी धान उत्पादन गर्ने हिसाबले प्रदेशहरूको तुलना गर्दा यो प्रदेश तेस्रो स्थानमा रहेको छ भने मकै उत्पादनमा चौथो स्थानमा रहेको छ। त्यसैगरी गहुँ उत्पादनमा यो प्रदेश दोस्रो र कोदो उत्पादनमा छैठौं स्थानमा पर्दछ। यस प्रदेशमा आर्थिक वर्ष २०७५।७६ मा ६४,८११ मे.टन तेलहन र ३,५६,९१२ मे.टन आलु उत्पादन भएको थियो। प्रदेशहरूबिच तुलना गर्दा तेलहन बाली उत्पादनमा यो प्रदेश पहिलो र आलु उत्पादनमा चौथो स्थानमा पर्दछ। आ.व. २०७५/७६ मा दलहन बाली उत्पादन जम्मा ७३,८७८ मे.टन रहेको थियो।

कफी खेतीका लागि राष्ट्रिय रूपमा प्रख्यात गुल्मी जिल्लाका अतिरिक्त अर्घाखाँची, पाल्पा र प्युठानमा पनि कफी उत्पादन हुने गरेको छ। आर्थिक वर्ष २०७५।७६ मा अर्घाखाँची, गुल्मी, पाल्पा र प्युठानमा क्रमशः २२६, २०८, २६४ र २५८ कि.ग्रा. प्रति हेक्टर कफी उत्पादन

भएको थियो। त्यसैगरी दुध उत्पादन ३,९०,०८२ मे.टन, मासु उत्पादन ६६,४३७ मे.टन र अण्डा १,८९,८०८ हजार गोटा उत्पादन भएको थियो। कपास उत्पादन हुने यस प्रदेशका दुई जिल्लाहरू बाँके र दाङमा आ.व. २०७५/७६ मा ९२ मे.ट. कपास उत्पादन भएको थियो। आर्थिक वर्ष २०७४।७५ मा प्रदेशभर ११,७७७.७३९ मे.टन माछा उत्पादन भएको देखिन्छ।

## उद्योग

औद्योगिक गणना, २०६८ अनुसार यस प्रदेशमा १० जनाभन्दा बढी व्यक्तिलाई रोजगारी दिएका करिब ९०० जति उद्योग रहेका छन्। उद्योगको सङ्ख्याका हिसावले प्रदेशगत तुलनागर्दा यो प्रदेश दोस्रो स्थानमा देखिन्छ। जिल्लागत हिसाबले रूपन्देही जिल्लामा ठुला उद्योगको सङ्ख्या धेरै रहेको छ त्यसपछि क्रमशः बाँके, कपिलवस्तु, दाङ, बर्दिया, नवलपरासी, र पाल्पामा धेरै उद्योगहरू सञ्चालनमा रहेका छन्। करिब ४५ हजार मानिसहरूलाई ठुला उद्योगले रोजगार प्रदान गरेको देखिन्छ। यस प्रदेशमा एक दर्जनभन्दा बढी सिमेन्ट उद्योगहरू सञ्चालनमा रहेका छन्।

यस प्रदेशमा दुईवटा औद्योगिक क्षेत्र स्थापना गरिएका छन्।बाँके जिल्लाको नेपालगन्जमा ११.९ हेक्टर (२३३.९ रोपनी) क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा २८ वटा उद्योग सञ्चालनमा रहेका छन् भने २ वटा निर्माणाधीन अवस्थामा छन्। त्यस्तै, २२.१ हेक्टर (४३४ रोपनी ) क्षेत्रफलमा फैलिएको बुटवल औद्योगिक क्षेत्रमा ६४ वटा उद्योग सञ्चालनमा रहेका छन्। रूपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माणाधीन अवस्थामा रहेका छन्।

केन्द्रीय तथ्याङ्क विभागले २०७५ जेष्ठमा गरेको राष्ट्रिय आर्थिक गणनाको प्रतिवेदनअनुसार यस प्रदेशमा १,४७,७८९ वटा व्यावसायिक प्रतिष्ठान सञ्चालनमा रहेका छन् जहाँ ४,७४,२६४ जना जनशक्ति संलग्न रहेका छन्। क्षेत्रगत रूपमा हेर्दा कृषि, वन तथा माछापालन व्यवसायमा ४,०८७, खानी तथा उत्खनन ८८, औद्योगिक उत्पादन १६,१७०, थोक तथा खुद्रा व्यापार, मोटरगाडी, मोटरसाईकल मर्मत ८३,६७२, आवास सुविधा तथा खाना व्यवस्था १८,७१५, वित्तीय तथा विमा २,३८२, शिक्षा ६,१११ र मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापमा २,९४४ वटा प्रतिष्ठानहरू स्थापना गरिएका छन्।

प्रदेशको तराई र पहाडी जिल्लामा विभिन्न किसिमका प्राकृतिक सम्पदाको रूपमा खानी तथा खनिजजन्य पदार्थ रहेका छन् जसको पूर्ण उत्खनन र प्रयोग हुन सकेको छैन। यस प्रदेशमा चुनढुङ्गा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिंक, रोडाढुङ्गा उपलब्ध छन्। दाङमा आधा दर्जन जति कोइला उद्योग सञ्चालनमा छन्। यस प्रदेशमा सिमेन्ट उद्योग खुल्ने क्रम बढ्दो रूपमा देखिन्छ। आर्थिक वर्ष २०७४।७५ सम्ममा उत्खनन कार्यका लागि ३३ वटा लाइसेन्स

जारी भएका छन् भने ८६ व्यक्ति तथा संस्थाहरूले विभिन्न खानीहरूको खोजतलास कार्यका लागि लाइसेन्स लिएका छन्।

## पर्यटन

प्रदेशको महत्त्वपूर्ण आर्थिक उपार्जन तथा रोजगारीको क्षेत्रको रूपमा पर्यटन क्षेत्र रहेको छ। खासगरी धार्मिक पर्यटकीय स्थलहरूको बाहुल्यता रहेको यस प्रदेशमा बाह्य पर्यटकका लागि गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुख्य आकर्षणको रूपमा रहेको छ। मानसरोवर यात्राका लागि जाने भारतीय पर्यटकहरूका लागि नेपालगन्ज मुख्य प्रवेशद्वारको रूपमा रहेको छ। सन् २०१८ मा १५ लाख १७ हजार १ सय ४५ जना, सन् २०१९ मा १७ लाख ७९ हजार ८६ जनाले लुम्बिनी भ्रमण गरेको देखिन्छ। सन् २०१९ मा लुम्बिनी भ्रमण गर्नेमा ७९% नेपाली, ११% भारतीय बाँकी १०% अन्य मुलुकका नागरिक रहेका थिए। त्यसैगरी प्युठानको स्वर्गद्वारी, गुल्मीको रेसुङ्गा, अर्घाखाँचीको सुपादेउराली, पाल्पाको श्रीनगर, रानीमहललगायतका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्थलहरू आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएका छन्।

## वित्तीय संस्था

प्रदेशमा २०७६ फागुन महिनासम्ममा वाणिज्य बैंकको सङ्ख्या ६१४, विकास बैंकको सङ्ख्या ३०७ र वित्त कम्पनीहरूको सङ्ख्या ३४ र लघुवित्तको सङ्ख्या ९०० गरी जम्मा १८५५ वटा वित्तिय संस्थाहरूले आफ्नो सेवा सञ्चालन गरेका छन्। औसतमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूको एक शाखाले २,७११ जनालाई बैकिङ्ग सेवा पुऱ्याएको स्थिति छ जुन राष्ट्रिय औसत (३,०७२) भन्दा कम हो।

## आ.व.२०७६/७७ को प्रादेशिक कुल ग्राहस्थ उत्पादन

लुम्बिनी प्रदेशले आ.व.२०७५/७६ मा राष्ट्रिय तहमा कुल ग्राहस्थ उत्पादनको १४.१८% हिस्सा ओगटेको थियो भने चालु आ.व.२०७७/७८ मा पनि १४.१८% नै योगदान पुऱ्याउने अनुमान गरिएको छ। यसैगरी आ.व.२०७५/७६ मा कुल ग्राहस्थ उत्पादनको बृद्धिदर ६.७८% थियो भने चालु आ.व. २०७७/७८ मा गिरावट आई २.०% मा सङ्कुचन हुने अनुमान छ। प्रदेशको कुल ग्राहस्थ उत्पादनमा सबैभन्दा बढी ३३.८६% योगदान कृषि क्षेत्रको छ भने सबैभन्दा कम ०.६२% योगदान खानी तथा उत्खनन क्षेत्रको रहेको छ।

**सहकारी**

देहाय बमोजिमका सहकारीहरू लुम्बिनी प्रदेश अन्तरगत रहेका छन्:

| सहकारीको किसिम | सङ्ख्या |
|---|---|
| बहुउद्देश्यीय | १६२ |
| विशिष्टीकृत | १ |
| वचत तथा ऋण | २३३ |
| कृषि | १३२ |
| दुग्ध | २८ |
| सूचना, संञ्चार | १३ |
| मत्स्य | १ |
| जडीबुटी | ५ |
| स्वास्थ्य | ५ |
| औद्योगिक | २ |
| सामाजिक उद्यमी | ६ |
| सामाजिक विकास | १ |
| पशुपालन | १ |
| कुखुरापालन | १ |
| कफी | ३ |
| तरकारी | ३ |
| तरकारी तथा फलफूल | ३ |
| वन/वातावरण | २ |
| शीतभण्डार | २ |
| उपभोक्ता | १० |
| लघुउद्यमी | ३ |
| शिक्षा | ३ |
| माहुरी | ४ |
| विद्युत | ६ |
| अदुवाउत्पादन | ७ |
| गैह्र काष्ठ वन्य स्रोत व्यवस्थापन | १ |

| सहकारीको किसिम | सङ्ख्या |
|---|---|
| जिल्ला सङ्घ/विषयगत सङ्घ | ४४ |
| प्रदेश सङ्घ/विषयगत सङ्घ | ३ |
| अन्य | १० |
| **जम्मा** | **६९५** |

स्रोत: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

- मन्त्रालय स्थापना भएदेखि हालसम्मा दर्ता गरिएका सहकारीहरूको सङ्ख्या-१३
- हालसम्म मन्त्रालयबाट एकीकरण गरिएका सहकारीहरूको सङ्ख्या-९

## १.६ सामाजिक अवस्था

### शिक्षा

लुम्बिनी प्रदेशको ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको समग्र साक्षरता दर ६६.४३ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ६५.९४ प्रतिशतभन्दा सीमान्त रूपले मात्र बढी छ। प्रदेशमा ७५.५० प्रतिशत पुरूष र ५८.३३ प्रतिशत महिला साक्षर रहेका छन्। बाँके र कपिलवस्तु जिल्लाबाहेक अन्य दश जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको छ।

विद्यालयको प्रकृतिअनुसार प्रदेशमा सामूदायिक विद्यालय ४ हजार ५८५ वटा र संस्थागत विद्यालय १ हजार १२२ वटा गरी जम्मा ५ हजार ७०७ वटा विद्यालय सञ्चालनामा रहेका छन् भने २ वटा विश्वविद्यालय र ४ वटा मेडिकल कलेजहरू सञ्चालनमा रहेका छन्। प्रदेशमा रहेका विद्यालयको तहगत विवरण तथा खुद विद्यार्थी भर्नादर देहायका तालिकामा प्रस्तुत गरिएको छः

**लुम्बिनी प्रदेशमा रहेका विद्यालयको तहगत विवरण, २०७६**

| सि.नं. | विद्यालयको तह | विद्यालयको सङ्ख्या |
|---|---|---|
| १ | आधारभूत १-५ | ५६६० |
| २ | आधारभूत ६-८ | २६५५ |
| ३ | आधारभूत १-८ | ५६८० |
| ४ | माध्यमिक ९-१० | १६२४ |
| ५ | माध्यमिक ११-१२ | ६४४ |
| ६ | माध्यमिक ९-१२ | १६५१ |
| ७ | जम्मा विद्यालय | ५७०७ |

स्रोतः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश

### प्रदेशमा विद्यालयको तह र खुद विद्यार्थी भर्नादर, २०७६

| सि.नं. | विद्यालयको तह | खुद विद्यार्थी भर्नादर |
|---|---|---|
| १ | आधारभूत १-५ | ९७.१ |
| २ | आधारभूत ६-८ | ९०.५ |
| ३ | आधारभूत १-८ | ९३.८ |
| ४ | माध्यमिक ९-१० | ६५.८ |
| ५ | माध्यमिक ११-१२ | २३.८ |
| ६ | माध्यमिक ९-१२ | ४४.८ |

स्रोतः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश

## स्वास्थ्य

आ.व. २०७५/७६ मा लुम्बिनी प्रदेशका जनताको जन्मदाको अपेक्षित औसत आयु ६८.८ वर्ष रहेको छ जुन राष्ट्रिय औसत ६९.७ वर्षभन्दा केही कम हो। प्रदेशको औसत ५ वर्षभन्दा कम उमेरको बाल मृत्युदर ४५ प्रति हजार रहेको छ। दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको प्रतिशत ५९.४ पाइएको छ। जुन राष्ट्रिय औसत ५७.४ प्रतिशत भन्दा केही बढी भएपनि अझै ठुलो सङ्ख्यामा गर्भवती महिलाहरू सुत्केरी हुने समयमा दक्ष स्वास्थ्यकर्मीको पहुँचबाट टाढा रहेको देखिन्छ। लुम्बिनी प्रदेशको स्वास्थ्य सूचकहरू तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूलाई देहायका तालिकामा प्रस्तुत गरिएको छः-

### लुम्बिनी प्रदेशका प्रमुख स्वास्थ्य सूचकहरू

| सि.नं. | सूचकको विवरण | उपलब्धि | | |
|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| १ | पूर्ण खोप प्राप्त बालबालिकाहरू | ७९ % | ८४ % | ८० % |
| २ | कम तौल भएका बालबालिकाहरू | ११ % | ९ % | ११ % |
| ३ | गर्भावस्थामा पुरा मात्रामा आइरन चक्की खाने महिलाहरू | ५७ % | ६१ % | ५३ % |
| ४ | गर्भवती महिलाले पुरा खोप पाएको | ७१ % | ७३ % | ६४ % |
| ५ | स्वास्थ्य प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउने महिलाहरू | ६१ % | ६५ % | ६१ % |
| ६ | स्वास्थ्य संस्थामा डेलीभरी गराउने महिलाहरू | ७५ % | ७९ % | ८१ % |

| सि.नं. | सूचकको विवरण | उपलब्धि | | |
|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| ७ | परिवार नियोजनको साधन प्रयोग दर | ४१ % | ४३ % | ३७ % |
| ८ | प्रति १ लाख जनसङ्ख्यामा क्षयरोगीको सङ्ख्या | १३६ जना | ११८ जना | ११२ जना |
| ९ | नयाँ एच.आई.भी. पोजिटिभ बिरामी | ५२६ जना | ४१७ जना | ४७० जना |
| १० | बहिरङ्ग सेवा पुगेको जनसङ्ख्या | ७३ % | ८१ % | ८७ % |

स्रोतः स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेश

## प्रदेशभित्र स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरूको विवरण

| सि.नं. | सेवा प्रवाह गर्ने निकाय | सङ्ख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | २० |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | ३० |
| ३ | स्वास्थ्य चौकी | ५७० |
| ४ | आधारभूत स्वास्थ्य सेवाकेन्द्र | १५ |
| ५ | सहरी स्वास्थ्य केन्द्र | ९७ |
| ६ | सामूदायिक स्वास्थ्य इकाइ | ६६ |
| ७ | गाउँघर क्लिनिक | १९४२ |
| ८ | खोप क्लिनिक | २७०४ |
| ९ | सामूदायिक महिला स्वास्थ्य स्वयम्सेविका | ८९९४ |
| १० | बर्थिङ सेन्टर | ३६३ |
| ११ | पोषण पुनर्स्थापना गृह | २ |
| १२ | आधारभूत अस्पताल (५ देखि १५ शैय्या) (अस्पताल भवन निर्माण सुरू हुने क्रममा रहेको) | ५७ |

स्रोतः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश

## लैङ्गिक समानता र महिला सशक्तीकरण

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ का अनुसार लुम्बिनी प्रदेशमा १५ देखि ४९ वर्षका ५२ प्रतिशत महिलाले मात्र आफ्नो कमाई आफैले खर्च गर्ने निर्णय गर्न सक्छन्। ७५ प्रतिशत महिलाको आम्दानी श्रीमान्को भन्दा कम रहेको छ। उक्त उमेर समूहका महिलामध्ये ५.६ प्रतिशतसँग आफ्नै स्वामित्वमा घर छ भने ९.४ प्रतिशतसँग जग्गाको स्वामित्व रहेको छ।

राष्ट्रियस्तरमा यो प्रतिशत क्रमशः ६.७ र १० रहेको देखिन्छ। राष्ट्रिय स्तरमा ४०.५ प्रतिशत महिलाको बैंक तथा वित्तीय संस्थामा आफ्नो खाता रहेकोमा यस प्रदेशमा ३८.७ प्रतिशत महिलाहरूको आफ्नै बैंक खाता रहेको छ। त्यस्तै राष्ट्रिय स्तरमा ७२.६ प्रतिशत महिलासँग आफ्नै मोबाइल फोन रहेकोमा यस प्रदेशमा ६९.७ प्रतिशत महिलासँग मात्र आफ्नै मोबाइल फोन रहेको देखिन्छ। स्वास्थ्य उपचार, घरायसी किनबेच र आफन्तसँग भेटघाटसम्बन्धी निर्णय गर्नसक्ने महिलाको हिस्सा यस प्रदेशमा ३१.१ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ३७.७ प्रतिशतभन्दा कम रहेको छ। यी तथ्याङ्कलाई केलाउँदा राष्ट्रियस्तरको तुलनामा यस प्रदेशमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको अवस्था केही कमजोर रहेको देखिन्छ।

### १५-४९ वर्ष उमेर समूहका महिलाहरूले भोग्नुपरेका हिंसाको विवरण

| क्र.सं. | विवरण | नेपाल | लुम्बिनी प्रदेश |
|---|---|---|---|
| १. | शारिरिक हिंसा भोगेका महिलाको प्रतिशत | २१.८ | २२.६ |
| २. | गर्भवती हुदा हिंसा भोगेका महिलाको प्रतिशत | ५.८ | ६ |
| ३. | यौनजन्य हिंसा भोगेका महिलाको प्रतिशत | ६.९ | ८.३ |
| ४. | पछिल्लो १ वर्ष भित्र यौनजन्यहिंसा भोगेका महिलाको प्रतिशत | ३.३ | ५.३ |
| ५. | हिंसा भोगेर पनि कसैलाई नबताउने वा कसैको सहयोग नलिने महिलाको प्रतिशत | ६६.४ | ७०.४ |

स्रोतः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ का अनुसार यस प्रदेशमा १५ देखि १९ वर्षका १३.४ प्रतिशत किशोरीहरूले बच्चा जन्माइसकेका वा पहिलोपटक गर्भवती भैसकेका हुने पाइएको छ, जुन राष्ट्रिय औसत १६.७ प्रतिशतभन्दा कम रहेको छ। त्यस्तै, पहिलो विवाह गर्दाको महिलाको सरदर उमेर यस प्रदेशमा १८.१ वर्ष रहेको छ जुन राष्ट्रिय औसत २१.७ वर्षभन्दा कम हो भने पहिलो बच्चा जन्माउँदाको महिलाको सरदर उमेर २०.३ वर्ष रहेको अवस्था छ।

## १.७ आय, गरिबी र मानव विकास

लुम्बिनी प्रदेशका जनताको औसत प्रतिव्यक्ति आय आ.व. २०७५/७६ मा ८०३ अमेरिकी डलर रहेको छ जुन राष्ट्रिय औसत १०४७ अमेरिकी डलरभन्दा उल्लेख्य कम हो। प्रदेशहरूबिच तुलना गर्दा प्रतिव्यक्ति आय बढी हुने प्रदेशहरूमा लुम्बिनी प्रदेश चौथो स्थानमा रहेको छ।

राष्ट्रिय योजना आयोगको पछिल्लो तथ्याङ्क अनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको अनुपात २९.९२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत २८. ६२ प्रतिशतभन्दा बढी हो। त्यसैगरी यस प्रदेशको बहुआयामिक गरिबीको सूचक (MPI) ०.१३३ रहेको छ जुन राष्ट्रिय औसत ०.१२७ भन्दा केही बढी देखिन्छ। यस प्रदेशमा १५ लाख जति मानिस बहुआयामिक गरिबीको मारमा रहेको देखिन्छ। प्रदेशगत तुलनागर्दा बहुआयामिक गरिबीमा यस प्रदेशको स्थान चौथोमा रहेको देखिन्छ।

नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार लुम्बिनी प्रदेशको मानव विकास सूचकाङ्क ०.५६३ पुगेको छ जुन राष्ट्रिय औसत ०.५८७ भन्दा कम हो। प्रदेशहरूबिच तुलना गर्दा यो प्रदेश मानब विकास सूचकाङ्कको हिसाबले चौथो स्थानमा रहेको देखिन्छ।

## १.८ भौतिक पूर्वाधार

### सडक तथा यातायात पूर्वाधार

प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) का अनुसार यस प्रदेशमा राष्ट्रिय र ग्रामीण गरी ११ हजार २३३ कि.मी. सडक निर्माण भएको छ। आर्थिक वर्ष २०७६/७७ को आर्थिक सर्वेक्षणअनुसार यहाँ ८ हजार ९३१ कि.मी. स्थानीय सडक छ। जसमध्ये ५ हजार २९३ कि.मी. धुले/कच्ची सडक,२ हजार ७९३ कि.मी. ग्राभेल र ८४५ कि.मी. कालोपत्रे सडक रहेको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रतिवेदनअनुसार प्रदेश स्थापनाकालदेखि चालु आ.व.२०७७/७८ को प्रथम चौमासिक अवधिसम्म सडकको नयाँ ट्र्याक निर्माण २६३.६८ कि.मी., सडक विस्तार ८८७ कि.मी., ग्राभेल सडक ४७९.४९ कि.मी., कालो पत्रे आंशिक २१४.४६ कि.मी. र कालो पत्रे सम्पन्न ४०१.२५ कि.मी. भएको देखिन्छ। त्यसैगरी पुल निर्माणतर्फ सडक पुल निर्माण २४ वटा र झोलुङ्गे पुल ९ वटा भएको देखिन्छ।

हवाई यातायातको लागि यस प्रदेशको भैरहवा, नेपालगन्ज, दाङ र गुल्मी गरी जम्मा ४ वटा विमानस्थल रहेका छन्। भैरहवास्थित गौतम बुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको बनाउने काम भैरहेको छ। कर्णाली प्रदेशका विभिन्न जिल्लामा जाने मुख्य केन्द्रको रूपमा नेपालगन्ज विमानस्थल रहने गरेको छ। खासगरी, मानसरोवर यात्राको लागि नेपालगन्ज प्रमुख केन्द्रको रूपमा रहेको छ। दाङको तुलसीपुरमा रहेको विमानस्थल पनि पछिल्लो समय पुनः सञ्चालनमा आएको छ भने गुल्मीको विमानस्थल निर्माणाधीन अवस्थामा रहेको छ।




## जलविद्युत्

प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) अनुसार यस प्रदेशको नवलपरासी (ब.सु.प.) जिल्लामा १५ मे.वा., प्युठान जिल्लामा १२ मे.वा., पाल्पा जिल्लामा १.७५ मे.वा., गुल्मी जिल्लामा ७.४ मे.वा. लगायत अन्य केही आयोजनासमेत गरी जम्मा ३६.४५ मे.वा. जलविद्युत उत्पादन भएको छ। त्यसैगरी पाल्पामा १.७ मे.वा., गुल्मीमा १.७५ मे.वा., रोल्पामा ०.९६ मे.वा. र रूकुम पूर्वमा ५ मे.वा. गरी १५.९९ मे.वा क्षमताका जलविद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्। करिब ११३.९३ मे. वा. क्षमताका ९ वटा आयोजनाले सर्वेक्षण अनुमति प्राप्त गरेका छन्। यस प्रदेशमा करिब ३ हजार मे.वा. जलविद्युत उत्पादन गर्न सकिने प्रारम्भिक अनुमान रहेको छ। नेपाल सरकारको बास्केटमा गुल्मीमा ४ वटा, अर्घाखाँचीमा १ वटा र रोल्पामा ७ वटा गरी एक दर्जन साना आयोजनाहरूबाट करिब ५१ मे.वा. जलविद्युत उत्पादन गर्न सकिने अनुमान गरिएको छ।

वि.स.२०६८ को जनगणनाअनुसार यस प्रदेशका ६६.० प्रतिशत घरपरिवारमा मात्र बिजुली पुगेको छ। आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार आ.व.२०७५/७६ मा ८१.०३ % जनतामा विद्युतको न्युनतम् सुविधा पुगेको छ भने आ.व.२०७६/७७ को फागुनसम्म ८९.०७ % जनतामा विद्युत सेवा पुऱ्याइएको छ।

## सिँचाइ

प्रदेशको प्रथम आवधिक योजनाअनुसार यस प्रदेशको ५१ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ। ठुला सिँचाइ आयोजनाको रूपमा बर्दिया जिल्लामा ३६,००० हेक्टर जमीनमा सिँचाइ सेवा पुऱ्याउने उद्देश्यले बबई सिँचाइ आयोजना निर्माणको चरणमा छ। त्यस्तै, दाङ जिल्लाको देउखुरी उपत्यकाको ५,८०० हेक्टरमा सिँचाइ विस्तार गर्न प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, बाँकेको ४२,७६६ हेक्टर क्षेत्रमा सिँचाइ पुऱ्याउन सिक्टा सिँचाइ र बाँके र बर्दियाको गरी ६०,००० हेक्टर सिँचाइ सुविधा उपलब्ध गराउन भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणको चरणमा रहेको छ। यस प्रदेशमा साना ठुला गरी कुल ५४१ वटा सिँचाइ प्रणालीमार्फत् ३१६ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा उपलब्ध छ।

## खानेपानी तथा सरसफाइ

वि.सं. २०६८ सालको जनगणनाअनुसार नवलपरासी (ब.सु.प.), रूपन्देही, कपिलवस्तु, गुल्मी, बाँके र बर्दियामा ९० प्रतिशतभन्दा बढी घरधुरीमा खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ। सबैभन्दा कम दाङमा ६८.४ प्रतिशत घरधुरीमा, रूकुममा ७४.३ प्रतिशत र रोल्पामा ७७.८ प्रतिशत घरधूरीमा खानेपानी सुविधा पुगेको देखिन्छ। आ.व. २०७५/७६ सम्म यस प्रदेशमा ८९.८३% घरधुरीमा खानेपानीको सुविधा पुगेको छ। प्रदेश स्थापनाभएदेखि चालु आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिसम्म यस प्रदेशमा ६८ वटा खानेपानी आयोजना सम्पन्न भएका छन् जसअन्तरगत ३१ वटा सार्वजनिक र २८,८७९ वटा निजी धाराहरू जडान भएका छन्। यसबाट ३३,१७० घरधुरीका १,७६,२७१ जना लाभान्वित भएका छन्। तराईका जिल्लामा आर्सेनिकको समस्या छ भने पहाडी जिल्लामा पानीका मुहानहरू सुक्दै गएका छन्। त्यसैगरी सरसफाइको कुरा गर्नुपर्दा यस प्रदेशका सबै जिल्ला खुला दिसामुक्त जिल्ला घोषणा भएका छन्। सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरू, नगरक्षेत्र, बसपार्क लगायतका सडक छेउका बस बिसौनीहरूमा सार्वजनिक शौचालयको उपलब्धता र गुणस्तर कमजोर रहेको छ।

# १.९ कृषि, उद्योग, वन तथा जलाधार

## कृषि

लुम्बिनी प्रदेशमा ६५५.८२ हजार हेक्टर (२९ प्रतिशत) कृषि भूमि रहेको छ। वन क्षेत्रले ९,७४,३८० हेक्टर क्षेत्र (४३.७२ प्रतिशत) ओगटेको छ। बुट्यान ११८.८ हजार हेक्टर (५ प्रतिशत) भू-भागमा रहेको छ भने १३.६ हजार हेक्टर जल क्षेत्र रहेको छ। बाँझो जग्गा १०७.६ हजार हेक्टर रहेको छ जसले कुल भू-भागको ५ प्रतिशत ओगटेको छ। त्यसैगरी आवासले १४ प्रतिशत भूमि ओगटेको छ।




लुम्बिनी प्रदेशमा एक कृषक परिवारसँग औसतमा ०.७ हेक्टर (१.०३ विघा) जग्गा रहेको देखिन्छ। यसैगरी, ७६.५ प्रतिशत कृषक परिवारसँग औसतमा १ हेक्टरभन्दा कम जग्गाका दरले कुल जग्गाको ५५ प्रतिशत रहेको देखिन्छ। खेतियोग्य जमिनमा आवादी बढ्दै जानुले व्यावसायिक कृषि गर्न पुग्नेगरी प्रयाप्त जग्गा कमी हुँदै गएको देखिन्छ।

## उद्योग

सरकारको हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअनुसार यस प्रदेशमा बुटवलको मोतीपुर र बाँकेको नौबस्तामा दुईवटा औद्योगिक क्षेत्र घोषणा भएका छन्। आ.व ०७७/७८ को प्रथम चौमासिक अवधि सम्ममा २५ हजार ५ सय ८९ वटा नयाँ, लघु तथा घरेलु दर्ता भई सञ्चालनमा रहेका छन्। विभिन्न उद्यम विकास तालिमबाट १४ हजार ५ सय ६८ नयाँ लघु उद्यमीहरू तयार भएको र विभिन्न उद्योगहरूमा ४३ हजार ९ सय ४६ जनालाई रोजगारी प्राप्त भएको छ।

## वन तथा जलाधार

लुम्बिनी प्रदेशमा वन क्षेत्रले ९ लाख ७४ हजार ३८१ हेक्टर क्षेत्र ओगटेको छ। प्रदेशको ४३.७२ % भू-भाग वनजङ्गलले ढाकेको छ। यस प्रदेशमा ९,३७,३४५ हेक्टर सघन वन क्षेत्र रहेको छ भने ३७,०३६ हेक्टर अन्य काष्ठ तथा बुट्यान क्षेत्र रहेको छ। नेपालको कुल वन क्षेत्रको १४.७४ प्रतिशत भाग यसै प्रदेशमा पर्दछ। यस प्रदेशमा राष्ट्रिय वनअन्तर्गत ४,००२

वटा सामुदायिक वन क्षेत्र (४,०९,८२१ हेक्टर), ३७६ वटा कबुलियती वन क्षेत्र (२,२६० हेक्टर), २७ वटा धार्मिक वन क्षेत्र (८१७ हेक्टर), ६ वटा संरक्षित वन क्षेत्र (९८,२२० हेक्टर), ८ वटा साझेदारी वन (२१,९८४ हेक्टर), २ चक्ला वन (३१२४ हेक्टर) रहेका छन् भने ९०४ वटा निजी वन (७३५ हेक्टर) रहेको छ। बाँकी वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ। यस प्रदेशमा बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज गरी दुई वटा राष्ट्रिय निकुञ्ज र एउटा संरक्षण क्षेत्रको रूपमा कृष्णसार संरक्षण क्षेत्र पर्दछन्। ढोरपाटन सिकार आरक्षको महत्त्वपूर्ण  भाग रूकुम पूर्व जिल्लामा पर्दछ।

कर्णाली र कालीगण्डकी नदी प्रदेशको सीमाको रूपमा रहेका छन्। यस प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणाली रहेका छन्, जसअन्तरगत मूलतः ४४ वटा नदी र खोलाहरू रहेका छन्। यस प्रदेशको सबैभन्दा लामो नदीको रूपमा राप्ती नदी (२०७.७ कि.मी.) रहेको छ भने दोस्रो लामो बबई नदी (१६८.८ कि.मी.) र तेस्रो लामो माडी खोला (११५.७ कि.मी.) रहेको छ।

यहाँका नदी तथा खोलानालाहरूको पानीबाट जलाशय निर्माणगरी बहुउद्देश्यीय परियोजनाहरू सञ्चालन गर्न सकिन्छ। यस प्रदेशमा अन्तर्राष्ट्रिय महत्त्वको जगदिशपुर ताल लगायत साना ठुला ताल र सिमसार क्षेत्रहरू प्रशस्त रहेका छन्। यस प्रदेशअन्तर्गतका जिल्लाहरूमा वन क्षेत्रको क्षेत्रफल देहाय बमोजिम रेखाचित्रमा देखाइएको छः






## १.१० प्रमुख पर्यटकीय स्थलहरू

### जिल्लाः रूपन्देही

- **लुम्बिनी**

लुम्बिनी गौतमबुद्धको पवित्र जन्मस्थल हो। ई.पु. ६२३ मा यहाँको सुन्दर र पवित्र बगैचामा माता मायादेवीका कोखबाट बौद्ध धर्मका प्रणेता, शान्तिका अग्रदुत गौतमबुद्धको जन्म भएको थियो। उनले जन्मने बित्तिकै सात पाइला हिड्दै मनुष्य जातिका लागि यसै ठाउँबाट युगान्तकारी उद्गार गरेका थिए। यो पावनभूमि अहिले संसारभरिका बौद्धमार्गी तथा शान्तिप्रेमी सबै मानिसहरूबिच विश्वशान्तिको मुहानका रूपमा प्रसिद्ध छ। सन् १९९७ देखि यो स्थल विश्व सम्पदा सूचीमासमेत सूचीकृत गरिएको छ। हरेक वर्ष संसारभरबाट लाखौंको सङ्ख्यामा तिर्थालु पर्यटक तथा अध्येताहरूले लुम्बिनीको भ्रमण गर्छन्। आगामी सन् २०५० सम्ममा लुम्बिनी भ्रमण गर्ने पर्यटकको सङ्ख्या वर्षेनी ५० लाख पुग्ने अनुमान गरिएको छ।

- **अशोक स्तम्भ**

ई.पु. २४९ मा सम्राट अशोकले स्थापना गरेको अशोक स्तम्भमा कुँदिएका शिलालेखले भगवान गौतमबुद्धको जन्म लुम्बिनीमा भएको तथ्यको ऐतिहासिक प्रमाण दिन्छ। भगवान बुद्धको जन्म स्थल र लुम्बिनीको सम्बन्धमा यो स्तम्भमा भएको शिलालेख नै सबैभन्दा महत्त्वपूर्ण, आधिकारिक तथा ऐतिहासिक अभिलेख हो। लुम्बिनी र कपिलवस्तुको गोटिहवा एवम् निग्लीहवामा गरी नेपालमा जम्मा ३ वटा अशोक स्तम्भहरू रहेका छन्।

- **देवदह**

लुम्बिनी देखि करिब ५७ कि.मी. पूर्वमा प्राचीन कोलीय वंशको राजधानी देवदह अवस्थित छ। जुन हालको देवदह न.पा.मा पर्दछ। यो स्थल भगवान गौतम बुद्धका माताहरू मायादेवी तथा प्रजापती र राजकुमारी यशोधराको माइतीको रूपमा चिनिन्छ। बुद्धत्व प्राप्तिको ७ वर्षपछि भगवान बुद्ध यहाँ आएका थिए। देवदह वरिपरि अन्य पुरातात्विक स्थलहरू कुमारवर्ती, खयरडाँडा, वैरीमाई, कन्यामाई, भवानीपुर (देवीदमार), माथागढी आदि रहेका छन्।

- **जितगढी किल्ला**

बुटवल उपमहानगरपालिका वडा नं. २ मा तिनाउ नदीको किनार र नुवाकोटको फेंदीमा रहेको जितगढी किल्ला नेपालकै गौरवपूर्ण पर्यटकीय स्थल एवम् ऐतिहासिक धरोधर हो। सन् १८१४ देखि १८१६ सम्म अङ्ग्रेजसँग युद्ध हुँदा नेपाली सेनाले अङ्ग्रेजमाथि विजय हासिल गरेको किल्लाको रूपमा रहेको यो किल्लाको संरक्षण र प्रचारप्रसारमा बुटवल उपमहानगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ।

## जिल्लाः कपिलवस्तु

- **तिलौराकोट**

सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट (प्राचीन कपिलवस्तु) शाक्य राज्यको राजधानी थियो। यो स्थल लुम्बिनीदेखि २८ किलोमिटर पश्चिममा पर्दछ। यस स्थानमा पुरातात्विक भग्नावेशषहरूका साथै प्राचीन दरबारको पूर्वी तथा पश्चिमद्वार देख्न सकिन्छ।

- **गोटिहवा**

गोटिहवा ठाउँ ऋकुच्छन्द बुद्धको जन्मस्थान हो। उनले निर्वाण पनि यहीँ प्राप्त गरेका थिए। यो स्थानमा पनि भाँचिएको अशोक स्तम्भ र प्राचीन स्तुपको भग्नावशेष रहेका छन्।

- **जगदीशपुर ताल**

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ९ किलोमिटर उत्तरमा रहेको जगदिशपुर जलाशय सिंचाइ प्रयोजनका लागि मानवनिर्मित मुलुककै सबैभन्दा ठुलो जलासय हो। १५७ हेक्टरमा फैलिएको उक्त ताल वि.स.२०४५ तिर सिंचाइ प्रयोजनका लागि निर्माण गरिएको थियो। कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका-९ स्थित यो ताल जैविक विविधताले युक्त ताल हो। सन् २००३ मा विश्व सिमसार क्षेत्र रामसार सूचीमा सूचीकृत यो जलाशयमा विविध प्रकारका जीव, वनस्पतिहरू तथा १५० भन्दा बढी जातका चराचुरूङ्गी पाइन्छन्। यस तालमा

विभिन्न प्रजातिका माछाहरू, कछुवा, भ्यागुता आदि जलप्राणीहरू पाइनुका साथै सिमसार वनस्पतिहरूमा बेहाय, पटेर, कमल, जंगली धान, सिंगडा लगायतका वनस्पतिहरू पाइन्छन्। तालमा सिमसारमा आश्रित ६१ प्रजातिका र अन्य ५७ प्रजातिका चरा पाइन्छन्। यहाँ विश्वमै दुर्लभ मानिएका ७ प्रजातिका चराहरू पाइने कुरा नेपाल पंक्षी संरक्षण सङ्घले जनाएको छ। जाडो मौसममा साइबेरिया, रूस, चीन, मंगोलिया, मध्य एशियाका तुर्किमिनिस्तान र किर्गिस्तान लगायतका देशबाट यहाँ चराहरूको बसाइसराइ हुने गर्दछ। पर्यटनको दृष्टिकोणले पनि यो ताल महत्त्वपूर्ण मानिन्छ। ताल छेउमा भ्यू टावरहरूको निर्माण भए सँगै पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुँदै आएको छ।

- **कुदान**

प्राचीन निग्रोधाराम जहाँ भगवान बुद्धले ज्ञान प्राप्त गरी गृहनगर कपिलवस्तु आउँदा प्रथम पटक पिता शुद्धोधनलाई भेटेका थिए। यो स्थल लुम्बिनीदेखि २८ किलोमिटर दक्षिण-पश्चिममा पर्दछ।

- **अरौराकोट**

निग्लीहवाबाट १ किलोमिटर पूर्वमा अवस्थित आयताकारको संरक्षित स्थल नै अरौराकोट हो। यस पवित्र स्थललाई कनकमुनि बुद्धको गृहनगरको रूपमा पहिचान गरिएको छ।

- **निग्लीहवा**

यो ठाउँ कनकमुनि बुद्धको जन्मस्थलको रूपमा परिचित छ। हाल यस स्थानमा भाँचिएका अशोक स्तम्भका दुई टुक्रा र निग्लीसागर पोखरी रहेका छन्। यस स्तम्भमा उत्कीर्ण गरिएको शिलालेखले कनकमुनि बुद्धको जन्म यस स्थलमा भएको भन्ने तथ्य प्रमाणित गर्दछ।

- **सिसहनिया**

यो स्थल तिलौराकोटदेखि १२ किलोमिटर दक्षिणमा अवस्थित छ। यो स्थलमा शाक्यहरूद्वारा निर्मित प्राचीन स्तुपहरूका भग्नावेशषहरू यत्र-तत्र देख्न सकिन्छ। यस स्थलको सतहबाट प्राचीन इट्टा, माटाका भाँडाहरू र शाक्यकालीन आहात मुद्राहरू सङ्कलन गरिएको थियो।

## जिल्लाः नवलपरासी (बर्दघाटसुस्ता पश्चिम)

- **रामग्राम**

झराही खोलाको किनारमा अवस्थित रामग्राम स्तुप ईट्टाद्वारा निर्माण भएको छ। सात मिटर अग्लो स्तुपमा भगवान बुद्धको अस्तु (अस्टधातु मध्ये एक) रहेको छ। यो स्तुप रामग्रामका राजाले बनाउन लगाएका हुन्। उनी भगवान् बुद्धका अस्तु पाउने आठौं राजा थिए। बौद्ध ग्रन्थअनुसार

सम्राट अशोकले अन्यत्रबाट झैं उक्त स्तुपबाट पनि अस्तु झिकी चौरासी हजार स्तुप बनाउन चाहान्थे तर त्यसो गर्न नदिएको भन्ने भनाई रहेको छ।

- **त्रिवेणी (अनोमा नदी)**

सिद्धार्थ २९ वर्षको उमेरमा दरबार छाडेर अनोमा नदी तटमा पुगी राजर्षी बन्न कपाल खौरी सारथी छन्ना र घोडा कन्थकलाई फिर्ता पठाएको ठाउँ यही त्रिवेणी घाट हो भन्ने पुरातत्वविदहरूको धारणा छ। यो ठाउँ हिन्दु धर्मावलम्बीहरूका लागि समेत पवित्र तीर्थस्थलको रूपमा रहेको छ।

## जिल्लाः पाल्पा

- **तानसेन**

तानसेन श्रीनगरको काखमा अवस्थित रमणीय पर्यटकीय, प्रशासनिक एवम् महत्त्वपूर्ण व्यापारिक केन्द्र पनि हो। धौलागिरी, अन्नपूर्ण, मनास्लु, गौरीशंकर जस्ता प्रसिद्ध हिम श्रृङ्खलाहरूको दृश्यावलोकनका साथै दक्षिणतर्फको माडीफांटको दृश्यावलोकन गर्न सकिने यो ठाउँ मल्लकालीन र शाहकालीन वास्तुकलाबाट पनि सुशोभित छ। प्रसिद्ध अमरनारायण मन्दिर, पाल्पा दरवार संग्राहालय, शीतलपाटी, भगवतीमन्दिर, आनन्दबिहार, बीरेन्द्र फूलबारी आदि यस सहरका मुख्य पर्यटकीय महत्त्वका सम्पदा हुन्।

- **रानीमहल**

तानसेन बजारबाट करिव ८ किलोमिटर उत्तर कालिगण्डकीको किनारमा अवस्थित रानीघाट वा रानीमहल सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको अनुपम सङ्गमस्थल हो। यस स्थानको महत्त्व बुझी तत्कालिन पाल्पा गौंडाका तैनाथवाला वडाहाकिम खड्ग शम्शेरले आफ्नी दिवङ्गत पत्नी तेजकुमारीको संझनामा पाश्चात्य शैलीको दरवार निर्माण गरेको हुनाले यसलाई रानीघाट भनेर चिनिएको हो।

- **रिडी रूरू क्षेत्र**

रिडीक्षेत्र पाल्पा, गुल्मी, र स्याङ्जा जिल्लाको सीमानामा पर्दछ। यस स्थानमा पश्चिमबाट पूर्वतर्फ बग्ने रिडी खोला र उत्तरबाट दक्षिण बग्ने कालीगण्डकी नदी आपसमा मिसिएका छन्।यही कालीगण्डकी र रिडी खोलाको दोभान नै रिडी वा रूरूक्षेत्रका नामले प्रसिद्ध छ। हाल संघीय सरकार र प्रदेश सरकारको संयुक्त लगानीमा रूरू पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजना सञ्चालन भैरहेको छ।

## जिल्लाः गुल्मी

- **रेसुङ्गा**

अमूल्य सांस्कृतिक एवम् सम्पदाले परिपूर्ण रेसुङ्गा मानव सृष्टिसँग सम्बद्ध, भृगु ऋषिको तपोभूमी, रूरूको शिरोभाग, पुलस्य पुल ऋषिको तपोभूमी हो। यो क्षेत्र महर्षि, राजर्षि, देवर्षि एवं ब्रह्मार्षिको बासस्थानयुक्त सुनौलो पुरास्थल हो। समुन्द्रसतहदेखि ७,६८२ फिटको उँचाइमा रहेको यस धार्मिक स्थलको नामकरण ऋष्य श्रृङ्ग, रिस्यश्रृङ्ग, रिस्सासिंग, रिसिंग, रिसुङ्गा हुँदै रेसुङ्गा भएको जनविश्वास छ।

## जिल्लाः दाङ

- **धारापानी धाम**

दाङको घोराही उपमहानगरपालिका वडा नं. ५ मा अवस्थित धारापानी धाम दाङको प्रमुख धार्मिक पर्यटकीय स्थल हो। पाण्डवेश्वर मन्दिरको नामले पनि चिनिने धारापानी धाम घोराही बजारदेखि नजिकै पर्ने भएकाले पर्यटकको उत्कृष्ट गन्तव्य बन्दै गएको छ। पवित्र धार्मिक पर्यटकीय स्थल धारापानी धाममा मुलुककै अग्लो भनिएको त्रिशुल स्थापना गरिएको छ। मन्दिरमा ५५.५ फिट अग्लो र ८ हजार १ सय १३ किलो तौलको त्रिशुल निर्माण गरिएको छ।

## जिल्लाः अर्घाखाँची

- **सुपादेउराली**

समुन्द्र सतहदेखि करिब ४,५०० फिटको उँचाइमा अवस्थित अर्घाखाँची जिल्लाको पर्यटकीय तथा धार्मिक तीर्थस्थलको रूपमा सुपादेउराली मन्दिर परिचित छ। मन्दिरमा दर्शन गर्ने धर्मात्माहरूको इच्छा पूरा गराइदिने सुपादेवी आस्थाकी प्रतीक मानिन्छिन्। सुपादेउराली मन्दिर सन्धिखर्क गोरूसिङ्गे राजमार्गस्थित सुपाखोलाको पश्चिम पाउमा अवस्थित छ।

## जिल्लाः रोल्पा

- **जलजला र थवाङ**

रोल्पाको जलजला ऐतिहासिक तथा धार्मिक पर्यटकीय क्षेत्र हो। हाल यहाँ जलजलादेवीको मन्दिर लगायतका धार्मिक संरचनाहरू निर्माण भएका छन्। मन्दिरको नजिकै निर्माण गरिएको जलाशयले यहाँको आकर्षण बढाएको छ। यहाँको जमिनमा पाइला राख्दा थलथल गर्छ। श्रद्धालुले जमिनमा

हिँड्दा कपासमा हिँडेजस्तो अनुभव गर्छन्। त्यस्तै यो क्षेत्रमा गुरिल्ला ट्रेकमार्ग पहिचान गरेर पर्यटन प्रवर्द्धनका कामहरू भईरहेका छन्। थवाङको घनावस्ती समेत पर्यटकको आकर्षणको पक्ष हो।

## जिल्लाः प्युठान

- **स्वर्गद्वारी**

स्वर्गद्वारी प्युठान जिल्लाको सदरमुकाम खलंगाबाट करिब २६ किलोमिटर पश्चिममा अवस्थित धार्मिक पर्यटकीय स्थल हो। नेपालका प्राचीन मन्दिरहरूमध्ये यो मन्दिरलाई एक मानिन्छ। पौराणिक कालमा पाण्डवहरू स्वर्ग जाँदा यहाँको बाटो (द्वार) भएर गएको हुनाले स्वर्गद्वारी नाम रहेको जनविश्वास छ। यहाँ परापूर्वकालमा ऋषिहरू बसेर तपस्या गर्ने गरेको र भगवान ब्रम्हा स्वयम्ले यहाँ तपस्या गरेको भन्ने जनश्रुति रहेको छ। स्वर्गद्वारीमा ऐतिहासिक अग्निकुण्ड, गुफा, महादेव स्वर्ग गएको बाटो, यहाँ पालिएका गाई, महाप्रभुको दर्शन गर्नाले पुण्य पाइने र मनोकाङ्क्षा पूरा हुने विश्वास छ। बुद्धजयन्ती, उभौली पर्व र लक्ष्मीपूजाको अवसरमा स्वर्गद्वारीमा हरेक वर्ष मेला लाग्ने गर्दछ।

## जिल्लाः बाँके

- **बाँके राष्ट्रिय निकुञ्ज**

नेपाल सरकारले बाघ संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धताअनुरूप बाघको वासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले २०६७ आषाढ २८ गते बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्ग किलोमिटर क्षेत्र समेटी नेपालको दशौं राष्ट्रिय निकुञ्जको रूपमा बाँके राष्ट्रिय निकुञ्जको स्थापना भएको छ। यस निकुञ्जको पूर्वी सीमाना शिवखोला, पश्चिम कोहलपुर- सुर्खेत राजमार्ग, उत्तर चुरे पर्वत र दक्षिण पूर्व–पश्चिम राजमार्ग रहेको छ। यो निकुञ्ज पाटेबाघ र हात्तीको महत्त्वपूर्ण वासस्थानको रूपमा रहेको छ। निकुञ्जभित्र वन्यजन्तु आवतजावतमा अप्ठेरो पर्ने महादेवपुरी क्षेत्र पनि पर्दछ। यहाँ जैविक विविधताको दृष्टिले ८ वटा इकोसिष्टम, १२४ वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारीहरू, ३०० भन्दा बढी प्रकारका चराको प्रजातिहरू, ५८ प्रजातिका माछाहरू, २२ सरीसृप तथा ६ प्रकारका उभयचरहरू पाइन्छन्। सन् २०१८ को बाघ गणनाअनुसार यस निकुञ्जमा २१ वटा पाटे बाघ रहेका छन्। यहाँ ११ प्रजातिका दुर्लभ तथा संकटापन्न स्तनधारीहरू र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ चराहरू रेकर्ड गरिएका छन्। यो निकुञ्ज पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको हुँदा ठुला वन्यजन्तुको लागि एकदमै

महत्त्वपूर्ण बासस्थानको रूपमा रहेको छ । यस प्रदेशको लागि बाँके राष्ट्रिय निकुञ्ज एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा रहेको छ।

- **बागेश्वरी मन्दिर**

बाँके जिल्लाको नेपालगञ्जमा अवस्थित बागेश्वरी मन्दिर रहेको स्थानमा सतिदेवीको जिब्रो पतन भएको जनविश्वास रहेको छ। यस स्थानमा सर्वप्रथम कन्नरगणहरूले पूजा आरधना गरेको मानिन्छ।

- **कैलाश मानसरोवरको प्रतिकृति निर्माण**

बाँकेको मानखोला किनारमा चीनको तिब्बतमा अवस्थित प्रख्यात कैलाश मानसरोवरको सानो रूपको प्रतिकृति निर्माण गर्ने कार्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भैरहेको छ। उक्त प्रतिकृतिको निर्माण पश्चात् थप पर्यटकीय केन्द्रको रूपमा विकसित हुने अपेक्षा लिइएको छ।

## जिल्लाः बर्दिया

- **बर्दिया राष्ट्रिय निकुञ्ज**

बर्दिया राष्ट्रिय निकुञ्जको स्थापना २०३२ साल (सन् १९७६) मा भएको हो। यसको क्षेत्रफल ९६८ वर्ग कि.मी. रहेको छ। बर्दिया जिल्लाका कर्णाली र बबई नदीका केही भागसमेत समेटेको यो निकुञ्ज तराईका राष्ट्रिय निकुञ्जहरूमध्ये सबैभन्दा ठुलो हो। यस निकुञ्जको मध्यवर्ती क्षेत्र वि.सं. २०५३ मा घोषणा भएको थियो। सुरूमा ३२७ वर्ग किलोमिटर क्षेत्रफल समेटेर घोषणा भएको मध्यवर्ती क्षेत्र सन् २०१० मा १८० वर्ग किलोमिटर थप गरी सुर्खेततर्फ विस्तार गरिएको छ। निकुञ्जअन्तर्गत चुरेको माथिल्लो भागतिर केही सल्लाका जङ्गलहरू छन् भने तराईको धेरैजसो भाग सालको जङ्गलले ढाकेको र बिचबिचमा घाँसे मैदान रहेको छ। पाटे बाघ, एक सिंगे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जंगली हात्ती लगायत ५६ प्रजातिका स्तनधारी वन्यजन्तु यस निकुञ्जमा पाइन्छन्।जलचरहरूमा घडियाल गोही, मगर गोही, सोंस र विभिन्न किसिमका माछा यहाँ पाइन्छन्। यस निकुञ्जमा हालसम्म ४३८ थरी रैथाने र बसाई सरी आउने चराहरूको अभिलेख गरिएको छ। पर्या पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा वर्षेनी पर्यटकको सङ्ख्या बढिरहेको छ।

## जिल्लाः रूकुम पूर्व

- **ढोरपाटन सिकार आरक्ष**

ढोरपाटन सिकार आरक्षको स्थापना वि.स. २०४४ साल (सन् १९८७) मा भएको हो। १,३२५ वर्ग कि.मी. मा फैलिएको यस सिकार आरक्षको ६० प्रतिशत भाग लुम्बिनी प्रदेशमा पर्दछ। रूकुम, बाग्लुङ्ग र म्याग्दी जिल्लाका केही भागमा यो सिकार आरक्ष फैलिएको छ। यस आरक्षमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन्। प्रमुख जनावरहरूमा नाउर, झारल, थार र हिमाली भालु हुन्। यहाँ दुर्लभ एवम् संरक्षित पछीको सूचीमा परेका डाँफे, मुनाल, लगायत १६४ प्रजातिका चराहरू पाइन्छन्।

- **सिस्ने हिमाल**

सिस्ने हिमाल रूकुमको उत्तरी सीमानामा अवस्थित रमणीय एवम् सुन्दर हिमाल हो। यस हिमाललाई स्थानीय भाषामा मुर्कट्टा हिमाल पनि भनिन्छ। यो हिमाल कान्जिरोवा हिम श्रृङ्खला अन्तर्गत पर्दछ। यसको उँचाइ ५,८४१ मिटर रहेको छ। यस हिमालमा हालसम्म कसैले पनि आरोहण नगरेका हुनाले यो हिमाललाई कन्या हिमाल पनि भनिन्छ।

# परिच्छेद-दुई
# कार्यगत वस्तुस्थिति

## २.१. प्रदेश सभा सचिवालय

### २.१.१ पृष्ठभूमि

प्रदेश सरकार सञ्चालनका लागि नीति निर्माण गर्ने, कानुन बनाउने र कानुनअनुसार राज्य सञ्चालनको पहरेदारी गर्ने निकाय संसद हो। संसदको यस्तो अग्रणी भूमिकालाई अध्ययन, अनुसन्धान र व्यवस्थापकीय कार्यमा सहयोग गर्ने सहयोगी हात नै प्रदेश सभा सचिवालय हो। लुम्बिनी प्रदेशलाई अग्रणी प्रदेशको रूपमा स्थापित गर्न प्रभावकारी कानुन निर्माण गर्ने र त्यसको प्रयोग उद्देश्यअनुरूप भए नभएको निगरानी गर्ने जस्तो महत्त्वपूर्ण जिम्मेवारीको कार्यान्वयनबाट मात्र समृद्ध प्रदेश निर्माण गर्ने सम्भावना रहन्छ। यसको सफलतामा यस निकायको भूमिका महत्त्वपूर्ण रहेको छ।

### २.१.२ दीर्घकालीन सोच

प्रदेश सभा सचिवालयलाई अनुसन्धानमूलक र कानुन निर्माण प्रक्रियालाई प्रभावकारी बनाई पाँच वर्षमा आकर्षक, सुविधा सम्पन्न, सक्षम र उत्कृष्ट कार्य सम्पादन हुने निकाय बनाउने।

### २.१.३ लक्ष्य

प्रदेश सभा सदस्यको क्षमताको उच्चतम् उपयोग गरी प्रदेश सभालाई अनुसन्धानात्मक क्रियाकलापमा आवद्ध गर्दै जनहित अनुकूलका कानुन र नीतिनिर्माण गर्नुका साथै सरकारको कार्यको पहरेदारी गर्ने कार्यलाई प्रभावकारी बनाई जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने।

### २.१.४ उद्देश्य

क. प्रदेश सभाको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न प्रशासनिक कार्य गर्ने,

ख. आर्थिक र भौतिक स्रोत साधनको व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

ग. सूचना प्रणालीलाई प्रभावकारी बनाउने तथा प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्था मिलाउने।

### २.१.५ प्रदेश सभा सचिवालयको काम, कर्तव्य र अधिकार

क. प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

ख. प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

ग. प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यहरूलाई नियमानुसार सेवा सुविधा उपलब्ध गराउने,

घ. प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक काम गर्ने,

ङ. प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,

च. प्रदेश सभाको दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

छ. संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

ज. प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने।

## २.१.६ जनशक्तिको विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरवन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार / ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | सचिव | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ | | १ | | | | | १ | |
| | २ | उप सचिव | रा.प. द्वितीय/नवौं/दशौं | प्रशासन | प्रशासन | २ | ० | २ | १ | ० | १ | | १ | |
| | ३ | उप सचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ | | १ | | १ | १ | | ० | |
| | ४ | शाखा अधिकृत | रा.प. तृतीय / सातौं/आठौं | प्रशासन | प्रशासन | ४ | ० | ४ | २ | २ | २ | | २ | |
| | ५ | लेखा अधिकृत | रा.प. तृतीय / सातौं/ आठौं | | | १ | | १ | १ | | १ | | ० | |
| | ६ | कानुन अधिकृत | रा.प. तृतीय | न्याय | कानुन | १ | ० | १ | | १ | १ | | ० | |
| | ७ | कम्प्युटर अधिकृत | अधिकृत छैठौं | विविध | | १ | | १ | १ | | १ | | ० | |
| | ८ | इलेक्ट्रिसियन अधिकृत | अधिकृत छैठौं | इन्जिनियरिङ | | १ | | १ | १ | | १ | | | |
| | ९ | ना.सु. सहायक पाँचौं | रा.प. अनङ्कित प्रथम | प्रशासन | प्रशासन | ७ | | ७ | ४ | | ४ | | ३ | |
| | १० | कम्प्युटर अपरेटर पाँचौं | रा.प. अनङ्कित प्रथम | विविध | | १ | | १ | | | | १ | ० | |
| | ११ | माईक संचालक पाँचौं | रा.प. अनङ्कित प्रथम | विविध | | २ | | २ | | ० | ० | २ | | |
| | १२ | स.ले. पा. सहायक चौंथो | रा.प. अनङ्कित द्वितीय | प्रशासन | | १ | | १ | १ | | १ | | ० | |
| | १३ | मर्यादापालक प्र.नि. | रा.प. अनङ्कित द्वितीय | | | १ | | १ | | १ | १ | | ० | |
| | १४ | मर्यादापाल अन्य | रा.प. अनङ्कित द्वितीय | | | ६ | | ६ | | ६ | | | ० | |
| | १५ | ह.स.चा. | श्रेणीविहीन | विविध | | ३ | | ३ | | | | ३ | | |
| | १६ | का.स. | श्रेणीविहीन | | | ३ | | ३ | | | | ३ | | |
| **जम्मा** | | | | | | ३६ | ० | ३६ | १२ | ११ | | ८ | ६ | |

स्रोतः प्रदेश सभा सचिवालय

## २.१.७ बजेट तथा खर्चको अवस्था

### आर्थिक वर्षअनुसार बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू लाखमा) | | | खर्च (रू लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ७५७.५९ | १४३.८९ | ९०१.५७ | ४५५.९ | १२१.९६ | ५७७.८६ | ६०.१८ | ८४.७ | ६४.०९ |
| २०७५/७६ | १९४१.७६ | १२२४.०५ | ३१६५.८१ | १४६४.११ | १०९१.९४ | २५५६.०५ | ७५.४ | ८९.२ | ८०.७४ |
| २०७६/७७ | २३११.०३ | २७०.२४ | २५८१.२७ | १८६८.६१ | २५२. ६३ | २१२१.२४ | ८०.८५ | ९३.४८ | ८२.१८ |

स्रोतः प्रदेश सभा सचिवालय

## २.१.८ महत्त्वपूर्ण उपलब्धि

### प्रदेश सभामा पेश भएका र पारित भएका विधेयक

| विवरण | कुल पेश भएका विधेयक | पारित भएका | पारित हुन बाँकी | फिर्ता भएका विधेयक |
|---|---|---|---|---|
| प्रदेशका लागि निर्मित कानुन | ६५ | ५९ | ५ | १ |

स्रोतः प्रदेश सभा सचिवालय

- प्रदेशसभाबाट प्रदेशको स्थायी राजधानी र नामकरण निर्णय भएको।
- सबै समितिले २ वर्षको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको।
- समितिहरूबाट सरकारको कार्यको स्थलगत अनुगमन गरी विभिन्न समयमा सरकारलाई निर्देशित गरेको।
- सबै समितिले आफ्नो विधायिकी कार्य सफलतापूर्वक सम्पन्न गरेको।

## २.१.९ प्रभाव

- प्रदेश सभाबाट हालसम्म ५९ विधेयकहरू पास भएका कारण सरकारको कार्यसम्पादनमा सहजता आउनु,
- प्रदेशको स्थायी राजधानी र नामकरण कार्य सफलतापूर्वक सम्पन्न हुनुले स्थायी संरचना निर्माणमा सहयोग पुग्नु,
- समितिले स्थलगत निरीक्षण गरी सरकारलाई निर्देशन दिँदा सरकारको कार्यसम्पादनमा सचेतना र प्रभावकारीता आउनु।

## २.१.१० प्रमुख समस्याहरू

- प्रदेश सभा सदस्यहरूको विकास निर्माण र राजनैतिक कार्यमा बढी समय खर्च हुने हुँदा कानुन निर्माणमा माननीयहरूको समुचित ध्यान पुग्न नसक्नु,
- सभामा काम गर्न सक्षम जनशक्ति आकर्षण हुन नसक्नु,
- आवश्यक मात्रामा भौतिक स्रोत साधनको व्यवस्थापन हुन नसक्नु।

## २.१.११ चुनौती

सक्षम जनशक्तिलाई आकर्षित गरी प्रदेश सभाको महत्त्वपूर्ण भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्ने कार्य मुख्य चुनौतीको रूपमा रहेको छ।

## २.१.१२ भावी कार्यदिशा

- प्रदेश सभा सचिवालयलाई प्रविधिमैत्री वनाइने छ।
- इ-लेजिसलेसनको माध्यमबाट सभाको गतिविधि प्रविधिमा आधारित बनाईनुका साथै मोबाइल एपबाटै सबै गतिविधि जानकारी पाउने व्यवस्था गरिने छ।
- इ-लाईब्रेरीको स्थापना गर्नुका साथै सभा र समितिका गतिविधिलाई अनुसन्धानमूलक बनाईने छ।
- कर्मचारीको क्षमता विकास गरी संसदीय अभ्यासमा निपूर्णता ल्याउने कार्य गरिने छ।

## २.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### २.२.१ पृष्ठभूमि

प्रदेश नं. ५ प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अतिरिक्त अन्य ६ वटा मन्त्रालय रहने व्यवस्था गरिएको छ। सोही व्यवस्थाअनुसार यस कार्यालयको स्थापना भएको हो। प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने मुख्य कार्यजिम्मेवारी यस कार्यालयको हो। माननीय मुख्यमन्त्रीज्यूको मातहत रहने यस कार्यालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीका प्रमुख सचिव प्रशासकीय प्रमुखको रूपमा रहने व्यवस्था छ।

### २.२.२ दीर्घकालीन सोंच

संविधानबमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग र प्रदेशको समृद्धि तथा प्रदेशवासीको खुसीका निमित्त अनुकूल वातावरण तयार गर्ने उत्कृष्ट निकाय।

### २.२.३ ध्येय

प्रदेशको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउनु र माननीय मुख्यमन्त्रीलाई कर्तव्य र जिम्मेवारी समयमै, दक्षतापूर्ण एवम् प्रभावकारी हिसाबले वहन गर्न सहयोग गर्नु।

### २.२.४ लक्ष्य

(क) प्रदेश सरकार (मन्त्रिपरिषद्) का निर्णयहरूलाई तथ्यपरक एवम् कानुनसम्मत गराउन व्यवस्थित तरिकाले तथ्य तथा सूचनामा आधारित प्रस्तावहरू तयार गर्नु, गराउनु।

(ख) प्रदेशअन्तर्गतका निकायहरूको कार्यप्रक्रिया तथा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चत गर्दै सुशासन प्रवर्द्धन गर्नु।

(ग) प्रदेशको समृद्धिका लागि विकास योजना, कार्यक्रम तथा आयोजनाको तर्जुमा तथा कार्यान्वयन हुने वातावरण सिर्जना गर्नु र विकास नतिजा हासिल गर्न समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नु।

## २.२.५ उद्देश्य

(क) प्रदेश सरकार (मन्त्रिपरिषद्)का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,

(ख) प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु,

(ग) प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममूखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,

(घ) सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत् भ्रष्ट्राचार नियन्त्रण गर्नु,

(ङ) प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,

(च) विकास निर्माण कार्यलाई समन्वयात्मक रूपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारीतामार्फत् नतिजामूलक बनाउनु।

## २.२.६ रणनीति

(क) प्रदेश सरकारका नीति, निर्णय प्रक्रियालाई आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रूपमा उपलब्ध गराइनेछ,

(ख) नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय बनाउन सहभागितामूलक पद्धति अवलम्बन गरिनेछ,

(ग) विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गरिनेछ,

(घ) सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ,

(ङ) मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ,

(च) मन्त्रालयहरू, प्रमुख विकास आयोजनाहरू, सेवा प्रदायक निकायहरू र अन्य निकायहरूमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागु गरिनेछ,

(छ) भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्वन गरिनेछ,

(ज) निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरूपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गरिनेछ।

२.२.७ कार्यक्षेत्र



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र
(१) शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन
(२) प्रदेश मन्त्रिपरिषद्को सञ्चालन ,व्यवस्थापन र निर्णय कार्यान्वयन
(३) प्रदेश मन्त्रालयहरुको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण
(४) नीति तथा कानून तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन
(५) सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार
(६) प्रदेश निजामती सेवाको सञ्चालान, व्यवस्थापन, तालिम र संगठन तथा व्यवस्थापन सर्वेक्षण
(७) अन्तरप्रदेश परिषद्,संघ तथा अन्य प्रदेश र स्थानीय तहहरुसंगको समन्वय र अन्तर्सम्बन्ध
मु.म तथा म.प कार्यालयको कार्यक्षेत्र

## २.२.८ कार्यालयको दरबन्दी तेरिज

| जम्मा कार्यालयको सङ्ख्या | सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | प्रमुख सचिव | रा.प.विशिष्ट | प्रशासन | | १ | | १ | १ | | १ | | | |
| | २ | सचिव | रा.प.प्रथम | प्रशासन | | २ | | २ | २ | | २ | | | |
| | ३ | सचिव | रा.प.प्रथम | न्याय | कानुन | १ | | १ | १ | | १ | | | |
| | ४ | उपसचिव | रा.प.द्वितीय/अधिकृत नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | ७ | | ७ | २ | | २ | | ५ | |
| | ५ | उपसचिव | रा.प.द्वितीय/ अधिकृत नवौं/दशौं | न्याय | कानुन | १ | | १ | | | | | १ | |
| | ६ | शाखा अधिकृत | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | प्रशासन | सामान्य प्रशासन | ८ | | ८ | ५ | | ५ | | ३ | |
| | ७ | निजी सचिव | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | वन | | | | | | १ | १ | | | |
| | ८ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय/अधिकृत सातौं | तथ्याङ्क | तथ्याङ्क | | | | | १ | १ | | | |
| | ९ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | | | | | १ | १ | | | |
| | १० | लेखा अधिकृत | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | प्रशासन | लेखा | १ | | १ | १ | | १ | | | |
| | ११ | कम्प्युटर अधिकृत | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | विविध | | १ | | १ | | | | | १ | |
| | १२ | नायब सुब्बा/ सहायक/अधिकृत | रा.प.अनं.प्रथम/सहायक पाँचौं/अधिकृत छैठौं | प्रशासन | सामान्य प्रशासन | १० | | १० | ८ | | ८ | | २ | |
| | १३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम/अधिकृत छैठौं/सहायक पाँचौं | विविध | | ४ | | ४ | ३ | | ३ | | १ | |
| | १४ | खरिदार/सहायक चौंथो | रा.प.अनं.द्वितीय/स.चौथो/पाँचौं | प्रशासन | | २ | | २ | १ | | १ | | १ | |

| जम्मा कार्यालयको सङ्ख्या | सि.नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| | १५ | सह लेखापाल | रा.प.अनं.द्वितीय/स.चौथो/पाँचौं | प्रशासन | लेखा | १ | | १ | १ | | १ | | | |
| | १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | | ६ | २ | ८ | | | | ७ | | |
| | १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ७ | | ७ | | | | ७ | | |
| जम्मा | | | | | | ५२ | २ | ५४ | २५ | ३ | २८ | १४ | १४ | |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## २.२.९ बजेट तथा खर्चको अवस्था (समर्पण बजेट बाहेक)

### आर्थिक वर्षअनुसार बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू. लाखमा) | | | खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ५७२.५६ | २९९.४९५ | ८७२.०१९ | १६२.४२ | १५४.६१ | ३१७.०३ | २८.३७ | ५१.६२ | ३६.३५ |
| २०७५/७६ | २५०३.५३ | १२२६.५० | ३७३०.०३ | १९९९.७० | १०२६.२९ | ३०२५.९९ | ७९.८८ | ८३.६८ | ८१.१२ |
| २०७६/७७ | १०४८.४३ | ११४.०० | ११६२.४३ | ७९२.६० | १०२.८९ | ८९५.४९ | ७५.६० | ९०.२६ | ७७.०३ |
| कुल | ४१२४.५२ | १६३९.९९५ | ५७६४.५१५ | २९५४.७३ | १२८३.७९ | ४२३८.५२ | ७१.६४ | ७८.२८ | ७३.५३ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## २.२.१० हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

१. नेपालको संविधान बमोजिम प्रदेशको नाम लुम्बिनी र स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी) तोकिएसँगै राप्ती उपत्यका (देउखुरी)मा राजधानी व्यवस्थापनको काम अगाडि बढाइएको छ। राजधानी व्यवस्थापनको लागि माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रीको संयोजकत्वमा स्थायी राजधानी व्यवस्थापन समिति गठन गरिएको छ। राजधानी व्यवस्थापनको गुरूयोजना निर्माण,जग्गाको लगत सङ्कलन, जग्गा प्राप्ति लगायतका कामहरू गर्न प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई राप्ती उपत्यकामा स्थानान्तरण गरिएको छ।

२. आर्थिक तथा सामाजिक रूपमा विपन्न घरपरिवार वा व्यक्तिहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी, स्वरोजगारी, सीप विकास, आयआर्जनका अवसर तथा सामाजिक संरक्षणका कार्यक्रमहरू मार्फत् जीवनस्तर सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले सञ्चालित मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमलाई प्रदेशका सबै स्थानीय तहमा विस्तार गरी प्रदेश सरकारको उपस्थिति गाउँगाउँमा पुऱ्याइएको छ। यो कार्यक्रमबाट रोजगारी सिर्जनाका साथसाथै नागरिकलाई स्वाबलम्बी बनाउन टेवा पुगेको छ ।

३. प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, मन्त्रिपरिषद्का निर्णयहरू कार्यान्वयन गर्ने तथा अनुगमन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। हालसम्म प्रदेश सरकार (मन्त्रिपरिषद्का) ८७ वटा बैठकहरू सम्पन्न भई बैठकबाट ४४३ वटा निर्णयहरू भएका छन्। प्रदेशको काम, कारवाही र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा उत्पन्न समस्यालाई समाधान गर्न प्रत्येक महिनाको १ र १५ गते नियमित रूपमा सचिव बैठक बस्ने प्रचलन स्थापित भएको छ। हालसम्म ८५ वटा सचिव बैठक सम्पन्न भएका छन्।

४. प्रशासनिक संघीयताको जटिल विषय रहेको कर्मचारी समायोजन प्रक्रिया लगायतका कर्मचारी व्यवस्थापन कार्य व्यवस्थित रूपमा अगाडि बढेको छ। प्रदेश निजामती सेवा ऐन बनिनसकेको अवस्थामा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७७ बमोजिम कर्मचारीहरूको सरूवा तथा काजलाई व्यवस्थित गरिएको छ। साविक निजामती सेवा ऐन, २०४९ बमोजिम प्रदेशमा आवश्यक नयाँ जनशक्ति भर्ना प्रक्रिया प्रदेश लोकसेवा आयोगबाट सुरू भएको छ। सेवा प्रवाहलाई सरल र सहज बनाउन आवश्यकता बमोजिम अस्थायी कार्यालयहरू समेत स्थापना भएका छन्। प्रदेश मातहत हालसम्म १७३ कार्यालयहरू मार्फत् सेवा प्रवाह कार्यलाई अगाडि बढाइएको छ। पदाधिकारी तथा कर्मचारीहरूलाई सेवा प्रवेश, सेवाकालीन तथा क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न किसिमका तालिमहरू प्रदान गर्न बांकेको नेपालगञ्जमा प्रदेश प्रशिक्षण प्रतिष्ठान समेत स्थापना भई प्रतिष्ठानबाट विभिन्न किसिमका तालिमहरू सञ्चालन गर्ने कामको सुरूवात भइसकेको छ।

## प्रदेशमा विद्यमान जनशक्तिको विवरणः

| जम्मा कार्यालयको सङ्ख्या | सि.नं. | पदनाम(श्रेणी तह) | स्वीकृत दरवन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | कुल | समायोजन / पदस्थापन | कामकाज | जम्मा | | | |
| १७३ | १ | प्रमुख सचिव(रा.प.विशिष्ट) | १ | | १ | १ | | १ | ० | ० | |
| | २ | अधिकृतस्तर एघारौं/ रा.प.प्रथम(सचिव समेत) | ३९ | ७ | ४६ | १४ | ३ | १७ | ० | २८ | |
| | ३ | अधिकृतस्तर नवौं/दशौं/रा.प.द्वितीय | २७० | ६० | ३३० | ११४ | ३४ | १४८ | ० | १८२ | |
| | ४ | अधिकृतस्तर सातौं/ आठौं/रा.प.तृतीय | ७५६ | ७४ | ८३० | ४५७ | ४४ | ५०१ | ४३ | २९६ | |
| | ५. | अधिकृतस्तर छैठौं, सहायकस्तर पाँचौं/ रा.प.अनं.प्रथम | ११३७ | १४१ | १२७८ | ७७२ | ४५ | ८१७ | १६७ | ३१९ | |
| | ६. | सहायकस्तर पाँचौं, चौथो/रा.प.अनं.द्वितीय | ४५० | १२५ | ५७५ | ३१४ | ३० | ३४४ | ११३ | १५३ | |
| | ७ | रा.प.अनं.तृतीय | ३४ | ० | ३४ | ० | ८ | ८ | ० | २६ | |
| | ८ | तह/श्रेणीविहीन | १२५२ | ९० | १३४२ | ५९९ | ९० | ६८९ | ४७१ | २८६ | |
| | | **जम्मा** | ३९३९ | ४९७ | ४४३६ | २२७१ | २५४ | २५२५ | ७९४ | १२९० | |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको विवरण

| संगठन संरचना | सङ्ख्या |
|---|---|
| **प्रदेश सभा सचिवालय** | १ |
| प्रदेश मन्त्रालयहरू | ७ |
| प्रदेश लोकसेवा आयोग | १ |
| मूख्यन्यायाधिवक्ताको कार्यालय | १ |
| प्रदेश योजना आयोग | १ |
| निर्देशनालयहरू | ७ |
| प्रतिष्ठान/प्राधिकरण | ३ |
| तालिम/प्रशिक्षण केन्द्र | ६ |
| प्रयोगशालाहरू | ५ |
| अस्पतालहरू/ आ.स्वा.के. | २४ |
| डिभिजन/केन्द्र/फर्म तथा कार्यालयहरू | ११५ |
| सङ्ग्रहालय | १ |
| आयोजना | १ |
| **जम्मा** | **१७३** |

५. डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै प्रदेशमा सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना भएको छ। सूचना प्रविधिको प्रयोग मार्फत् प्रदेशका कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा प्रदेश सरकार दृढ र प्रतिवद्ध रहेको छ।

६. प्रदेशको विकासमा महत्त्वपूर्ण योगदान गर्न सक्ने आधुनिक एवम् उच्च प्रतिफलयुक्त पूर्वाधार आयोजनाहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा सार्वजनिक, नीजि र बाह्य लगानीकर्तालाई समेत पूर्वाधार विकासमा परिचालन गर्न पूर्वाधार विकास प्राधिकरणको स्थापना भएको छ।

७. प्रदेशमा कानुन निर्माण कार्यले प्राथमिकता पाएको छ। नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन तथा प्रदेशको आवश्यकताबमोजिम निर्माण गर्नको लागि पहिचान भएका ११६ वटा ऐनहरू मध्ये ५९ वटा ऐनहरू निर्माण भएका छन्।

८. सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहहरूसँगको समन्वय र अन्तरसम्बन्धलाई प्रभावकारी बनाइएको छ। प्रदेशको अधिकार प्रयोगमा देखिएका अप्ठ्यारा तथा समस्याहरूलाई अन्तरप्रदेश परिषद् र राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गरिएको छ। स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद्का चार वटा बैठकहरू

सम्पन्न भएका छन्। उक्त बैठकबाट भएका निर्णयहरूलाई कार्यान्वयन गरी प्रदेश र स्थानीय तहहरू बिच सुमधुर सम्बन्ध कायम गरिएको छ।

९. सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारलाई यस कार्यालयले प्राथमिकतामा राखेको छ। प्रदेशको सुशासन सम्बन्धी ऐन र नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। यस कार्यालयले प्रदेश सरकार मातहतका कार्यालयहरूको निरन्तर अनुगमन तथा निरीक्षण गर्ने गरेको छ। सेवाग्राहीको चाप बढी हुने कार्यालयहरूको अनुगमन तथा निरीक्षण गरी कुनै कैफियत भेटिएमा सुधारका लागि सुझाव दिने गरिएको छ। यस कार्यालय र प्रदेश सरकारका निकायहरूबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन गरी त्यस्ता आयोजना समयमै सपन्न गर्न निर्देशन दिने गरिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायहरूमार्फत् प्राप्त उजुरी तथा गुनासाहरूको तथा ती निकायबाट माग भएका विवरणहरू यथासक्य छिटो पठाउने गरिएको छ। प्रदेशको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। एकीकृत अनुगमन ढाँचा स्वीकृत गरी सोबमोजिम भौतिक रूपमा उपस्थित भएर वा Virtual Modality द्वारा अनुगमन गर्ने कार्य सुरू गरिएको छ। यस कार्यालयको हकमा बेरूजू शुन्य रहेको छ।

१०. प्रदेश तथा स्थानीय तहको क्षमता विकासको लागि नेपाल सरकार र प्रदेशको सहकार्यमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) कार्यक्रमको सुरूवात भएको छ। यस कार्यक्रमले प्रदेश तथा स्थानीय सरकारहरू दिगो, समावेशी र जवाफदेही भई सञ्चालन गर्ने लक्ष्य लिएको छ। यस कार्यक्रमको मुख्य उद्देश्यहरू प्रदेश तथा स्थानीय शासन प्रणाली र प्रकृयाहरू एवम् अन्तर सरकारी सम्बन्ध सुदृढ गरी नागरिकहरूका लागि सहकारी सङ्घीयताका लाभहरू अभिवृद्धि गराउने, प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी नागरिक सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउने रहेको छ। प्रदेश र सबै स्थानीय तहमा सञ्चालित यस कार्यक्रममा सहजीकरण एवम् सघाउ पुऱ्याउनका लागि प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवालय रहने गरी प्रदेश कार्यक्रम कार्यान्वयन इकाइ (PPIU) र प्रदेश प्रशिक्षण प्रतिष्ठानअन्तर्गत प्रदेश सुशासन केन्द्र (PCGG) रहने गरी स्थापना गरिएको छ। यसको लागि माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेश समन्वय समिति गठन भएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवलाई कार्यक्रम निर्देशक र अधिकृतस्तर दशौंलाई प्रदेश कार्यक्रम व्यवस्थापक तोकिएको छ।

११. माननीय मुख्यमन्त्री एवम् प्रदेश सरकारका विभिन्न प्रतिनिधि मण्डलको संयोजनमा विभिन्न विकास साझेदारहरूका प्रतिनिधिहरू एवम् विभिन्न मित्रराष्ट्रका राजदूतहरूसँग समय समयमा विभिन्न भेटघाट गरी प्रदेशको विकास, विदेशी लगानी आपसी साझेदारी र सहयोग लगायतका विषयहरूमा छलफल भएका छन्। विभिन्न शिक्षा, स्वास्थ्य, शासकीय सुधार, भौतिक पूर्वाधार जस्ता क्षेत्रमा DFID, ADB, World Bank, चिनियाँ प्रतिनिधिहरू लगायतसँग छलफल भएको छ। साथै माननीय मुख्यमन्त्रीज्यूको प्रतिनिधि मण्डलले मित्रराष्ट्र चीनको भ्रमण गरेको छ। यस अवधिमा यस प्रदेश र मित्र राष्ट्र चीनको गान्सु प्रान्त र सिचुवान प्रान्तसँग भगिनी सम्बन्ध कायम भएको छ। साथै प्रदेशका विभिन्न स्थानीय तहहरूले विभिन्न राष्ट्रका सहरहरूसँग भगिनी सम्बन्ध कायम गरी आपसी हित र चासोका विषयहरूलाई अगाडि बढाएका छन्।

१२. नेपाल सरकारको नीति, निर्णय र अन्तर्राष्ट्रिय मापदण्डबमोजिम प्रदेश सरकारले कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि कोष स्थापना एवम् परिचालन, क्वारेन्टाइन र आइसोलेसन तथा कोरोना अस्पताल स्थापना गरी कोभिड-१९ महामारी बिरूद्धको अभियान प्रभावकारी रूपमा सञ्चालन गरेको छ। माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा कोरोना सङ्कट व्यवस्थापन केन्द्र (CCMC) को गठन गरिएको छ। कोभिड नियन्त्रण र रोकथाम र उपचारको लागि ४ वटा कोरोना विशेष अस्पताल र ४ वटा प्रयोगशाला स्थापना र सञ्चालन गरिएको छ।

## मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम

प्रदेशको गरिबी न्यूनीकरणमा योगदान गर्दै सामाजिक समावेशीकरण गर्ने उद्देश्यले आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था भएबमोजिम प्रदेशका १२ वटै जिल्लाहरूलाई समेट्ने गरी मानव विकास सूचकाङ्कमा पछाडि परेका प्रत्येक जिल्लाका कम्तीमा २ वटा गाउँपालिका छनौट गरी प्रदेश भित्रका ३५ गाउँपालिकाहरूमा यो कार्यक्रम सञ्चालनमा आएको थियो। कार्यक्रम सञ्चालनमा सहजीकरण, समन्वय तथा प्रतिवेदन गर्नका लागि १२ जना कार्यक्रम सहजकर्ताहरू नियुक्त गरी कार्यक्षेत्र तोकिएको थियो। उक्त वर्ष यस कार्यक्रममा १७ करोड बजेट विनियोजन गरिएको थियो। उक्त कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश सरकारबाट मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरिएको छ।

कार्यक्रमको प्रभावकारीतासँगै आ.व. २०७६/७७ मा यो कार्यक्रम प्रदेशका सबै ७३ वटै गाउँपालिकाहरूमा विस्तार भएको थियो भने कार्यक्रम सञ्चालनका लागि रू. ४१ करोड विनियोजन गरी गाउँपालिकाहरूलाई विशेष अनुदानका रूपमा हस्तान्तरण गरिएको थियो।

कार्यक्षेत्र विस्तारसँगै कार्यक्रम सहजकर्ताहरू पनि थप गरी २६ जना पुऱ्याइएको थियो। उक्त वर्ष मागमा आधारित यो कार्यक्रमबाट शिक्षामा १२, स्वास्थ्य क्षेत्रमा १७, कृषि तथा रोजगारीमा ४८ र राहत तथा सामाजिक संरक्षणको क्षेत्रमा २३ प्रतिशत रकम खर्च भई १,७९,९९३ जना व्यक्ति लाभान्वित भएका थिए।

चालु आ.व. २०७७/७८ मा मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम प्रदेशका सबै १०९ वटै स्थानीय तहहरूमा सञ्चालनमा आएको छ। उक्त कार्यक्रम सञ्चालनको लागि ७४ करोड २८ लाख रकम विनियोजन गरिएको छ। कार्यक्षेत्र विस्तार सँगै कार्यक्रम सहजकर्ताहरू समेत थप गरी ४० जना पुऱ्याइएको छ। कोभिड १९ का कारण रोजगारी गुमेका घरपरिवारलाई समेत सम्बोधन होस् भनी रोजगारीलाई समेत प्राथमिकता दिने गरी कार्यविधि संशोधन गरिएको छ। यो कार्यक्रमले गरिबी न्यूनीकरणका साथै प्रदेश सरकार र स्थानीय सरकारबिच सम्बन्ध सेतुको समेत भूमिका निर्वाह गरेको छ।

## २.२.११ प्रमुख समस्या तथा चुनौतीहरू

यस कार्यालयमा कार्यसम्पादनका क्रममा देहायका समस्या एवम् चुनौतीहरू देखा परेका छन्:

(क) प्रदेशको कार्य जिम्मेवारी, कार्यबोझ बमोजिम तोकिएको दरबन्दीमा कर्मचारीहरू समायोजन भई नआएकोले प्रदेशको सेवा प्रवाह र विकास व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसकिएको।

(ख) साझा अधिकार सूचीका अधिकारहरू कार्यान्वयन गर्न संघीय मापदण्डको अभावमा आवश्यक केही कानुनहरूको निर्माणमा कठिनाई रहेको।

(ग) प्रदेशको आवश्यकताबमोजिम कार्यालय र दरबन्दी मिलान गर्नुपर्ने विषयहरूका बारेमा यस कार्यालयमा गुनासो आउने गरेको तर समायोजन पश्चात्मात्र प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सक्ने कानुनी व्यवस्था भएकोले हालसम्म पनि प्रदेशको आवश्यकताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न नसकिएको।

(घ) प्रदेश सरकारका विषयगत मन्त्रालयहरूमा जनशक्ति, भौतिक पूर्वाधार लगायतका विषयहरू प्रयाप्त नरहेका तथा एउटै मन्त्रालयमा धेरै विषयक्षेत्रहरू समेत रहेका कारणले विषयक्षेत्र अनुसार क्षमता विकास गरी प्रदेशका कृयाकलापहरूलाई व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

## २.२.१२ अवसर

(क) प्रदेश लोकसेवा आयोगको गठनसँगै प्रदेशबाटै आवश्यक जनशक्ति पदपूर्ति गर्ने बाटो खुलेको,

(ख) विभिन्न प्राधिकरण, प्रतिष्ठान लगायतका संस्थाहरू गठन सँगै प्रदेशमा विकास निर्माणका लागि गतिलो आधार तयार भएको,

(ग) प्रदेश नामकरण तथा स्थायी राजधानी टुंगो लागेसँगै व्यवस्थित सहरीकरणका साथ प्रदेश राजधानी निर्माण गर्ने अवसर प्राप्त भएको,

(घ) सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन भएसँगै सार्वजनिक सेवाप्रवाह प्रणालीलाई प्रविधिमैत्री बनाई गुणस्तरीय सेवा प्रवाह गर्ने अवसर मिलेको,।

## २.२.१३ भावी कार्यदिशा

(क) प्रदेशमा आवश्यक जनशक्तिको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने,

(ख) कर्मचारीको क्षमता विकासको लागि कर्मचारीलाई तालिम, अध्ययन, अनुसन्धानमा सहभागी गराउने,

(ग) डिजिटल प्रदेश निर्माणका लागि समन्वय र सहकार्य गर्ने,

(घ) प्रदेशबाट सञ्चालित आयोजनाहरूको अनुगमन - मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई थप व्यवस्थित गर्ने,

(ङ) स्थायी राजधानीको पूर्वाधार विकासका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम लगायत नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने अन्य कार्यक्रमहरूको प्रभावकारिता अभिबृद्धि गर्ने।

## २.३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### २.३.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्थाबमोजिम आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्बत् २०७४ साल फागुन ३ गते गठन भई कार्यसम्पादन गर्दै आईरहेको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई प्रमुखरूपमा प्रदेश भित्र शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानुनी राय तथा परामर्शका साथै आवश्यक कानुनको निर्माण र सूचना तथा सञ्चार क्षेत्रको जिम्मेवारी सुम्पिएको छ। उल्लिखित चारवटा विषय क्षेत्रमा आधारित भई वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरिँदै आइएको छ। प्रदेश सुशासन सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालय प्रतिवद्ध छ। प्रहरी कर्मचारीको समायोजन भई प्रदेश मातहत आउने अपेक्षासहित मन्त्रालयले प्रदेश भित्रको शान्ति सुरक्षा कायम गर्न सुरक्षा निकायको मनोवल उच्च राख्ने गरी बजेट विनियोजन गर्दै आएको छ।

### २.३.२ कार्यक्षेत्र

(क) प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँग समन्वय र सहकार्य गर्ने।

(ख) अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा, संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय तथा संघीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन गर्ने।

(ग) कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य गर्नुका साथै प्रदेशसभामा पेस हुने बिधेयक तर्जुमा तथा प्रमाणीकरण, अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग गर्ने।

(घ) विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।

(ङ) प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापनसम्बन्धी कार्य गर्ने।

(च) प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय गर्ने।

(छ) छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण गर्नुका साथै श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन गर्ने ।

## २.३.३ जनशक्तिको विवरण

| जम्मा कार्यालय को सङ्ख्या | क्र.सं. | पदनाम | श्रेणीतह | सेवा | समूह/उप समूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | सचिव | रा.प. प्रथम | प्रशासन | सा.प्र | १ | | १ | | १ | १ | | ० | |
| | २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र | २ | | २ | | | ० | | २ | |
| | ३ | उपसचिव | रा.प. द्वितीय | कानुन | कानुन | १ | | १ | | १ | १ | | ० | |
| | ४ | शाखा अधिकृत | शाखा अधिकृत | प्रशासन | सा.प्र | ७ | | ७ | ३ | २ | ५ | | २ | |
| | ५ | कानुन अधिकृत | कानुन अधिकृत | न्याय | कानुन | २ | | २ | | २ | २ | | ० | |
| | ६ | लेखा अधिकृत | लेखा अधिकृत | प्रशासन | लेखा | १ | | १ | १ | | १ | | ० | |
| | ७ | नायव सुब्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र | ८ | | ८ | ५ | | ५ | | ३ | |
| | ८ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | विविध | ४ | | ४ | २ | | २ | २ | २ | |
| | ९ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र | १ | | १ | १ | | १ | | ० | |
| | १० | सहलेखापाल | रा.प.अन.द्वितीय | प्रशासन | लेखा | १ | | १ | १ | | १ | | ० | |
| | ११ | ह.स.चा. | श्रेणीविहीन | – | | ४ | | ४ | | | ० | ४ | ४ | |
| | १२ | कार्यालय सहयोगी | श्रेणीविहीन | – | | ६ | | ६ | | | ० | ६ | ६ | |
| | १३ | सूचना समन्वयकर्ता | | | | | १ | १ | | | ० | १ | | |
| | १४ | सूचना सहायक | | | | | १३ | १३ | | | ० | १३ | | |
| | १५ | कार्यालय सहयोगी | | | | | ५ | ५ | | | ० | ३ | | |
| | जम्मा | | | | | ३८ | १९ | ५७ | १३ | ६ | १९ | २९ | १९ | |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## २.३.४ बजेट तथा खर्चको अवस्था

### आर्थिक वर्षअनुसार बजेट तथा खर्चको अवस्था

| आ.व. | बिनियोजित कुल बजेट(रू लाखमा) | | | खर्च (रू लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ३१३९ | ९९९.८ | ४१३८.८ | १९२५.५ | ९१४.४ | ११०७० | ६१.३४ | ९१.४६ | ८४.२६ |
| २०७५/७६ | २३१०.१ | ११४०.२५ | ३४५०.३५ | १५५४.४८ | ८३५.९ | २३९०.३८ | ६७.२९०६ | ७३.३०८५ | ६९.२७९३ |
| २०७६/७७ | ३४२२.४६ | ४६५८.२ | ८०८०.६६ | १५६१.८७ | ११०३.८९ | २६६५.७६ | ४५.६३६ | २३.६९८ | ३२.९८९ |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### २.३.५ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

**नीतिगत उपलब्धिहरू**

- शान्ति सुरक्षा - प्रदेशभित्रको शान्ति सूरक्षा, सीमा सुरक्षा र आम नागरिकको जीउधन सुरक्षाको प्रत्याभूति गरिएको।
- सूचना तथा सञ्चार - प्रदेशभित्र रेडियो, टेलिभिजन तथा छापा अनलाइन माध्यमको दर्ता तथा नवीकरण सुरू गरिएको।
- विपद् व्यवस्थापन - विपद्का घटनाबाट प्रभावीतहरूका लागि राहात वितरणको कार्य अगाडि बढेको।
- कानुन निर्माण - प्रदेश स्थापनाको तेस्रो वर्षसम्म आइपुग्दा ५० भन्दा बढी ऐन कानुनहरू तथा विभिन्न नियम निर्देशिकाहरू जारी भएका छन्।

**परिमाणात्मक उपलब्धिहरू**

| क्र.सं. | विषय | परिणाम |
|---|---|---|
| १ | न्यायिक समितिका संयोजकहरूलाई न्यायमा पहुँच एवम् क्षमता अभिवृद्धि कार्यक्रम | १०९ स्थानीय तह |
| २ | कारागारमा रहेका कैदी/बन्दीहरूका लागि आयआर्जन मूलक ३० दिने सीप विकास तालिम | ३६२ जनालाई |
| ३ | कारागारमा रहेका कैदी/बन्दीहरूका लागि ५ दिने आचरण सुधार कार्यक्रम | ३५७६ जनालाई |
| ४ | जिल्ला स्तरीय विपद् व्वस्थापन तथा अन्तरक्रिया गोष्ठी | १२ जिल्लामा |
| ५ | मानव अधिकारसम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम | १२ वटा जिल्ला |
| ६ | द्वन्द्व प्रभावीत स्वोरोजगार कार्यक्रम सामग्री हस्तान्तरण | ६३० जनालाई |
| ७ | विपद् उद्धार राहत कार्यक्रम | ३९२ परिवार |
| ८ | द्वन्द्व प्रभावीत घाइते तथा अपाङ्गको उपचार | ९३ जना |
| ९ | विपद् पूर्वसूचना प्रणालीको स्थापना | ११ जिल्लामा |
| १० | विपद् व्यवस्थापन सामग्री खरिद | ६० प्रकारका |
| ११ | कैदी/बन्दीहरूको सकारात्मक सोंच विकास कार्यक्रम | ३०० जनालाई |
| १२ | कानुन तर्जुमाका सम्बन्धमा राय परामर्श प्रदान | ९० वटा |
| १३ | विभिन्न ११ विधामा प्रदेश पदक प्रदान | ३५ जनालाई |
| १४ | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन र सञ्चालन | |

| क्र.सं. | विषय | परिणाम |
|---|---|---|
| १५ | लागु औषध दुर्व्यसन न्यूनीकरणसम्बन्धी जनसचेतनामूलक कार्यक्रम | ३ वटा विद्यालय |
| १६ | संस्था दर्ता | २० वटा |
| १७ | प्रदेशमा आवद्ध गरिएका संस्थाहरू | ५८ वटा |
| १८ | हेलिप्याड निर्माण | १४ वटा |
| १९ | सुरक्षा चेकजाँच पोष्ट निर्माण | २९ वटा |
| २० | पत्रकारहरूको कोरोना विमा | ७४३ जना |
| २१ | निर्माणाधीन प्रहरी इकाइ भवन | २ वटा |

स्रोतः आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### २.३.६ प्रमुख समस्याहरू

(क) संघीय सम्बद्ध कानुनहरू तर्जुमा नभएको कारण प्रादेशिक कानुनहरू निर्माण गर्न कठिनाई भएको।

(ख) मन्त्रालय मातहत प्रादेशिक इकाइ तथा कार्यालयहरू नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको।

(ग) कार्यक्रम संशोधन तथा बजेट अख्तियारी दिने वर्तमान प्रावधान/प्रक्रिया झञ्झटिलो रहेको।

(घ) प्रहरीको समायोजन भई प्रदेश मातहतमा नआएको।

### २.३.७ चुनौतीहरू

(क) प्रदेश प्रहरीको गठन तथा सञ्चालन गर्नु,

(ख) प्रदेश भित्र शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राखिरहनु,

(ग) विपद्को पूर्व तयारी तथा विपद्पश्चात् उद्दार कार्यलाई प्रभावकारी बनाउनु,

(घ) कर्मचारीको उच्च मनोवल कायम गरी संगठनमा टिकाईराख्नु।

### २.३.८ अवसर

(क) कानुन निर्माण, शान्ति सुरक्षा तथा सुव्यवस्था, सूचना तथा सञ्चार, विपद् व्यवस्थापन आदि नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यहरू मन्त्रालयको कार्य जिम्मेवारी भित्र समेटिनु र सोबमोजिम मन्त्रालयले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्ने अवसर मिलेको छ।

### २.३.९ भावी कार्यदिशा

(क) आवश्यकता बमोजिम विद्यमान कानुनको संशोधन र नयाँ कानुन निर्माणमा जोड दिने,

(ख) प्रभावकारी शान्ति सुरक्षा, सुव्यवस्था र सार्वजनिक सेवा प्रवाहका माध्यमबाट सुशासन कायम गर्ने सन्दर्भमा नीतिगत सुधारका पक्षमा विशेष जोड दिने,

(ग) मन्त्रालयमा रहेको प्रदेश मामिला सूचना केन्द्र तथा जिल्लास्थित सूचना केन्द्रहरूको सशक्तीकरण गरी सूचना व्यवस्थापनलाई थप प्रभावकारी बनाउने,

(घ) कार्य सम्पादनमा सूचना प्रविधिको प्रयोग तथा जनशक्तिको क्षमता विकास मार्फत् संगठनमा कार्यरत कर्मचारी र संगठनमा भित्रिने नयाँ कर्मचारीहरूको निरन्तर विकास गरी संगठनलाई गतिशिल बनाउँदै सांगठनिक लक्ष्य तथा उद्देश्य हासिल गर्ने।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

### २.४.१ पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन र प्रदेशस्तरीय वित्तीय संस्थाहरू सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी कार्यका लागि यो मन्त्रालयको स्थापना भएको हो।

### २.४.२ दीर्घकालीन सोच

लुम्बिनी प्रदेशलाई **"समृद्ध प्रदेश खुसी जनता"**को मूल नाराका साथ तीब्र विकास गर्दै सवल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### २.४.३ लक्ष्य

राजस्व सङ्कलन, बजेट तर्जुमा तथा कार्यान्वयन दक्षता हासिल गर्ने।

### २.४.४ उद्देश्य

संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउनु।

### २.४.५ रणनीति

(क) आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने,

(ख) कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रामा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने,

(ग) बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने,

(घ) स्थानीय सरकारहरू बिचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरूलाई प्राथमिकता दिने,

(ङ) विभिन्न मन्त्रालय र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बिचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,

(च) माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने।

## २.४.६ कार्यक्षेत्र

(क) प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीति तर्जुमा र नियमन,

(ख) प्रदेश विकास नीति प्राथमिकता, आवधिक योजना, वार्षिक बजेट तथा वार्षिक विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन,

(ग) प्रदेश राजस्व तथा सार्वजनिक खर्चसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन र स्थानीय तह अनुदान,

(घ) प्रदेश विनियोजन ऐन, आर्थिक ऐन, सञ्चित कोष लगायत प्रदेश आर्थिक कार्यप्रणाली सम्बन्धी विषय,

(ङ) प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण लेखाङ्कन र लेखापरीक्षण,

(च) घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

(छ) तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य आदि।

## २.४.७ मातहत कार्यालय

### प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश सरकारको सञ्चित कोष सञ्चालन गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको कार्यालय हो। यो कार्यालय २०७५ साल श्रावण १ मा स्थापना भएको हो। यस कार्यालयले आर्थिक प्रशासन सम्वन्धमा आवश्यकतानुसार विभिन्न निकायहरूसँग समन्वय गरी प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा सोको एकीकृत

वार्षिक वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेस गर्ने गर्दछ।

यसका साथै यस कार्यालयले प्रदेश सरकारको बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, आय व्ययको अभिलेख राख्ने, प्रदेश सरकारका मन्त्रालय र सोअन्तर्गतका निकायहरूको आर्थिक प्रशासनको सञ्चालन सम्वन्धमा निर्देशन दिने, आन्तरिक लेखा परीक्षण गर्ने गराउने कार्यहरू समेत सम्पादन गर्दछ।

यस कार्यालयले देहायका प्रमुख कार्यहरू गर्दछः

- सञ्चित कोषको व्यवस्थापन,
- आन्तरिक लेखापरीक्षण,
- वित्तीय तथ्याङ्क व्यवस्थापन,

## २.४.८ जनशक्तिको विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पद नाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | कुल कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | | |
| १ | १ | प्रदेश सचिव | रा.प.प्रथम | प्रशासन | | १ | ० | १ | ० | १ | १ | ० | १ | ० | |
| | २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | २ | ० | २ | ० | ० | ० | ० | ० | २ | |
| | ३ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | ० | १ | ० | १ | १ | ० | १ | ० | |
| | ४ | उपसचिव | दशौं/नवौं | प्रशासन | लेखा | २ | ० | २ | १ | ० | १ | ० | १ | १ | |
| | ५ | शाखा अधिकृत | आठौं/सातौं | प्रशासन | सा.प्र. | ६ | ० | ६ | ६ | ० | ६ | ० | ६ | ० | |
| | ६ | शाखा अधिकृत | आठौं/सातौं | प्रशासन | राजस्व | ६ | ० | ६ | १ | ० | १ | ० | १ | ५ | |
| | ७ | लेखा अधिकृत | आठौं/सातौं | प्रशासन | लेखा | ५ | ० | ५ | ५ | ० | ५ | ० | ५ | ० | |
| | ८ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ | ० | १ | ० | १ | १ | ० | १ | ० | |
| | ९ | अर्थशास्त्री | आठौं/सातौं | विविध | | १ | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | १० | तथ्याङ्क अधिकृत | आठौं/सातौं | आ.यो. तथा त. | तथ्याङ्क | १ | ० | १ | १ | ० | १ | ० | १ | ० | |
| | ११ | कम्प्युटर इन्जिनियर | आठौं/सातौं | विविध | | १ | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| | १२ | कम्प्युटर अधिकृत | आठौं/सातौं | विविध | | १ | ० | १ | १ | ० | १ | ० | १ | ० | |
| | १३ | नायब सुव्बा | छैठौं/पाँचौं | प्रशासन | सा.प्र. | ३ | ० | ३ | ३ | ० | ३ | ० | ३ | ० | |
| | १४ | नायब सुव्बा | छैठौं/पाँचौं | प्रशासन | राजस्व | ६ | ० | ६ | ० | ० | ० | ० | ० | ६ | |
| | १५ | लेखापाल | छैठौं/पाँचौं | प्रशासन | लेखा | ४ | | ४ | ३ | ० | ३ | ० | ३ | १ | |
| | १६ | कम्प्युटर अपरेटर | छैठौं/पाँचौं | विविध | | ५ | ० | ५ | ३ | ० | ३ | १ | ४ | १ | |
| | १७ | खरिदार | पाँचौं/चौथो | प्रशासन | सा.प्र. | २ | ० | २ | ० | ० | ० | ० | ० | २ | |

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पद नाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | कुल कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | | |
| | १८ | सह-लेखापाल | पाँचौं/चौथो | प्रशासन | लेखा | ५ | ० | ५ | ४ | ० | ४ | ० | ४ | १ | |
| | १९ | सहायक कम्प्युटर अपरेटर | पाँचौं/चौथो | विविध | | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | फाजिल |
| | २० | ह.स.चा. | श्रेणीविहीन | | | ६ | ० | ६ | १ | ० | १ | ४ | ५ | ० | |
| | २१ | का.स. | श्रेणीविहीन | | | ९ | ० | ९ | १ | ० | १ | ८ | ९ | १ | |
| जम्मा | | | | | | ६८ | ० | ६८ | ३० | ४ | ३४ | १३ | ४६ | २२ | |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय

## २.४.९ बजेट तथा खर्चको अवस्था

आर्थिक मामिला तथा योजना मन्त्रालयको विगत तीन वर्ष (आ.व. २०७४/७५, २०७५/७६ तथा २०७६/७७) को विनियोजित बजेट तथा वार्षिक वित्तीय प्रगति विवरण देहाय अनुसार रहेको छ।

### आर्थिक मामिला तथा योजना मन्त्रालयको सालबसाली बजेट तथा खर्चको विवरण

| आ.व. | विनियोजित कुल बजेट रू. हजारमा | | | खर्च रू. हजारमा | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | १९५३३ | १३१४२ | ३२६७५ | ७०२२ | ४६२१ | ११६४३ | ३५.९५ | ३५.१६ | ३५.६३ |
| २०७५/७६ | ८१५५० | ५१००० | १३२५५० | ४३२०५ | ३११४४ | ७४३४९ | ५२.९८ | ६१.०७ | ५६.०९ |
| २०७६/७७ | ११८९३७ | ४०६६५ | १५९६०२ | ५१८६५ | १४४९६ | ६६३६१ | ४३.६१ | ३५.६५ | ४१.५८ |
| कुल | २२००२० | १०४८०७ | ३२४८२७ | १०२०९२ | ५०२६१ | १५२३५३ | ४६.४० | ४७.९६ | ४६.९० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

### लुम्बिनी प्रदेशको बजेट तथा खर्चको विवरण

| आ.व. | विनियोजित कुल बजेट (रू. लाखमा) | | | खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ५५४४.४७ | ४६६०.५३ | १०२०५.०० | १२५३.२८ | ६५४.९६ | १९०८.२४ | २२.६० | १४.०५ | १८.७० |
| २०७५/७६ | ११४६५९.०२ | १६६२४३.९८ | २८०९०३.०० | ६८६१२.९७ | १०१७२८.२९ | १७०३४१.२६ | ५९.८४ | ६१.१९ | ६०.६४ |
| २०७६/७७ | १७८४०३.२१ | १८५७६४.७९ | ३६४१६८.०० | १०६८५७.५९ | १४७२१३.१३ | २५४०७०.७२ | ५९.९० | ७९.२५ | ६९.७७ |
| कुल | २९८६०६.७० | ३५६६६९.३० | ६५५२७६.०० | १७६७२३.८४ | २४९५९६.३८ | ४२६३२०.२२ | ५९.१८ | ६९.९८ | ६५.०६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय







## २.४.१० हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

यस मन्त्रालयबाट सालवसाली रूपमा वार्षिक राजस्व र व्ययको अनुमान, छलफल र स्वीकृति तथा कार्यान्वयन, मध्यकालीन खर्च संरचना (MTEF) तर्जुमा तथा प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन, बजेट वक्तव्य, व्यय अनुमानको विवरण तथा वार्षिक कार्यक्रम तयार गरी स्वीकृति पश्चात् समयमै कार्यान्वयनमा लैजाने कार्यहरू सम्पादन गरिएको छ। यसका साथै यस मन्त्रालयले सम्पादन गरेका अन्य महत्त्वपूर्ण कार्यहरू देहायअनुसार छन्:-

(क) आ.व. २०७६/७७ देखि २०७८/७९ सम्म तथा आ.व. २०७७/७८ देखि २०७९/८० सम्मको गरी जम्मा दुईवटा मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी कार्यान्वयनमा ल्याइएको,

(ख) प्रदेश सरकारको बजेट, खर्च तथा निकासामा सूचना प्रविधि/सफ्टवयेर (RIMS, STSA, CGAS र PAMS) लागु गरी प्रविधि मैत्री बनाइएको,

(ग) महालेखा परीक्षकको कार्यालयद्वारा प्राप्त लेखापरीक्षण प्रतिवेदन बमोजिम देखिएको सैद्धान्तिक बेरूजु फछ्र्यौट गरिएको,

(घ) विषयगत मन्त्रालयहरूलाई बजेट कार्यान्वयनमा सहजीकरण गर्नुका साथै नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट र प्रदेश सरकारको तर्फबाट स्थानीय तहहरूमा वित्त हस्तान्तरण गरेको,

(ङ) नेपाल सरकार अर्थ मन्त्रालयको समन्वयमा विषयगत मन्त्रालयका बजेट तथा योजना र लेखासँग सम्बन्धित कर्मचारीलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) सम्बन्धी तालिम सञ्चालन गरिएको,

(च) सम्पूरक आयोजना स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाइएको,

(छ) प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको राजस्व सङ्कलन र सोको बाँडफाँटको व्यवस्थापन समेत गरिएको,

(ज) कोरोना नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि तर्जुमा गरिएको साथै कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोष सञ्चालनमा सहजीकरण गरिएको,

(झ) प्रदेश सरकार मातहतका विभिन्न कार्यालयहरूको अनुगमन गरी राजस्वको चुहावट नियन्त्रणको प्रयास गरिएको,

(ञ) आन्तरिक स्रोत वृद्धि गर्नको लागि मनोरञ्जन कर तथा विज्ञापन करको दायरा वढाउन आवश्यक नीति नियमहरू बनाइएको, साथै स्थानीय तहसँग पहल गरिएको,

(ट) विश्व बैंकलगायत अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको,

## २.४.११ प्रमुख समस्या तथा चुनौतीहरू

(क) आर्थिक प्रशासनमा योगदान गर्न सक्ने दक्ष जनशक्तिको अभाव रहेको,

(ख) मन्त्रालयको कार्यक्षेत्रमा पर्ने विषयमा आवश्यक थुप्रै कानुनहरू बन्न बाँकी रहेको,

(ग) प्रदेश सरकारको आयको दायरा साँघुरो रहेको, एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,

(घ) धेरै साना आयोजना/कार्यक्रम बजेटमा समावेश गर्न दबाब परेको, त्यसलाई नियन्त्रण गर्न नसकिएको,

(ङ) प्रदेशको बजेट तथा कार्यक्रममा स्पष्ट मापदण्ड र प्राथमिकताको अभाव देखिएको। केही मापदण्ड तथा नीतिगत व्यवस्था भएको भएता पनि कार्यान्वयनमा समस्या देखिएको,

(च) प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानीकर्ताहरू आकर्षित हुन नसकेको,

(छ) प्रदेशमा उपलब्ध प्राकृतिक स्रोत साधनबाट प्रदेशले अपेक्षित फाइदा लिन नसकेको (वन, खानी),

(ज) स्थानीय तहबाट हुने अनुदानसम्बन्धी अत्यधिक माग सम्वोधन गर्न कठिन हुने गरेको। आर्थिक वर्षको बिचमा आउने मागहरू सम्वोधन गर्न कठिन हुने गरेको,

(झ) अधुरा आयोजनाको सङ्ख्या बढ्दै गइरहेको,

(ञ) निर्माणकार्यमा गुणस्तर कायम गर्न नसकिएको,

(ट) केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिएबमोजिम प्राप्त नहुने गरेको,

(ठ) स्थानीय तहले गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त सम्पूरक र विशेष अनुदानको रकम समयमै फिर्ता गर्ने नगरेको,

(ड) PLMBIS र PTSA प्रणालीबिचको सामञ्जस्यताको अभावले गर्दा आयोजनाको खर्चको विवरण हेर्न नसकिएको,

(ढ) स्थानीय तहले सङ्कलन गरेको साझा करको अध्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भई नसकेको। साथै साझा करबाट सङ्कलित रकम कतिपय स्थानीय तहहरूले समयमै दाखिला नगरेको।

## २.४.१२ अवसर

(क) राजस्व वृद्धिको लागि स्थानीयतहलाई प्रभावकारी परिचालन गरी चुनढुङ्गा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत् कराधार बृद्धि गर्न सकिने,

(ख) राजस्व, खर्च तथा अनुदान व्यवस्थापनसम्बन्धी एकीकृत प्रणाली विकास गरी आर्थिक अनुशासन कायम गर्न सकिने,

(ग) सङ्घ, प्रदेश र स्थानीयतहबाट सञ्चालन हुने आयोजना व्यवस्थापन तथा कार्यान्वयनमा स्थानीय तह र सङ्घ सरकारका बिचमा रहेर समन्वयकारी भूमिका निर्वाह गर्ने,

(घ) सङ्घ र स्थानीय तहसँगको साझेदारीमा आयोजना पहिचान तथा छनौट गरी कार्यान्वयन गर्न सकिने,

(ङ) आयोजनाको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली विकास गरी आयोजनागत सुशासन कायम गर्न सकिने।

## २.४.१३ भावी कार्यदिशा

(क) प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको दायरालाई व्यवस्थित गर्न आवश्यक कानुन (ऐन, नियमावली, निर्देशिका, कार्यविधि) निर्माणको कार्यलाई तीव्रता दिने,

(ख) मन्त्रालयको कार्यलाई छिटो छरितो रूपमा सम्पादन गर्ने गरी व्यवस्थापकीय क्षमता वृद्धि गर्ने र सूचना प्रविधिको प्रयोगबाट कार्यकुशलता अभिवृद्धि गर्ने,

(ग) प्रदेश सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा परिमाणात्मक मापदण्ड (Threshold) कायम गरी निश्चित आकारका कार्य आयोजनामा बजेट विनियोजन गर्ने, विनियोजित बजेटको दक्षतापूर्वक कार्यान्वयन गर्ने गरी बजेट प्रणालीलाई थप व्यवस्थित गर्दै अघि बढाउने,

(घ) प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रको रूपमा विकसित गर्दै अगाडि बढाउने,

(ङ) प्रदेशमा आन्तरिक तथा वाह्य लगानी आकर्षित गर्न नीतिगत कानुनी एवम् संस्थागत प्रवन्ध गर्दै प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रूपमा अगाडि बढाउने,

(च) स्थानीय तहलाई उपलब्ध गराउने अनुदानहरू मागमा आधारित र प्रदेश सरकारको योगदानको स्पष्ट पहिचान हुने गरी परिमार्जन गर्दै अघि बढाउने,

(छ) आर्थिक अनुशासन तथा पारदर्शितालाई बजेट तथा खर्च व्यवस्थापनको आधारभूत संस्कृतिको रूपमा अवलम्वन गर्दै स्वच्छ प्रदेशको रूपमा पहिचान बनाउने,

## २.५. भौतिक पूर्वाधार विकास मन्त्रालय

### २.५.१ पृष्ठभूमि

प्रदेश सरकारको कार्यक्षेत्रभित्रका सडक, पुल, सिंचाइ, खानेपानी, ऊर्जा, आवास, भवन, सहरी विकासजस्ता पूर्वाधार आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायातसम्बन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयअन्तर्गत एक यातायात पूर्वाधार निर्देशनालयका अतिरिक्त प्रादेशिक सडक, ग्रामीण सडक, आवास, भवन तथा सहरी विकास, जलस्रोत तथा ऊर्जा विकास, खानेपानी तथा सरसफाइ, प्रशासन, योजना तथा अनुगमन गरी विभिन्न ६ वटा महाशाखा र विभिन्न ४८ वटा विषयगत कार्यालयहरू क्रियाशील रहेका छन्।

### २.५.२ दीर्घकालीन सोंच

राष्ट्रिय सबल अर्थतन्त्रमा टेवा पुग्ने गरी प्रदेशस्तरमा आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो विकासको लागि स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित भौतिक पूर्वाधारहरूको विकास र विस्तार गर्ने।

### २.५.३ लक्ष्य

गरिबी निवारण र दिगो शान्ति स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी प्रदेशको **"समृद्ध प्रदेशः खुसी जनता"** को लक्ष्यमा टेवा पुऱ्याउने।

### २.५.४ उद्देश्य

प्रदेशका सडक, सडक पुल, झोलुङ्गे पुल, सिंचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण, खानेपानी तथा सरसफाइ, ऊर्जा, आवास, भवन तथा सहरी विकास जस्ता भौतिक पूर्वाधारहरूको विकास र सुरक्षित, ऊर्जा, आवास, भवन तथा सहरी विकास जस्ता भौतिक पूर्वाधारहरूको विकास र सुरक्षित, भरपर्दो तथा गुणस्तरीय यातायात व्यवस्थापन गर्ने।

### २.५.५ कार्यक्षेत्र

(क) प्रदेशस्तरका ऊर्जा, विद्युत, सिँचाई, खानेपानी, जलउत्पन्न प्रकोप (नदी तथा पहिरो व्यवस्थापन) सम्बन्धी अध्ययन अनसन्धान, नीति, कानुन, मापदण्ड, गुरूयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, सेवाको गुणस्तर तथा शुल्कको

आधार निर्धारण, समन्वय तथा ऊर्जा, विद्युत, सिँचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धनसम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन।

(ख) राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन।

(ग) प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षणसम्बन्धी योजना तथा गुरूयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र मोषम तथा जलमापन सञ्चार सञ्जाल व्यवस्थापन र जलगुण तथा वायूगुणसम्बन्धी प्रयोगशाला व्यवस्थापन।

(घ) प्रदेशभित्रको सवारी दर्ता र चालक अनुमति वितरण तथा नवीकरण, सार्वजनिक यातायातको रूट अनुमति, मापदण्ड, गुणस्तर र भाडादर निर्धारण, यातायात सुरक्षा तथा सवारी प्रदुषण नियन्त्रण एवम् यातायातसम्बन्धी योजना, नीति, मापदण्ड, कानुन तर्जुमा, कार्यान्वयन र नियमनको माध्यमबाट वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन।

(ङ) प्रदेश लोकमार्गसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन।

(च) सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवनसम्बन्धी आयोजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण तथा उपयुक्त भवन निर्माण प्रविधि प्रवर्द्धन तथा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

## २.५.६ जनशक्तिको विवरण

| क्र.सं. | तह/श्रेणी | स्वीकृत दरबन्दी | | | पदपूर्तिको विवरण | | | रिक्त | करार/ अस्थायी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | जम्मा | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | रा.प.प्रथम /एघारौं | २ | ० | २ | ० | १ | १ | १ | ० | |
| २ | रा.प.द्वितीय (नवौं/दशौं) | ४५ | ३ | ४८ | ३१ | ३ | ३४ | १४ | ० | |
| ३ | रा.प. तृतीय (सातौं/आठौं) | १६४ | १२ | १७६ | १०० | ११ | ११४ | ६२ | ७ | |
| ४ | रा.प.अनं. प्र,(पाँचौं/छैटौं) | ३३६ | २७ | ३६३ | २४७ | १६ | २६३ | १०० | २३ | |
| ५ | रा.प.अनं. द्वि.,(चौथो/पाँचौं) | ५४ | ३८ | ९२ | ४४ | २ | ४६ | ४६ | २६ | |
| ६ | श्रेणी/तहविहीन | १३१ | ४२ | १७३ | ६८ | ० | ६८ | १०५ | १०३ | |
| | **कुल** | **७३२** | **१२२** | **८५४** | **४९०** | **३३** | **५२३** | **३२८** | **१५९** | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## २.५.७ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू. हजारमा) | | | खर्च (रू. हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ६२८०० | २४२५०० | **३०५३००** | ५९३८ | ५६५० | **११५००** | ९.४६ | २.३३ | **३.७७** |
| २०७५/७६ | ४९९१८९ | ११२८२३२६ | **११७८१५१५** | ३६९२४२ | ७५६९२०८ | **७९३८४५०** | ७३.९७ | ६७.०९ | **६७.३८** |
| २०७६/७७ | ५४६३८६ | १४५३७०१२ | **१५०८३३९८** | ४२६८१० | १२५४७५४६ | **१२९७४३५६** | ७८.१२ | ८६.३१ | **८६.०२** |
| कुल | **११०८३७५** | **२६०६१८३८** | **२७१७०२१३** | **८०१९९०** | **२०१२२४०४** | **२०९२४३९४** | **७२.३६** | **७७.२१** | **७७.०१** |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## २.५.८ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

(क) प्रदेशभित्र रहेका सडक क्षेत्रको व्यवस्थित एवम् योजनाबद्ध विकास गर्नको लागि प्रादेशिक यातायात गुरूयोजना (Provincial Transportation Master Plan- PTMP ) को प्रारम्भिक मस्यौदा तयार गरी अन्तिम रूप दिन सम्बद्ध सबै पक्षहरूबाट आवश्यक सझाव तथा सल्लाह सङ्कलन भईरहेको। प्रदेश गौरव आयोजनाको रूपमा रहेको प्रदेशको तन-मन जोड्न रामपुर-कपुरकोट सडक बहुवर्षीय आयोजनाको रूपमा तीव्र गतिमा निर्माण कार्य भईरहेको।

(ख) प्रदेशभित्रका हरेक घरधुरीमा आगामी दुई वर्षभित्र **"एक घरः एक धारा"** पुऱ्याउने सङ्कल्प प्रस्तावलाई साकार बनाउन तथा स्वच्छ खानेपानी तथा सरसफाइको दिगो एवम् योजनाबद्ध विकास तथा व्यवस्थापन गर्नको लागि प्रदेशभरका प्रत्येक स्थानीय तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) निर्माण भईरहेको।

(ग) प्रदेशस्तरका जलविद्युत आयोजनाको पहिचान, अध्ययन, निर्माण तथा सञ्चालन, साना प्रसारण लाईन निर्माण तथा व्यवस्थापन, अनुदानमा सौर्य ऊर्जा विवरण तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धनमार्फत् **'उज्यालो प्रदेश'** बनाउनको लागि दाङको लमहीमा **प्रदेश ऊर्जा कार्यालय** स्थापना भई कार्यसञ्चालनमा रहेको।

(घ) अधिक आयोजना तथा कार्यक्रम रहेको सडक, पुल तथा झोलुङ्गे पुलको गुणस्तर एवम् प्रभावकारी रूपमा निर्माण तथा समयमै कार्यसम्पन्न गर्नको लागि साविकका ५ वटा पूर्वाधार विकास कार्यालय र २ वटा सडक डिभिजन कार्यालय गरी जम्मा ७ वटा कार्यालयबाट ११ वटा कार्यालय स्थापना गरी कार्यान्वयनमा रहेका।

(ङ) विपद् प्रभावीत क्षेत्रमा निजी आवास तथा अन्य सार्वजनिक निर्माणको क्षेत्रमा पुनर्निर्माण गर्नको लागि कार्यविधि तयार गरी एकीकृत बस्ती तथा पूर्वाधार विकास विकास कार्यक्रम कार्यान्वयनमा रहेको।

(च) भूमिगत तथा सतही सिंचाइ आयोजना तथा नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजनालाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन तथा मर्मत संभारको माध्यमबाट खेतीयोग्य जमिनमा सिँचाई सुविधामा अभिवृद्धि भएको।

(छ) कर्मचारीहरूको व्यक्तिगत विवरण अनलाइनको माध्यमबाट प्रविष्टी, नियमित अद्यावधिक तथा विवरण सम्पादन गर्नको लागि अनलाइन पोर्टलको निर्माण गरी मन्त्रालय तथा अन्तर्गतका कर्मचारीहरूको विवरणलाई व्यवस्थित बनाइएको।

(ज) मन्त्रालयअन्तर्गतका कार्यालयहरूको सेवाप्रवाह तथा कार्यसम्पादनमा नियमितता, प्रभावकारिता कायम गर्न र सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तरीयता कायम गर्नको लागि वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना, २०७७ तयार गरी सोही अनुरूप कार्यान्वयनमा लगी अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारिता ल्याइएको।

## २.५.८.१ क्षेत्रगत परिमाणात्मक उपलब्धि

**(क) सडक तथा पुलतर्फ**

| क्र. सं. | विवरण | इकाइ | परिमाणात्मक उपलब्धि | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ प्रथम चौ. सम्म | जम्मा (३ वर्ष) | |
| १. | नयाँ ट्र्याक निर्माण | कि.मी. | ० | ११६ | १३२ | १५.६८ | २६३.६८ | |
| २. | सडक विस्तार | कि.मी. | ० | ५१५ | २९९ | ७३ | ८८७ | |
| ३. | ग्राभेल | कि.मी. | ० | २४८ | २०५ | २६.४९ | ४७९.४९ | |
| ४. | कालोपत्रे आंशिक | कि.मी. | ० | ७२ | १०१.९ | ४०.५६ | २१४.४६ | |
| ५. | कालोपत्रे सम्पन्न | कि.मी. | ० | २०० | १५४.४ | ४६.८५ | ४०१.२५ | |
| ६. | मेशनरी/ग्याबियन वाल | घ.मि. | ० | १२७४६० | १५५३३१ | ३७९०५ | ३२०६९६ | |
| ७. | कजवे/कल्भर्ट | कि.मी. | ० | ४८४ | ९७९ | ११८ | १५८१ | |
| ८. | पक्की नाली | कि.मी. | ० | ७० | ८८.७८ | २० | १७८.७८ | |
| ९. | सडक पुल निर्माण | वटा | ० | ९ | ७ | ८ | २४ | |
| १०. | झोलुङ्गे पुल निर्माण | वटा | ० | ३ | ५ | १ | ९ | |

**(ख) खानेपानी तथा सरसफाइतर्फ**

| क्र. सं. | विवरण | इकाइ | परिमाणात्मक उपलब्धि | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ प्रथम चौ. सम्म | जम्मा (३ वर्ष) | |
| १. | विस्तृत सर्वे, डिजाइन, लई तयारी | वटा | ० | ० | ३१४ | ४० | ३५४ | |
| २. | पाइप उपलब्धि | कि.मी. | ० | १०६३ | ४००० | ६२४ | ५६८७ | |
| ३. | इन्टेक निर्माण | वटा | ० | १२८ | २०६ | ३३ | ३६७ | |
| ४. | डिप बोरिङ्ग निर्माण | वटा | ० | १७ | ८३ | १३ | ११३ | |
| ५. | लिफ्ट खा.पा.को सम्प वेल निर्माण | वटा | ० | ० | ५० | ३ | ५३ | |
| ६. | पाइप लाईन जडान (ट्रान्समिसन) | कि.मी. | ० | १३८ | ५०९ | ४९ | ६९६ | |
| ७. | पाइप लाईन जडान (डिष्ट्रिव्यूसन) | कि.मी. | ० | ३२३ | १२९४ | ४४४ | २०६१ | |
| ८. | फेरो पानीटङ्कि निर्माण | वटा | ० | २३३ | २३२ | ३४ | ४९९ | |
| ९. | आर.सि.सी. पानी टङ्की | वटा | ० | ० | २५६ | ६३ | ३१९ | |
| १०. | धारा निर्माण (सार्वजनिक) | वटा | ० | ५ | २६ | ० | ३१ | |

| क्र. सं. | विवरण | इकाइ | परिमाणात्मक उपलब्धि | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ प्रथम चौ. सम्म | जम्मा (३ वर्षे) | |
| ११. | धारा निर्माण (निजि) | वटा | ० | २७८६ | १७१५४ | ८९३९ | २८८७९ | |
| १२. | आयोजना सम्पन्न | वटा | ० | १४ | ४६ | ८ | ६८ | |
| १३. | लाभान्वित घरधुरी | वटा | ० | ६८९९ | १७३३२ | ८९३९ | ३३१७० | |
| १४. | लाभान्वित जनसङ्ख्या | जना | ० | ३५८७५ | ९२२८२ | ४८११४ | १७६२७१ | |
| १५. | वास योजना तयारी | सङ्ख्या | ० | ० | ० | ३१ | ३१ | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## (ग) आवास, भवन तथा सहरी विकासतर्फ

| क्र. सं. | विवरण | इकाइ | परिमाणात्मक उपलब्धि | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ प्रथम चौ. सम्म | जम्मा (३ वर्षे) | |
| **वस्ती विकास कार्यक्रम** | | | | | | | | |
| १. | ढल निर्माण | कि.मी. | ० | १२ | १२.१८ | ११ | **३५.१८** | |
| २. | ग्रावेल सडक निर्माण | कि.मी. | ० | १४ | ६.२३ | ५ | **२५.२३** | |
| ३. | पिच सडक निर्माण | कि.मी. | ० | १ | २.८ | २ | **५.८** | |
| ४. | पि.सि.सि. सडक निर्माण | मी. | ० | २८० | ९४५.५५ | ४६४ | **१६८९.५५** | |
| ५. | फूटपाथ | मी. | ० | ० | १३०० | ० | **१३००** | |
| ६. | रिटेनिङ वाल निर्माण | मी. | ० | ० | ४५८ | १२० | **५७८** | |
| ७. | पार्क | वटा | ० | २ | १३ | ५ | **२०** | |
| ८. | प्रदेश प्रवेश गेट(बर्दिया) | वटा | ० | ० | १ | ० | **१** | |
| ९. | सरकारी कार्यालय/भवन मर्मत | वटा | ० | ४२ | १७२ | १३ | **२२७** | |
| १०. | आयोजनाको अध्ययन | वटा | ० | ७ | ७ | ० | **१४** | |
| ११. | जनता आवास कार्यक्रमः आवास निर्माण | वटा | ० | १८२६ | १२८४ | २३९ | **३३४९** | |
| १२. | ज्येष्ठ नागरिक आवास निर्माण | वटा | ० | ० | १ | ० | **१** | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

| (घ) जलस्रोत तथा ऊर्जा विकासतर्फः | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | इकाइ | परिमाणात्मक उपलब्धि | | | | | कै. |
| | | | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ प्रथम चौ.सम्म | जम्मा (३ वर्षे) | |
| सतह सिंचाइतर्फः | | | | | | | | |
| १. | सिंचाइ बाँध/मुहान | गोटा | ० | ५ | ६२ | १२ | ७९ | आ.व. २०७४/०७५ मा यस मन्त्रालय अन्तर्गत कार्यालयहरू कार्यान्वयनमा नआएको हुँदा उल्लेखनीय उपलब्धि नभएको र रेकर्ड समेत नभएको। |
| २. | पक्की नहर/कुलो | कि.मी. | ० | ३९ | १४८ | १२.४७ | १९९.५ | |
| ३. | लिफ्ट सिंचाइ | गोटा | ० | ९ | २० | ११ | ४० | |
| भूमिगत सिंचाइतर्फः | | | | | | | | |
| ४. | डिप ट्यूववेल (बोरिङ्ग) | गोटा | ० | ५१ | ४६ | १० | १०७ | |
| ५. | पम्प हाउस | गोटा | ० | ५२ | ५१ | २० | १२३ | |
| ६. | पम्प जडान | गोटा | ० | ० | २८ | २० | ४८ | |
| ७. | पावर ड्रिल स्यालो ट्यूववेल | गोटा | ० | ० | १७६ | ० | १७६ | |
| ८. | पाइप लाईनिङ | कि.मि | ० | ५६ | ६१ | १२.५ | १२९.५ | |
| ९. | बिद्युतिकरण | गोटा | ० | ३१ | ४४ | ८ | ८३ | |
| १०. | थप सिंचाइ सुविधा पुगेको क्षेत्र | हेक्टर | ० | ० | ० | ११८.५ | ११८.५ | |
| ११. | सिंचाइ संरचना सुदृढीकरण गरेको क्षेत्र | हेक्टर | ० | ० | ० | १३५ | १३५ | |
| नदी नियन्त्रणतर्फः | | | | | | | | |
| १२. | नदीमा माटोको बाँध बनाई ग्याविन तथा ढलानबाट बचावट कार्य | कि.मि | ० | ३९ | २७ | ० | ६६ | |
| १३. | नदी नियन्त्रणबाट उकास भएको जमिन | हेक्टर | ० | ५४३ | १०८५ | १७ | १६४५ | |
| १४. | तटन्धबाट संरक्षण जमिन | हे | ० | २११३ | ४६३४ | १७३ | ६९२० | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय

## २.५.९ प्रमुख समस्या तथा चुनौतीहरू

(क) अधिक आयोजना, न्यून बजेट।

(ख) आयोजनास्थल क्षेत्रभित्र रहेका रूख कटान तथा व्यवस्थापनमा कठिनाई तथा प्रक्रियागत झन्झट।

(ग) यातायात व्यवस्था अन्तर्गत सम्पादन हुने कार्यहरूको सफ्टवेयर यातायात व्यवस्था विभागद्वारा व्यवस्थापन तथा सञ्चालन गरिने भएकोले प्रदेश सरकारको निर्णयहरू समेत कार्यान्वयनमा कठिनाई उत्पन्न भएको। साथै सवारी चालक अनुमति पत्रको अनलाइन दरखास्त तथा सफ्टवेयर यातायात व्यवस्था विभागमार्फत् सञ्चालन भएकोले नागरिकहरूमा सवारी चालक अनुमती पत्र लिन अत्यधिक माग भएको हुँदा माग

अनुरूपको आवश्यक प्रबन्ध तथा व्यवस्था गरी सवारी चालक अनुमति पत्र उपलब्ध गराउनु चुनौती छ।

(घ) कार्यक्रम/आयोजना निर्माण स्थलमा विद्युतका खम्बा लगायत सडक किनारमा रहेका संरचनाहरू हटाउनको लागि सम्बन्धित निकायहरूबाट आवश्यक पहलकदमी तथा सहयोग नहुँदा निर्माण प्रक्रियामा ढिलाई हुने गरेको।

(ङ) नदीजन्य पदार्थ सम्बन्धी ठेक्का प्रक्रिया ढिला हुँदा आयोजना कार्यान्वयनको लागि निर्माण स्थलमा आवश्यक नदीजन्य पदार्थको अभाव भई कार्यसम्पन्न गर्ने अवधि लम्बिने गरेको।

(च) भौतिक पूर्वाधार निर्माण क्षेत्रमा कोरोना महामारीका कारण श्रमिकको अभाव हटाई आवश्यक स्वदेशी श्रमिकको आपूर्ति गरी आवश्यक सुरक्षा मापदण्ड अपनाई निर्धारित समयमै कार्यक्रम/आयोजनाको कार्यसम्पन्न गर्ने चुनौती देखिएको।

## २.५.१० अवसर

(क) प्रदेशभरका सबै घरधुरीमा आगामी २ वर्ष भित्र **"एक घरः एक धारा"** निर्माण गरी स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने प्रदेश सरकारको सङ्कल्प प्रस्ताव कार्यान्वयन गरी विकट बस्ती तथा अन्य क्षेत्रहरूमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने,

(ख) नागरिकको सुरक्षित आवासको हकको संवैधानिक व्यवस्थाको प्रचलन गराउन दलित, विपन्न र सीमान्तकृत समुदायलाई जनता आवास कार्यक्रमको माध्यमबाट निजी आवास निर्माण गरी नागरिकमा मौलिक हकको कार्यान्वयन समेत टेवा पुग्ने,

(ग) गुणस्तरीय सडक तथा सडक पुलको निर्माणको माध्यमबाट नागरिकमाझ सुरक्षित, भरपर्दो र सहज यातायातको प्रत्याभूति दिलाउन र समग्र प्रदेशको व्यापारिक तथा सामरिक दृष्टिकोणबाट प्रदेशको जन, मन जोड्नको लागि प्रदेश गौरवका आयोजना समेत कार्यान्वयन गर्ने,

(घ) पूर्वाधारका क्षेत्रहरू (सडक, पुल, सिंचाइ, खानेपानी, ऊर्जा, आवास, भवन, सहरी विकास) को विकास तथा निर्माणको माध्यमबाट प्रदेशलाई समुन्नत बनाउने,

## २.५.११ भावी कार्यदिशा

(क) लाभ र लागतको मूल्याङ्कन गरी आयोजना छनौट गर्ने र सोही आधारमा कार्यान्वयनमा प्राथमिकीकरण।

(ख) आयोजनाको प्रभावकारी अनुगमनको व्यवस्था गरी गुणस्तरीयता कायम गर्ने तर्फ अग्रसर हुने।

(ग) खानेपानी तथा सरसफाइ क्षेत्रमा आगामी दुई वर्ष भित्र **"एक घरः एक धारा"** को अभियान सफल पारी नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र वडा, गाँउ, नगर, जिल्ला र प्रदेशलाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्ने।

(घ) गाउँपालिका पहुँच मार्गलाई आगामी तीन वर्ष भित्र कालोपत्रे गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

(ङ) प्रदेश स्तरीय सडक, अन्तर्राष्ट्रिय सीमा जोड्ने सडक पुल, झोलुङ्गे पुलको गुणस्तरय कायम गर्ने।

(च) विद्युतको पहुँच नपुगेका घरधुरीमा वैकल्पिक ऊर्जा प्रवर्द्धन गरी सोलार बत्ति पुऱ्याई **'उज्यालो प्रदेश'** बनाउने।

(छ) दलित, सीमान्तकृत, लोपोन्मुख जातिका लागि आवास निर्माणका लागि जनता आवास कार्यक्रम विस्तार गर्ने।

(ज) सडक निर्माण कार्य गर्दा सुरक्षित यातायातलाई जोड दिइने।

(झ) मन्त्रालय तथा अन्तर्गतका निकायहरू मार्फत् सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगतिको विवरण अनलाइन मार्फत् नियमित रूपमा प्रगतिको अवस्था अद्यावधिक हुने गरी अनलाइनमा आधारित पोर्टलको निर्माण गरी कार्यान्वयनमा ल्याइने।

## २.६. सामाजिक विकास मन्त्रालय

### २.६.१ पृष्ठभूमि

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ५ ले दिएको अधिकार प्रयोग गर्ने गरी सामाजिक विकास मन्त्रालयको स्थापना भएको हो। विभिन्न विषयगत क्षेत्रका कार्य विवरणहरूको एकीकृत संयोजन गर्ने गरी स्थापित यस मन्त्रालयसँग शिक्षा, स्वास्थ्य, सामाजिक विकास, युवा, खेलकुद, श्रम, रोजगार, विज्ञान प्रविधि, भाषा, लिपि र सरसफाइ जस्ता कार्यक्षेत्रहरू रहेका छन्।

### २.६.२ दीर्घकालीन सोंच

सामाजिक न्यायसहितको समतामूलक समुन्नत समाजको सिर्जना गर्ने।

### २.६.३ उद्देश्य

समालोचनात्मक र रचनात्मक चिन्तनयुक्त नागरिकबाट भाषिक, जातीय, क्षेत्रीय, वर्गीय, लैङ्गिक, भौगोलिक लगायतका विविधतामा शान्ति, मैत्री र बन्धुत्वको भावना सहितको सामाजिक सांस्कृतिक ऐक्यवद्धता हासिल गर्ने।

### २.६.४ लक्ष्य

स्वस्थ, शिक्षित, स्वरोजगारउन्मुख, स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, श्रमप्रति आस्थावान, सक्षम र सवल नागरिक तयार गर्ने।

### २.६.५ कार्यक्षेत्र

(क) गुणस्तरीय विद्यालय शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार गर्दै उच्च शिक्षालाई अनुसन्धानमूलक र प्रतिस्पर्धी बनाउने।

(ख) आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको दायरा फराकिलो बनाउने।

(ग) ज्येष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरूलाई सम्मानजनक जीवनयापनका लागि उपयुक्त वातावरण तयार गर्ने।

(घ) आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाहरूको मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै महिलाहरूको समतामूलक विकास र अर्थपूर्ण सहभागितामा जोड दिने।

(ङ) बाल अधिकारको पूर्ण प्रत्याभूति गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्ने।

(च) खेलकुद पूर्वाधारको विकास गर्दै खेलाडीहरूमा समान अवसर र प्रतिष्पर्धाको वातावरण सुनिश्चित गरी खेलकुदको प्रवर्द्धन गर्ने।

(छ) वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्रविधिका माध्यमबाट उद्यमशिलता र औद्योगिक विकासमा सहयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै सेवा प्रवाहमा सुधार गर्ने।

(ज) आन्तरिक रोजगारी, श्रम बजारको आवश्यकता तथा उद्यमशीलताका लागि दक्ष तथा सीपयुक्त जनशक्तिको उत्पादन गर्ने।

## २.६.६ जनशक्तिको विवरण

| जम्मा कार्यालयको सङ्ख्या | तह/श्रेणी | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति | | | अस्थायी/करार/ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | जम्मा | समायोजन/पदस्थापन | कामकाज | जम्मा | | | |
| ४९ | रा.प.प्रथम | १ | | | १ | | १ | | | |
| | एघारौं | २५ | ६ | ३१ | ५ | ३ | ८ | ० | २३ | |
| | नवौं/दशौं | १३६ | ५२ | १८८ | ३२ | २३ | ५५ | ० | १३३ | |
| | आठौं | १११ | ३१ | १४२ | ५१ | ५ | ५६ | २८ | ५८ | |
| | सातौं/आठौं | १०३ | ९ | ११२ | ४२ | ४ | ४६ | २ | ६४ | |
| | पाँचौं/छैठौं/सातौं | ४३९ | ५८ | ४९७ | २७६ | १० | २८६ | १३४ | ७७ | |
| | चौथौ/पाँचौं/छैठौं | २३६ | ६९ | ३०५ | १८२ | ४ | १८६ | ६० | ५९ | |
| | श्रेणीविहीन | २४९ | १२ | २६१ | ९२ | ४ | ९६ | १६५ | ० | |
| | जम्मा | १२९९ | २३७ | १५३६ | ६८० | ५३ | ७३४ | ३८९ | ४१४ | |

स्रोतः सामाजिक विकास मन्त्रालय

## २.६.७ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू लाखमा) | | | खर्च रू (लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४।७५ | २५४.१४ | ४३४.२३ | ६८८.३७ | १३९.८७ | ४९.४३ | १८९.३० | ५५.०३ | ११.३८ | २७.५ |
| २०७५।७६ | ९०३९.५४ | ८७३०.२४ | १७७६९.७८ | ८२२५.९८ | ५९७२.०७ | १४१९८.०५ | ९१ | ६८.४ | ७९.९ |
| २०७६।७७ | ३५१४६.१२ | ८७७६.१४ | ४३९२२.२६ | २७७९२.१४ | ५९६२.२६ | ३३७५५ | ७९.०७ | ६७.९३ | ७६.८५ |

स्रोतः सामाजिक विकास मन्त्रालय

### २.६.८ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

(क) स्वास्थ्य

| मुख्य कामको विवरण | स्थान/परिमाण |
|---|---|
| प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना | ओमसतिया गाउँपालिका रूपन्देही गहुँवाली |
| रूकुम पूर्व अस्पतालको स्थापना र सञ्चालन | रूकुम पूर्व जिल्लाको सदरमुकाम |
| प्रदेश जनस्वास्थ्य प्रयोगशालाका लागि जग्गा प्राप्ति सम्पन्न | रूपन्देही तामनगरमा १ विगाहा जग्गा |
| कोरोना संक्रमणको निदान तथा रोकथामका लागि संक्रमितको पहिचान गर्न पिसिआर प्रयोगशाला स्थापना | पाल्पा, गुल्मी र रूपन्देही |
| ८४ वर्ष उमेरपुगेका व्यक्तिहरूका लागि घरमै निशुल्क उपचार तथा निःशुल्क औषधि वितरण सेवा प्रदान | १२ वटै जिल्लामा गरी ७८६५ जना ज्येष्ठ नागरिक लाभान्वित। |
| कोभिड-१९ को उपचारका लागि कोरोना विशेष अस्पताल स्थापना | बुटवल, भैरहवा, दाङ र नेपालगञ्ज |
| अक्सिजन कन्सन्ट्रेटरको व्यवस्था। | प्रदेश मातहतका सबै १३ अस्पतालमा जम्मा ४४ सेट उपलब्ध भएको। |
| वर्थिङ सेन्टरका लागि सामग्री उपलब्ध गराइएको। | प्रदेश मातहतका बाह्रवटै जिल्लाहरूमा जम्मा १६१ सेट। |
| राप्ती प्रादेशिक अस्पतालमा ICU सेवा सञ्चालन | दाङको तुलसीपुर |
| एम्बुलेन्स सेवा विस्तार | प्रदेश मातहतका सबै १३ अस्पताल |
| शव व्यवस्थापनका लागि शववाहनको व्यवस्था | बुटवल, तुल्सीपुर र नेपालगञ्ज उपमहानगरपालिका |
| चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य सम्बन्धी आधारभूत तथा एडभान्स तालिम | प्रदेशका १२ वटै जिल्ला र अन्य प्रदेशमा समेत गरी जम्मा १२२१ जनालाई प्रदान गरिएको |
| ओमशान्ति बुटवलको सहकार्यमा राजयोग सभागृहको निर्माण | बुटवल उपमहानगरपालिका |
| आँखा सेवाको सवलीकरण र सहजीकरणका लागि प्रदेश मातहतका अस्पतालमा आँखा | गुल्मी, रोल्पा, बर्दिया र भिम अस्पताल रूपन्देही |

| मुख्य कामको विवरण | स्थान/परिमाण |
|---|---|
| सेवाको विस्तार गरिएको | |
| ब्लडबैंक सुदृढीकरणका लागि आवश्यक व्यवस्था मिलाइएको | प्रदेशका १२ जिल्ला मध्ये रूकुम पूर्व र कपिलवस्तु बाहेक सबै जिल्लाहरू |
| ६० वटा एम्बुलेन्सहरूको ट्र्याकिङको व्यवस्था मार्फत् आपतकालीन अवस्थामा समेत नागरिकलाई सेवा पहुँचको सुनिश्चितता गरिएको | प्रदेश मातहतका १२ जिल्ला |
| प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीलाई औषधि उत्पादन केन्द्रको रूपमा विकास गर्न जिएमपी स्टाण्डर्डको भवन निर्माणको काम अगाडि बढेको। | प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरी, दाङ |
| प्रदेशस्तरीय योगाहल लुम्बिनी आयुर्वेद चिकित्सालय बुटवलमा निर्माण भई सन्चालनमा आएको | बुटवल उपमहानगरपालिका, रूपन्देही |
| लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा सिटि स्क्यान सेवा सुरू गर्नुका साथै लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो र अर्थोको विशिष्टीकृत सेवा सञ्चालन गर्नका लागि रोगको निदानमा सहयोग पुऱ्याउन रेडियोलोजी सेवाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भैरहेको | रूपन्देही र दाङ |
| प्रदेशस्तरीय अस्पतालहरूमा सामाजिक सुरक्षा एकाइ स्थापना गरी यी अस्पतालहरूमा असहाय, गरिब, ज्येष्ठ नागरिक लगायतका नागरिकहरूको सहज र सरल पहुँचको सुनिश्चितता गरिएको | पाल्पाका दुई, नवलपरासी, भिम, रूकुमपूर्व, रोल्पा, कपिलवस्तु, अर्घाखाँची र प्युठान समेत गरी ९ अस्पताल |
| ३ वटा अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center) सेवा थप बिस्तार गरी हाल सबै जिल्लामा सेवा विस्तार गरिएको | राप्ती प्रादेशिक अस्पताल दाङ, रामपुर अस्पताल पाल्पा र भिम अस्पताल भैरहवा |
| राप्ती प्रादेशिक अस्पताल तुलसीपुर दाङमा पेडियाट्रिक विशिष्टीकृत सेवा सञ्चालनमा ल्याइएको। | तुलसीपुर, दाङ |

### (ख) शिक्षा

| उपलब्धि | कार्यक्रम सञ्चालन हुने/ भएको क्षेत्र |
|---|---|
| प्रदेश विश्वविद्यालय स्थापनाको आधारको रूपमा रहेको विधेयक प्रदेश सभामा पेस | बाँकेको खजुरामा स्थापना गर्ने योजना सहित |
| सामाजिक विकास मन्त्रालयको रू. ५० लाख सहयोग तथा लुम्बिनी बौद्ध विश्वविद्यालय र सामाजिक विकास मन्त्रालयको सहकार्यमा बुटवलको कान्ति माध्यमिक विद्यालयमा वि.ए.एल.एल.वी.को कार्यक्रम सञ्चालनमा आएको। | हालसम्म यो कार्यक्रमबाट ८२ जना विद्यार्थीहरू लाभान्वित भएका छन्। |
| सामाजिक विकास मन्त्रालयको रू.५० लाख सहयोग तथा सामाजिक विकास मन्त्रालय र पद्मोदय क्याम्पस दाङको सहकार्यमा दाङको घोराहीमा विज्ञान सङ्कायमा स्नातक तहको कक्षा सञ्चालन | दाङको घोराहीमा सञ्चालित कक्षाबाट हालसम्म २३ जना विद्यार्थीहरू लाभान्वित भएका छन्। |
| लुम्बिनी प्रदेशको १२ वटै जिल्लामा गणित र विज्ञान विषयको नतिजा सुधार गर्न ८४८ विद्यालयमा गणित र ७४७ विद्यालयमा विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गरी अतिरिक्त कक्षामा १७०० जना शिक्षकको परिचालन गरिएको। | ५६,००० विद्यार्थीहरू अतिरिक्त कक्षामा सञ्चालनबाट नतिजा सुधारमा प्रत्यक्षरूपमा लाभान्वित भएको |
| प्रदेशका बाह्रै जिल्लामा १/१ वटाका दरले १२ वटा विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा छनौट गरी प्रति विद्यालय रू ७५ लाखको सहयोगमा पूर्वाधार लगायतका कामहरू सम्पन्न गरिएका छन् | २०७६/०७७ का लागि<br>• आदर्श मा.वि. मालारानी-३ खनदह, अर्घाखाँची<br>• समयथान मा.वि. शिवराज, खरेन्द्रपुर, कपिलवस्तु<br>• उदय मा.वि. चन्द्रकोट-३, शान्तिपुर, गुल्मी<br>• सरस्वती मा.वि. गढवा-३, गोवरडिहा, दाङ<br>• दिव्यज्योति मा.वि. बर्दघाट-२, चिसापानी, नवलपरासी<br>• जनता मा.वि. तानसेन-३, पाल्पा<br>• महेन्द्र मा.वि. मल्लरानी-४, खलङ्गा, प्युठान |

| उपलब्धि | कार्यक्रम सञ्चालन हुने/ भएको क्षेत्र |
|---|---|
| | • पाञ्चजन्य मा.वि. बारबर्दिया-४, पदनाहा, बर्दिया<br>• कृष्ण मा.वि. कोहलपुर, बाँके<br>• जनसहयोग मा.वि पुथा, उत्तरगंगा, रूकुम पूर्व<br>• नविन औ.क.ब.रि. मा.वि, बुटवल, रूपन्देही<br>• जनसेवा मा.वि. परिवर्तन-२, रोल्पा |
| विज्ञान प्रविधि प्रतिष्ठानको भवन निर्माण सम्पन्न हुने चरणमा रहेको। | नेपालगञ्ज, बाँके |
| सामुदायिक क्याम्पसमा भवन निर्माण | १२ वटै जिल्ला समेट्ने गरी १८ वटा भवन |
| कान्ति मा.वि. बुटवलमा विज्ञान विद्यालय स्थापना २० करोड लगानीमा २/२ वटा विद्यालय भवन र छात्रावासको निर्माण सुरू | बुटवल उपमहानगरपालिका, रूपन्देही |
| शिक्षक तालिम प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तह समेतका लागि | १२ जिल्लाका ९९६ जना शिक्षकहरू तालिमबाट लाभान्वित |
| प्रधानाध्यापक नेतृत्व विकास तालिम | १२ जिल्लाका ६७ जना प्रधानाध्यापक लाभान्वित |
| विज्ञान विषयमा विद्यार्थीहरूलाई आकर्षित गर्न कक्षा ११ र १२ मा विज्ञान सङ्काय पढ्ने सबै छात्राहरूलाई मासिक रू १०००/- का दरले र दलित मुस्लिम लगायत पछाडि परेको वर्ग वा समुदायका उच्च शिक्षा अध्ययन गर्ने सबै छात्राहरूलाई रू १०००/- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइएको। | प्रदेश मातहतका सबै जिल्ला समेटिएको |
| उच्च शिक्षा छात्रवृत्ति | न्युनतम रू.५ हजारदेखि अधिकतम रू.२० हजारसम्म एकमुष्ट रूपमा प्रदान गरिएको |
| ६० सामुदायिक क्याम्पसहरूमा भौतिक पूर्वाधार तथा गुणस्तर वृद्धिका कार्यक्रमहरू सम्पन्न भइसकेका छन् | प्रदेशका १२ जिल्लामा रहेका सामुदायिक क्याम्पसहरू |

### (ग) युवा खेलकुद

| कार्यक्रमको नाम | कैफियत |
|---|---|
| आउटडोर तथा इनडोर खेलकुद संरचना निर्माण | प्रदेश भरी कुल १४ वटा |
| खेलाडीहरूको पहिचान प्रवर्द्धन र विकासका लागि प्रदेशस्तरीय मुख्यमन्त्री रनिङशिल्ड प्रतियोगिता सम्पन्न गरिएको | १२ वटै जिल्लाबाट सहभागी हुने अवस्था सिर्जना गरिएको |
| नेत्रलाल अभागी रङ्गशाला, दाङ र उजिर सिंह रङ्गशाला, बुटवल | सार्कस्तरीय रङ्गशाला निर्माणका लागि प्रक्रिया अगाडि बढेको |

### (घ) सामाजिक विकास

| कार्यक्रमको नाम | कैफियत |
|---|---|
| सैनामैना नगरपालिकामा ज्येष्ठ नागरिक तथा अपाङ्गग्रामको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण भई निर्माण कार्य अगाडि बढेको | रूपन्देही जिल्ला |
| १२ वटै जिल्लामा CBR कार्यक्रम सञ्चालनबाट लाभान्वित | ५०० जना अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित |
| नीलसागर असहाय अपाङ्ग केन्द्र बाँकेमा भवन निर्माण मार्फत् सहयोग | निर्माण कार्य प्रारम्भ |
| घरेलु हिंसा प्रभावीत तथा पीडित महिलाहरूका लागि २ स्थानमा साझेदारीमा पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालनमा ल्याइएको | रूपन्देही र बाँके |
| अपाङ्गहरूलाई रोजगारीका लागि बीउ पूँजी वितरण | १७ लाख १० हजार बाह्रै जिल्ला |
| नटुवा र सोनाह समुदायका युवालाई बालविकास शिक्षकमा नियुक्ति | कपिलवस्तु र दाङ |

## २.६.९ प्रमुख समस्या/चुनौती

(क) बिशिष्टीकृत स्वास्थ्य सेवाको लागि विशेषज्ञ चिकित्सक तथा अन्य सेवा समेतका लागि स्वास्थ्यकर्मीहरूको अप्रयाप्तता।

(ख) प्रदेशभित्र सञ्चालित निजी स्वास्थ्य संस्थाहरूको नियमन।

(ग) बायोमेडिकल प्राविधिक तथा मर्मत सम्भार स्थलको अभावले उपकरणहरू मर्मत सम्भार हुन नसक्नु।

(घ) नसर्ने रोगको व्यवस्थापनका लागि आवश्यक जनशक्ति तथा उपकरणको कमी।

(ङ) स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकिनु।

(च) चिकित्सकीय औजार उपकरणहरूको अप्रयाप्तता।

(छ) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको विशिष्टीकृत सेवाको अभाव

(ज) कार्यान्वयन तहमा संरचना र प्राविधिक जनशक्ति नहुँदा लक्षित कार्यक्रम सम्पन्न हुन नसकेको।

(झ) खेलकुद सम्बद्ध प्रदेशस्तरीय र जिल्लास्तरीय संरचनाको अभाव।

(ञ) रोजगारदाताहरू तथा सीपमूलक पाठ्यक्रमको विकास गर्ने निकाय र सीप विकास तालिम प्रदायक निकाय बिचमा सहकार्य र समन्वयको अभाव।

(ट) विज्ञान प्रविधि  र सूचना तथा सञ्चारले विश्वमा ल्याएको परिवर्तन अनुकूल हुने गरी सीप विकासको कार्यक्रमहरू सहितको परिमार्जित पाठ्यक्रमको विकास नहुनु।

(ठ) श्रम रोजगारका क्षेत्रमा प्रयाप्त अध्ययन तथा अनुसन्धान गरी सीपका नयाँ क्षेत्र तथा विधाहरूको पहिचान गर्न प्रयाप्त लगानी गर्न नसकिनु।

## २.६.१० अवसर

(क) लुम्बिनी प्रादेशिक अस्पतालको माष्टर प्लानको निर्माण भई यस अस्पताललाई प्रदेशको गौरवको आयोजनामा समावेश हुनुका साथै भिम अस्पताल, बर्दिया अस्पताल र रूकुम पूर्व अस्पतालको पूर्वाधार निर्माणको काममा अगाडि वढ्ने।

(ख) प्रदेशस्तरका सबै जिल्ला अस्पतालहरू कम्तिमा ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्ने।

(ग) निजी स्वास्थ्य संस्था नियमन गर्नको लागि प्रदेश स्वास्थ्य संस्था स्थापना, नवीकरण तथा स्तरोनन्ती ऐन तथा नियमावली लागु गरी नियमनलाई अगाडि बढाउने।

(घ) सरूवारोग अस्पतालको स्थापनाका लागि स्थान कपिलवस्तुको शिवपुर पहिचान भई भवन निर्माणको प्रक्रिया अगाडि बढ्ने।

## २.६.११ भावी कार्यदिशा

(क) प्रदेश गौरव आयोजनाको रूपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रूपमा स्तरोन्नति गर्न तयार गरिएको मास्टरप्लान अनुसार छिटो निर्माण सम्पन्न गरी जटिल प्रकारका रोगको उपचारका लागि अन्यत्र जानुपर्ने वाध्यताको अन्त्य गर्ने।

(ख) प्रदेशको स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक योजना तयार गर्ने।

(ग) प्रदेश जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य तालिम केन्द्रको भवन निर्माण सम्पन्न गर्ने र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँगको सहकार्यमा एनेस्थेसियोलोजी समुहको जनशक्ति उत्पादन गर्ने।

(घ) प्रदेश मातहतका सबै १३ वटा अस्पतालहरूमा नवजात शिशु मृत्युदर कम गर्न एनआईसियु र एसएनसियु सेवा विस्तार गर्ने।

(ङ) खेलको माध्यमबाट स्वच्छ नागरिक निर्माण गर्दै समग्र राज्य निर्माणमा योगदान पु-याउने लक्ष्य अनुरूप सार्कस्तरीय रंगशाला निर्माण गर्ने, दाङको नेत्रलाल अभागी रङ्गशाला र बुटवलको उजिरसिंह रङ्गशालाको निर्माण कार्य शीघ्र सम्पन्न गर्ने।

(च) प्रदेशका सबै जिल्ला समेट्ने गरी प्रदेश मातहतका सबै अस्पतालमा प्रसुति गृह स्थापना गर्नुका साथै नागरिक आरोग्य केन्द्र स्थापना गर्ने।

(छ) विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग र गणित विषयका सक्षम जनशक्ति उत्पादनका लागि विद्यालहरूसँगको सहकार्यमा सबै विषयका शिक्षकलाई तालिम सञ्चालन गर्ने।

(ज) लुम्बिनी प्रदेशलाई सडक मानव मुक्त प्रदेश निर्माण गर्ने अभियान अन्तर्गत पुनःस्थापना केन्द्र सेफ हाउस तथा रेस्क्यु र संरक्षण कार्यक्रम सञ्चालन गर्ने।

(झ) प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्तरोन्नति गर्ने।

## २.७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### २.७.१ पृष्ठभूमि

लुम्बिनी प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारीका साथ २०७४ माघ २६ गतेदेखि यो मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। औद्योगिक प्रदेशको रूपमा विकास गर्न प्रदेश भित्रको औद्योगिक तथा व्यापार व्यवसायको प्रवर्द्धन, विकास र नियमन, दिगो र फराकिलो पर्यटनको माध्यमबाट समग्र नेपाल र यस प्रदेशलाई विश्वसामु परिचित गराउन र अर्थतन्त्रमा उल्लेखनीय योगदानका लागि प्रदेश भित्रको पर्यटन विकासका लागि नीति तथा योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, प्रदेश भित्रको वनसम्पदाको दिगो र उत्पादनमूलक व्यवस्थापन गरी स्थानीय आवश्यकतालाई सहज पूर्ति गरी आत्मनिर्भर हुन प्रदेश भित्रको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नीति नियम निर्माण, दिगो व्यवस्थापन, बहुउपयोग र नियमन, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन र नियमन र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ।

### २.७.२ दीर्घकालीन सोंच

उद्योग तथा पर्यटन क्षेत्रको प्रवर्द्धन, वन लगायतका प्राकृतिक स्रोतहरूको संरक्षण एवम् दिगो व्यवस्थापन र वातावरण संरक्षणबाट दिगो र समावेशी समृद्धि हासिल गर्दै **"समृद्ध प्रदेश, खुसी जनता"** प्रादेशिक लक्ष्य पुरा गर्न योगदान पुऱ्याउने।

### २.७.३ लक्ष्य

उद्योग तथा पर्यटनमा आधारित रोजगारी वृद्धि गरी उपलब्ध प्राकृतिक, सांस्कृतिक तथा जैविक स्रोतहरूको दिगो र महत्तम उपयोग मार्फत् स्थानीय समुदायहरूको जीविकोपार्जन एवम् प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने।

### २.७.४ उद्देश्यहरू

#### (क) औद्योगिक विकास र प्रवर्द्धनतर्फ

(क) उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु।

(ख) उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु।

(ग) औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु।

(घ) रोजगारीको सङ्ख्या र गुणस्तरमा अभिवृद्धि गर्ने।

### (ख) पर्यटन विकास तथा प्रवर्द्धनतर्फ

(क) प्रदेशलाई आकर्षक तथा सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै आन्तरिक तथा बाह्य दुवै पर्यटकको आगमनमा उल्लेखनीय वृद्धि गरी स्थानीय रोजगारी र आयस्तरमा वृद्धि गर्नु।

(ख) पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधिकरण र विकास गर्नु।

(ग) प्रदेश भित्रका प्रमुख पर्यटकीय उपजहरू (Tourism Products) को बजारिकरण तथा प्रवर्द्धन गर्नु।

### (ग) वन, जैविक विविधता र जलाधारको दिगो व्यवस्थापनतर्फ

(क) दिगो एवम् वैज्ञानिक वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु।

(ख) काठ, दाउरा, जडिबुटी लगायतका महत्त्वपूर्ण वन पैदावारहरू र पारिस्थितिकीय सेवाहरूको सरल र सतत आपुर्ति गर्ने।

(ग) जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु।

(घ) जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु।

### (घ) वाणिज्य तथा आपूर्तितर्फ

(क) आन्तरिक तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत् प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु।

(ख) तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु।

(ग) उपभोक्ताको हकहित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु।

(घ) आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु।

### (ङ) वातावरण संरक्षण तथा जलवायु परिवर्तनजन्य नकारात्मक प्रभाव न्यूनीकरणतर्फ

(क) हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु।

(ख) बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदूषण न्यूनीकरण गराउनु।

(ग) वातावरण मैत्री दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु।

### (च) संस्कृति संरक्षण र प्रर्वद्धनतर्फ

(क) प्रदेशका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु।

## २.७.५ कार्यक्षेत्र

(क) औद्योगिक विकास र प्रवर्द्धन

(ख) पर्यटन विकास र प्रवर्द्धन

(ग) वन, वनस्पति, जैविक विविधता र जलाधार व्यवस्थापन

(घ) वाणिज्य तथा आपूर्ति

(ङ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन

(च) संस्कृति संरक्षण तथा प्रवर्द्धन

(छ) खानी तथा खनिज अन्वेषण, व्यवस्थापन र प्रवर्द्धन

## २.७.६ जनशक्तिको विवरण तथा वर्तमान अवस्था

### मन्त्रालय र मातहतका कार्यालयहरूको कर्मचारी दरबन्दी र उपलब्ध जनशक्तिको विवरण

| जम्मा कार्यालय सङ्ख्या | सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| ३५ | १ | प्रदेश सचिव | वन | समूहकृत नहुने | रा.प. प्रथम प्रा. | १ | ० | १ | ० | १ | १ | ० | ० | मन्त्रालय |
| | २ | निर्देशक | वन | ज.फ | एघारौं तह | १ | ० | १ | ० | ० | ० | ० | १ | वन निर्देशनालय अधिकृत दशौं तह निमित्त बाट कार्य सन्चालन भएको |
| | ३ | निर्देशक | वन | ज.फ | नवौं/दशौं | १ | ० | १ | १ | | १ | ० | ० | तालिम केन्द्र |
| | ४ | निर्देशक | प्रशासन | सा. प्रशासन | रा.प.द्वि. | १ | ० | १ | ० | १ | १ | ० | ० | उ.वा. तथा उ.हि. नि. |
| | ५ | वन संरक्षण तथा व्य. अधिकृत | वन | ज.फ | नवौं/दशौं | ५ | ० | ५ | ३ | | ३ | ० | २ | मन्त्रालय/वन निर्देशनालय |
| | ६ | व. जलाधार व्य.अ | वन | स्वा.एण्ड वा.क | नवौं/दशौं | २ | ० | २ | २ | ० | २ | ० | ० | भू तथा ज.व्य. का. |
| | ७ | डिभिजन वन अधिकृत | वन | ज.फ. | नवौं/दशौं | १४ | ० | १४ | १४ | ० | १४ | ० | ० | डि.व.का. हरू |
| | ८ | प्रमुख उद्योग अधिकृत | प्रशासन | सा.प्र. | अधिकृत नवौं | ३ | ० | ३ | ० | १ | १ | ० | २ | घ. तथा सा.उ.का. |
| | ९ | कार्यालय प्रमुख | प्रशासन | सा.प्र. | अधिकृत नवौं | ० | २ | २ | ० | ० | ० | ० | २ | |

| जम्मा कार्यालय सङ्ख्या | सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| | १० | वरिष्ठ बाली विकास अधिकृत | कृषि | एग्रोनोमी | नवौं/दशौं | १ | ० | १ | ० | ० | ० | ० | १ | वन अनुशन्धान तथा प्रशिक्षण केन्द्र |
| | ११ | उपसचिव | प्रशासन | सा.प्र. | रा.प./द्वि.प्र | ३ | ० | ३ | ० | १ | १ | ० | २ | मन्त्रालय |
| | १२ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | २५ | ७ | ३२ | १६ | ५ | २१ | ० | ११ | |
| | १३ | संग्रहालय प्रमुख | शिक्षा | परातत्व | रा.प.तृ | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | १४ | स.व.अ. | वन | ज.फ | सातौं/आठौं | १४२ | ० | १४२ | १३५ | ० | १३५ | ० | ७ | |
| | १५ | स.अनुसन्धान अधिकृत | वन | फ.री | सातौं/आठौं | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | १६ | सहायक भूसंरक्षण अधिकृत | वन | स्वा.एण्ड वा.क भू संरक्षण | सातौं/आठौं | ८ | ० | ८ | ७ | ० | ७ | ० | १ | |
| | १७ | प्रशिक्षण अधिकृत | विविध | - | रा.प.तृ.प्रा. | २ | ० | २ | ० | ० | ० | ० | २ | |
| | १८ | लेखा अधिकृत | प्रशासन | लेखा | अ.सातौं/आठौं | ९ | ० | ९ | २ | ० | २ | ० | ७ | |
| | १९ | कानुन अधिकृत | न्याय | कानुन | रा.प.तृतीय | १ | ० | १ | ० | १ | १ | ० | - | मन्त्रालय |
| | २० | क.ईन्जिनियर | विविध | - | रा.प.तृतीय (प्रा) | १ | ० | १ | ० | ० | ० | ० | १ | मन्त्रालय विज्ञान तथा सूचना शाखा अन्तर्गत रहेको र उक्त विज्ञान वातावरण जलवायू परिवर्तन महाशाखा मध्ये सामाजिक मन्त्रालयबाट |

| जम्मा कार्यालय सङ्ख्या | सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| | | | | | | | | | | | | | | संस्कृति यस मन्त्रालयमा आई विज्ञानतर्फको दरवन्दी अन्यत्र गएको नदेखिएको। |
| | २१ | खानी अधिकृत | ईन्जिनियर | माईनिङ | रा.प.तृतीय(प्रा) | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | २२ | स. वनस्पती अधिकृत | वन | वोटानी | सातौं | १ | ० | १ | १ | ० | १ | ० | - | |
| | २३ | वातावरण निरिक्षक | विविध | - | सातौं | १ | ० | १ | १ | ० | १ | ० | - | |
| | २४ | ईन्जिनियर | ईन्जिनियर | सिभिल ई | रा.प.तृ. प्रा. | २ | ७ | ९ | ० | ० | ० | ६ | ३ | |
| | २५ | वालि विकास अधिकृत | कृषि | एग्रोनोमि | अ.सातौं/आठौं | ३ | ० | ३ | १ | ० | १ | ० | २ | |
| | २६ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | सहायक पाँचौं/अ.छैठौं | ४० | १६ | ५६ | ३२ | ७ | ३९ | ० | १७ | |
| | २७ | पथप्रदर्शक | शिक्षा | पुरातत्व | | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | २८ | ग्यालरी सहायक | शिक्षा | परातत्व | | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | २९ | भू .सं. सहायक | वन | स्वा.वा.क | सहायक स्तर पाँचौं/छैठौं | ५ | ० | ५ | १ | ० | १ | ० | ४ | |
| | ३० | लेखापाल/अधिकृत | प्रशासन | लेखा | सहायक | २४ | ७ | ३१ | २१ | ३ | २४ | | ७ | |

| जम्मा कार्यालय सङ्ख्या | सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| | | | | | पाँचौं/अ.छैठौं | | | | | | | | | |
| | ३१ | प्राविधिक सहायक | वन | वोटानी | अ.छैठौं | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | ३२ | रेन्जर | वन | फरि | स. पाँचौं | १ | ० | १ | ० | ० | ० | | १ | |
| | ३३ | रेन्जर | वन | ज.फ. | स. पाँचौं/छैठौं | ७८ | ० | ७८ | ५४ | ० | ५४ | ० | २४ | |
| | ३४ | प्राविधिक सहायक | वन | भूसंरक्षण | रा.प.अनं. प्र.प्रा | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | ३५ | सब- ईन्जिनियर | ईन्जिनियर | सिभिल ईरि | स. पाँचौं/छैठौं | ४ | ६ | १० | ० | ० | ० | ३ | ७ | |
| | ३६ | प्रमुख शिक्षक | विविध | - | सहायकस्तर पाँचौं | १० | ० | १० | ० | ० | ० | ० | १० | |
| | ३७ | टाईपिष्ट | प्रशासन | सा.प्र. | वेगअनुसार | २ | ० | २ | २ | ० | २ | ० | ० | |
| | ३८ | प्रा. सहायक | ने.शिक्षा | पुरातत्व | सहायकस्तर पाँचौं | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | ३९ | ना.सु. प्राविधिक | ईन्जि. | माइनिङ | रा.प.अनं. प्रथम प्रा. | २ | ० | २ | ० | ० | ० | ० | २ | |
| | ४० | क.अपरेटर | विविध | - | स.पाँचौं. | २ | १२ | १४ | | ९ | ९ | २ | ३ | मन्त्रालयमा स.क.अ.पूर्ति भएको र ३ वटा रिक्त दरवन्दी अस्थायी भएको। |
| | ४१ | सहायक/ खरिदार | प्रशासन | सा.प्र | रा.प.अनं द्वि./ पाँचौं | १७ | ० | १७ | ७ | ० | ७ | ० | १० | |
| | ४२ | फरेष्टर | वन | ज.फ. | स.पाँचौं. | ३० | ० | ३० | २४ | ० | २४ | ० | ६ | संघपुलको दरबन्दि |

| जम्मा कार्यालय सङ्ख्या | सि. नं. | पद नाम | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| | | | | | | | | | | | | | | वाट यस प्रदेशका कामकाज ८४ |
| | ४३ | सह-लेखापाल | प्रशासन | लेखा | स.पाँचौं. | ३ | ० | ३ | ३ | ० | ३ | ० | ० | |
| | ४४ | शिक्षक | विविध | - | रा.अनं. द्वि प्रा | ३ | ० | ३ | ० | ० | ० | ० | ३ | |
| | ४५ | अपरेटर | विविध | - | रा.अनं. द्वि प्रा | ८ | ० | ८ | ५ | ० | ५ | ० | ३ | |
| | ४६ | सुवेदार | विविध | - | रा.अनं. द्वि प्रा | ८ | ० | ८ | ० | २ | २ | ० | ६ | |
| | ४७ | जमदार | विविध | | रा.अनं. द्वि . | १६ | ० | १६ | ० | १५ | १५ | ० | १ | फाजिल ९ |
| | ४८ | हवल्दार | विविध | - | रा.अनं. तृतीय | ३४ | ० | ३४ | ० | ८ | ८ | ० | २६ | |
| | ४९ | वन रक्षक | वन | ज.फ | श्रेणीविहीन | ४५६ | ० | ४५६ | ३४४ | ० | ३४४ | १ | १११ | |
| | ५० | शसस्त्र वन रक्षक | विविध | - | श्रेणीविहीन | १३६ | ० | १३६ | | ८६ | ८६ | ० | ५० | करार६८ |
| | ५१ | फरेस्ट गार्ड | वन | फ.रि. | श्रेणीविहीन | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | ५२ | चौकिदार | विविध | - | श्रेणीविहीन | १४ | ० | १४ | २ | ० | २ | १० | २ | |
| | ५३ | हेल्पर | विविध | - | श्रेणीविहीन | ८ | ० | ८ | ० | ० | ० | ५ | ३ | |
| | ५४ | ह.स.चा. | प्रशासन | - | श्रेणीविहीन | ३४ | ४ | ३८ | १० | ० | १० | २७ | १ | |
| | ५५ | कार्यालय सहयोगी | प्रशासन | - | श्रेणीविहीन | ७६ | १३ | ८९ | ३५ | ० | ३५ | ५४ | ० | |
| | ५६ | उद्यम विकास सहजकर्ता | विविध | | सहायक चौथो | ० | १२ | १२ | ० | ० | ० | १२ | ० | |
| | जम्मा:- | | | | | १२४७ | ८६ | १३३३ | ७२६ | १४० | ८६६ | १२० | ३४७ | |

स्रोत: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## २.७.७ बजेट तथा खर्चको अवस्था

### विनियोजित कुल बजेट र खर्चको विवरण

| आ.व. | विनियोजित कुल बजेट (रू.लाखमा) | | | खर्च (रू.लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/०७५ | २१२.५० | ९०.५० | ३०३.०० | ११४.६७ | ४६.९७ | १६१.६४ | ५३.९६ | ५१.९० | ५३.३५ |
| २०७५/०७६ | ४,२४९.८० | ६,७७४.२० | ११,०२४.०० | २२६२.८९ | ५२७३.२७ | ७५३६.१६ | ५३.२५ | ७७.८४ | ६८.३६ |
| २०७६/०७७ | १३,६१९.२२ | १४,४४१.१६ | २८,०५९.३८ | ६८६८.६६ | ५०८२.५५ | ११९५१.२१ | ५०.४३ | ३५.१९ | ४२.५९ |
| जम्मा | | | | ९२४६.२२ | १०४०२.७९ | १९६४९.०१ | ५१.१४ | ४८.८३ | ४९.८९ |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## २.७.८ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

| क्र.सं. | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १ | दिगो तथा वैज्ञानिक वन व्यवस्थापनमार्फत् काठ उत्पादन | घन फिट | ३५,२९,९५५ |
| २ | दिगो तथा वैज्ञानिक वन व्यवस्थापनमार्फत् दाउरा उत्पादन | चट्टा | ५,३९५ |
| ३ | दिगो तथा वैज्ञानिक वन व्यवस्थापनमार्फत् उत्पादित काठ विक्री | घन फिट | २३,०६,७२५ |
| ४ | दिगो तथा वैज्ञानिक वन व्यवस्थापनमार्फत् उत्पादित दाउरा विक्री | चट्टा | ४,६१६.५ |
| ५ | काष्ठ जन्य प्रजातिका विरूवा उत्पादन तथा वितरण | गोटा | ४७,०५,००० |
| ६ | जडिबुटी तथा गैहृकाष्ठजन्य प्रजातिका विरूवा उत्पादन तथा वितरण | गोटा | १०,४०,००० |
| ७ | फलफूलजन्य प्रजातिका विरूवा खरिद तथा वितरण | गोटा | २,१६,००० |
| ८ | महत्त्वपूर्ण ताल तलैया तथा सिमसार क्षेत्रहरूको संरक्षण | गोटा | ६४ |
| ९ | वन क्षेत्रबाट रोजगारी सिर्जना | श्रमदिन | ७२,८५,९६३ |
| १० | मानववन्यजन्तु द्वन्द्व व्यवस्थापनको लागि बर्दियाको ठाकुरबाबा नगरपालिका वडा न.६ मा हात्ती छेकवारका लागि पक्की पर्खाल निर्माण | मिटर | १,०३७ |
| ११ | एक गाउँ एक पोखरी निर्माण अभियान अन्तर्गत पोखरीहरू निर्माण भएका जसमा ९२२२० घ.मि.पानी सञ्चित भई बहुउपयोगमा प्रयोग भैरहेको। | गोटा | १४८ |
| १२ | दाङको घोराही उपमहानगरपालिका, तुल्सीपुर उपमहानगरपालिका र बंगलाचुली गाउँपलिकालाई टिमुर खेतीको लागि पकेट क्षेत्र बनाई टिमुरका विरूवा रोपण | गोटा | १,००,००० |
| १३ | वन क्षेत्रबाट प्राप्त राजस्व | रू. | ६४,१०,००,२३९।- |
| १४ | वन क्षेत्रबाट प्राप्त मु.अ.कर | रू. | १८,३६,०३,७४७।- |
| १५ | रूपन्देहीको बेलहिया र बाँकेको नेपालगञ्जमा पर्यटन सूचना केन्द्र स्थापना भएको। | गोटा | २ |
| १६ | आकस्मिक पहिरो व्यवस्थापन तथा नदी खोला नियन्त्रण | स्थान | २५ |

| क्र.सं. | विवरण | इकाइ | परिमाण |
|---|---|---|---|
| १७ | ग्रामीण सडकमा भूसंरक्षणका कार्यक्रम सञ्चालन | कि.मी. | ६८ |
| १८ | गल्छि, पहिरो तथा खहरे रोकथामका कृयाकलापहरू सञ्चालन | स्थान | ५८ |
| १९ | संवेदनशील सहरी जलाधार क्षेत्र संरक्षण | गोटा | ८६ |
| २० | पानी मुहान/पोखरी संरक्षण | गोटा | ३५ |
| २१ | दाङको गहतेखोला र पाल्पाको चिदिपानीमा नमुना भू-संरक्षण प्लट स्थापना | गोटा | २ |
| २२ | साना, लघु तथा घरेलु उद्योगहरू दर्ता | गोटा | २५,५८९ |
| २३ | विभिन्न उद्यम विकस तालिमबाट नयाँ लघु उद्यमीहरू तयार | जना | १४,५६८ |
| २४ | उद्योगबाट रोजगारी सिर्जना | जना | ४३,९४६ |
| २५ | लुम्बिनी भ्रमण वर्ष २०७६ अन्तर्गत मायादेवी प्रसुति उत्सव, लुम्बिनी फूडफेस्टिबल, सडक प्रदर्शनी, मायादेवी मन्दिरमा दैनिक दीप प्रज्वलन, मासिक फूलमून डे (पुर्णीमा) उत्सव धार्मिक यात्रा र त्रिपिटक वाचन योग तथा ध्यान शिविरहरू र पिस म्याराथुन आदि कार्यक्रमहरू गरी मनाईएको | | |
| २६ | दाङको घोरदैरा, पाल्पाको नुवाकोट र श्रीनगरमा सांस्कृतिक डवली निर्माण भैरहेको | | |
| २७ | अन्तर्राष्ट्रिय महत्त्वको जगदिशपुरतालमा चरा अवलोकन टावर र बहुउद्देश्यीय भवन निर्माण | | |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## २.७.९ वन क्षेत्रको विवरण

**लुम्बिनी प्रदेशमा जिल्लागत रूपमा अवस्थित वनको क्षेत्रफल**

| क्र.सं. | जिल्ला | सघन वन क्षेत्र (हे.) | अन्य काष्ठ तथा बुट्यान क्षेत्र (हे.) | कुल वन क्षेत्र (हे.) | कुल वन क्षेत्र प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २१,९६० | ३७ | २१,९९७ | ३०.३० |
| २ | रूपन्देही | २५,१०५ | ४०३ | २५,५०८ | १९.५४ |
| ३ | पाल्पा | ७९,९७४ | ४७९९ | ८२,७७३ | ५६.६२ |
| ४ | कपिलवस्तु | ५९,०२५ | १,९४४ | ६०,९६९ | ३६.९२ |
| ५ | गुल्मी | ४५,२१५ | १,१२४ | ४६,३३९ | ४१.८३ |
| ६ | अर्घाखाँची | ७३,१४२ | ८१८ | ७३,९६० | ५९.६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्युठान | ६४,२३५ | ४३१ | ६४,६६६ | ४८.९५ |
| ८ | रोल्पा | ९४,४४७ | ५,१५१ | ९९,५९८ | ५२.८२ |
| ९ | रूकुम पूर्व | ५५,६५० | १०,६०० | ६६,२५० | ३९.३९ |
| १० | दाङ | १,९२,६८२ | ८,०४३ | २,००,७२५ | ६५.६० |
| ११ | बाँके | १,१६,३६० | १,५४९ | १,१७,९०९ | ६२.७० |
| १२ | बर्दिया | १,११,५५० | २,१३७ | १,१३,६८७ | ५६.८३ |
| जम्मा | | ९,३७,३४५ | ३७,०३६ | ९,७४,३८१ | ४३.७२ |

स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**वन व्यवस्थापन पद्धतिको दृष्टिकोणबाट प्रदेशमा रहेका विभिन्न वनहरूको विवरण**

| सि.न. | वनको प्रकार | सङ्ख्या | क्षेत्रफल हेक्टरमा | लाभान्वित घरधुरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामूदायिक वन | ४,००२ | ४,०९,८२१ | ६५,४९९ | १२ वटै जिल्लामा |
| २ | साझेदारी वन | ८ | २१,९८४ | १,९४,७१३ | कपिलवस्तु, रूपन्देही र नवलपरासी (ब.सु.प.) |
| ३ | कबुलियति वन | ३७६ | २,२६० | ३,७७१ | पाल्पा, प्युठान, रोल्पा, रूकुमपूर्व र गुल्मी जिल्लामा मात्र |
| ४ | चक्ला वन | २ | ३,१२४ | - | बाँके र दाङ जिल्लामा |
| ५ | संरक्षित वन | ६ | ९८,२२० | - | बर्दिया, प्युठान र कपिलवस्तु जिल्लामा |
| ६ | धार्मिक वन | २७ | ८१७ | - | बर्दिया, दाङ, कपिलवस्तु, रूपन्देही, पाल्पा, गुल्मी र रोल्पा जिल्लामा |
| ७ | निजी वन | ९०४ | ७३५ | - | |

## २.७.१० उद्योगसम्बन्धी विवरण

(क) उद्योग तर्फ यस प्रदेशमा २०७७/०७८ को पहिलो चौमासिक अवधि सम्ममा २५,५८९ वटा नयाँ साना, लघु तथा घरेलु उद्योगहरू दर्ता भइ सञ्चालनमा रहेका छन्। विभिन्न उद्यम विकास तालिमबाट १४,५६८ नयाँ लघु उद्यमीहरू तयार भएको र विभिन्न उद्योगहरूमा ४३,९४६ जनालाई रोजगारी प्राप्त भएको छ।

(ख) लघु घरेलु तथा साना उद्योग कोष सञ्चालनको लागि यस आर्थिक वर्षमा रू.१० करोड रकम विनियोजन भएकोमा ब्याज अनुदानमा ऋण प्रवाह गर्नको लागि नेपाल बैंक लिमिटेड, प्रादेशिक कार्यालय, बुटवलसँग मिति २०७७।०९।२९ मा सम्झौता सम्पन्न भई ब्याज अनुदानको प्रकृया अगाडि बढाइएको छ। यस कार्यक्रमबाट बैदेशिक रोजगारबाट फर्किएका, दलित, महिला, द्वन्द्वपिडित, अपाङ्ग, सीमान्तकृत तथा

अल्पसंख्यक व्याक्तिहरूले सञ्चालन गर्ने उद्यमीले ३ वर्षको लागि निःशुल्क ब्याजमा रू.३ लाख देखि रू.१० लाख सम्म ऋण लिई उद्यम सञ्चालन गर्न सक्दछन्। कोभिड-१९ को प्रकोपको असर कम गर्न समेत प्रदेश सरकारले यो कार्यक्रम ल्याएको हो।

(ग) आ.व.२०७६/७७ मा यस प्रदेशमा १० वटा औद्योगिक ग्रामको डि.पि.आर.तयार भएको र आ.व.२०७७/०७८ मा १५ वटा औद्योगिक ग्रामको डि.पि.आर. तयार गर्ने लक्ष्य रहेको छ।

## २.७.११ प्रमुख समस्या तथा चुनौतीहरू

### (क) वन अपराधसम्बन्धी मुद्दा दर्ता र फैसलामा समस्या

वन ऐन, २०७६ को दफा ६७ मा रू.दुई लाख सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारवाही र किनारा गर्नेछ भन्ने व्यवस्था भएकोले प्रदेशमा समायोजन भै डिभिजन वन कार्यालयमा खटिएका डिभिजनल वन अधिकृतले पेस गरेका यस प्रकृतिका मुद्दा कतिपय जिल्लामा अदालतले दर्ता गर्न नमानेको र दर्ता भएका मुद्दाको कारवाही र किनारा गर्न नपाउँदा समस्या भई वन संरक्षणमा प्रतिकुल असर परिरहेको।

### (ख) मानव वन्यजन्तु द्वन्द्व

बर्दिया राष्ट्रिय निकुञ्जको आसपास तथा अन्य जिल्लाहरूमा समेत बाघ, हात्ती, चितुवा, बँदेल, बाँदर, दुम्सी, निलगाई आदी वन्यजन्तुहरूले अन्नवाली नोक्सान गर्नुको साथै मानिसहरूलाई आक्रमण गरी मानवीय क्षति समेत भएकोले यस समस्या समाधानको लागि जनचेतना अभिवृद्धि, वन्यजन्तु उद्धार केन्द्र स्थापना, प्रदेश राहत कोष स्थापना कार्यक्रमहरू आगामी योजनामा समावेश गर्नुपर्ने देखिन्छ।

### (ग) वन अतिक्रमण

पुराना अतिक्रमण व्यवस्थापन गर्न कठिनाइ भएको र विभिन्न भौतिक संरचना र खेल मैदान निर्माणको लागि वन क्षेत्रको जग्गा जवरजस्ती कब्जा गर्ने प्रचलन बढदो,वन क्षेत्र माग गर्ने प्रचलन समेत बढी रहेको।

## २.७.१२ अवसरहरू

(क) समन्वयात्मक विकास

(ख) औधोगिक विकास

(ग) वनको व्यावसायिक व्यवस्थापन

(घ) पर्यापर्यटनको विकास

(ङ) उद्यमशिलताको विकास

(च) जडीबुटी उत्पादन तथा उद्योगको विकास

(छ) स्थानीयस्तर सम्मको सेवा कार्यालयको विस्तार

## २.७.१३ भावी कार्यदिशा

(क) मन्त्रालयको कार्य क्षेत्र र जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने सबै किसिमका कानुनी व्यवस्था भइ नसकेको हुँदा आवश्यक ऐन, नियम, कार्यविधी तथा निर्देशिका तयार गर्ने।

(ख) पर्यटन पूर्वाधारका योजनाहरू गुरूयोजना, विस्तृत प्रतिवेदन, वातावरणीय प्रतिवेदन तयार भए पश्चात् सञ्चालन गर्ने।

(ग) औद्योगिक क्षेत्र विकासका लागि आवश्यक पूर्वाधार तयार गर्ने तथा घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने,

(घ) वन तथा जडीबुटीजन्य पैदावारको उत्पादन, रोजगारी सिर्जना र उद्यम विकासमा योगदान दिने खालका योजनाहरू सञ्चालन गर्ने।

# २.८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## २.८.१ पृष्ठभूमि

कृषि क्षेत्रलाई समग्र प्रदेशको विकासको मेरूदण्डको रूपमा मनन गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फागुन महिनामा भएको हो। **"समृद्ध प्रदेश, खुसी जनता"** भन्ने मूल नारालाई आत्मसाथ गरी यस मन्त्रालयले कृषि, पशुपालन, मत्स्य , भूमि तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ।

## २.८.२ दीर्घकालीन सोंच

प्रदेशको आर्थिक, सामाजिक तथा कृषि क्षेत्रको विकासमा सहकारी क्षेत्रलाई परिचालन गरी भूमिको प्रकृतिको आधारमा उपयोग गर्ने नीति लिई कृषि एवम् पशुपन्छीजन्य उत्पादन एवम् व्यापारमा यान्त्रिकीकरण, व्यावसायिकरण, बजारिकरण र आधुनिकीकरणका माध्यमबाट प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना गरी यस क्षेत्रको रूपान्तरण गर्दै रोजगारीको अवसर सिर्जना गर्ने।

## २.८.३ लक्ष्य

भूमिको वैज्ञानिक व्यवस्थापन एवम् सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एवम् पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुर्‍याउने।

## २.८.४ उद्देश्यहरू

(क) सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी प्रदेशको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुर्‍याउने।

(ख) कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।

(ग) पशुपन्छी पालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यावसायिक, प्रतिस्पर्धी एवम् स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवम् पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रूपमा विकास गर्ने।

### २.८.५ कार्यक्षेत्र

(क) कृषि, कृषि उत्पादन, कृषि औद्योगिकरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यविधि, निर्देशिका निर्माण एवम् यससँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।

(ख) पशुपन्छी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, निर्देशिका कार्यविधि निर्माण गर्ने।

(ग) स्वस्थ एवम् व्यावसायिक पशुपन्छी उत्पादनका लागि रोग नियन्त्रण र नश्ल सुधार, बजार विकास तथा विस्तार, अध्ययन अनुसन्धान, तालिम एवम् क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने।

(घ) प्रादेशिक खाद्य सुरक्षा एवम् पोषण अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने गराउने।

(ङ) भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग, गुठी तथा गुठी जग्गा व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित आदि वर्गको बसोबास, जिविकोपार्जन, र पुनःस्थापना, सरकारी जग्गा भाडामा दिने, सुरक्षित बसोबास सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने गराउने।

(च) सहकारी सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।

(छ) गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना तथा मापदण्ड निर्माण एवम् कार्यान्वयन र नियमन गर्ने।

## २.८.६ जनशक्तिको विवरण

| जम्मा कार्यालयको सङ्ख्या | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायीकरार/ ज्यालादारी/ | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजनपद/ स्थापन | कामकाज | जम्मा | | | |
| २९ | सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | ० | १ | ० | १ | १ | ० | ० | |
| | प्रमुख | एघारौं | नेपाल कृषि | समूहकृत नहुने | ३ | ० | १ | १ | ० | १ | ० | २ | |
| | प्रमुख | ९/१०औं | नेपाल कृषि | समूहकृत नहुने | ८ | २ | १० | ७ | ० | ७ | ० | ३ | |
| | प्रमुख | ९/१०औं | नेपाल कृषि | समूहकृत नहुने | ६ | ० | ६ | ६ | ० | ६ | ० | ० | |
| | अधिकृत | ९/१०औं | प्रशासन | सामान्य प्रशासन | ३ | ० | ३ | ० | ० | ० | ० | ३ | |
| | प्रमुख नापी अधिकृत | ९/१०औं | नेपाल इन्जिनियरिङ | सबै | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | वरिष्ठ पशु विकास अधिकृत | ९/१०औं | नेपाल कृषि | ला.पो.डे.डे. | २ | ० | २ | १ | ० | १ | ० | १ | |
| | वरिष्ठ कृषि अर्थ विज्ञ. | ९/१०औं | नेपाल कृषि | ऐग्रो एण्ड इ.मार्केटिङ्ग | ४ | ० | ४ | ३ | ० | ३ | ० | १ | |
| | वरिष्ठ माटो विज्ञ | ९/१०औं | नेपाल कृषि | माटो विज्ञ | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | वरिष्ठ मत्स्य विकास अधिकृत | ९/१०औं | नेपाल कृषि | मत्स्य | २ | ० | २ | १ | ० | १ | ० | १ | |
| | वरिष्ठ कृषि विकास अधिकृत | ९/१०औं | नेपाल कृषि | कृषि प्रसार | ५ | ० | ५ | २ | ० | २ | ० | ३ | |
| | वरिष्ठ पशु चिकित्सक | ९/१०औं | नेपाल कृषि | भेटेनरी | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | वरिष्ठ वागवानी विकास अधिकृत | ९/१०औं | नेपाल कृषि | बागवानी | १ | ० | १ | ० | ० | ० | ० | १ | |

| जम्मा कार्यालयको सङ्ख्या | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायीकरार/ज्यालादारी/ | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजनपद/स्थापन | कामकाज | जम्मा | | | |
| | वरिष्ठ बाली विकास अधिकृत | ९/१०औं | नेपाल कृषि | बाली विकास | ३ | ० | ३ | ३ | ० | ३ | ० | ० | |
| | वरिष्ठ बाली संरक्षण अधिकृत | ९/१०औं | नेपाल कृषि | बाली संरक्षण | २ | ० | २ | २ | ० | २ | ० | ० | |
| | अधिकृत (कार्यालय प्रमुख) | ७/८औं | नेपाल कृषि | समूहकृत नहुने | ० | १ | १ | १ | ० | १ | ० | ० | ० |
| | माटो विज्ञ | ७/८औं | नेपाल कृषि | माटो विज्ञान | २ | ० | २ | ० | ० | ० | ० | २ | |
| | कृषि ईन्जिनियर | ७/८औं | नेपाल कृषि | ईन्जिनियर | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | कृषि अर्थ विज्ञ | ७/८औं | नेपाल कृषि | ऐग्रो एण्ड इ.मार्केटिङ्ग | १४ | ० | १४ | ६ | ० | ६ | ० | ८ | |
| | कानुन अधिकृत | ७/८औं | नेपाल न्याय | कानुन | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | कृषि प्रसार अधिकृत | ७/८औं | नेपाल कृषि | कृषि प्रसार | २१ | ० | २१ | १५ | ० | १५ | ० | ६ | |
| | खाद्य अनुसन्धान अधिकृत | ७/८औं | नेपाल कृषि | खा. पो .गु .नि | २ | ० | २ | ० | ० | ० | ० | २ | |
| | शाखा अधिकृत | ७/८औं | नेपाल प्रशासन | सामान्य प्रशासन | १३ | ० | १३ | ६ | ० | ६ | ० | ७ | |
| | वाली विकास अधिकृत | ७/८औं | नेपाल कृषि | बाली विकास | १२ | ० | १२ | १ | ० | १ | ० | ११ | |
| | बाली संरक्षण अधिकृत | ७/८औं | नेपाल कृषि | बाली संरक्षण | ११ | ० | ११ | ४ | ० | ४ | ० | ७ | |
| | कृषि अधिकृत | ७/८औं | नेपाल कृषि | नेपाल कृषि | ० | ५ | ५ | ४ | ० | ४ | ० | ० | |
| | पशु चिकित्सक | ७/८औं | नेपाल कृषि | भेटेनरी | १२ | ० | १२ | ७ | ० | ७ | ० | ५ | |

| जम्मा कार्यालयको सङ्ख्या | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायीकरार/ ज्यालादारी/ | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजनपद/ स्थापन | कामकाज | जम्मा | | | |
| | पशु चिकित्सकपशु / विकास अधिकृत | ७/८औं | नेपाल कृषि | भेटेनरी.डे.डे.पो.ला/ | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | मत्स्य विकास अधिकृत | ७/८औं | नेपाल कृषि | मत्स्य | ९ | ० | ९ | ८ | ० | ८ | ० | १ | |
| | पशु विकास अधिकृत | ७/८औं | नेपाल कृषि | ला.डे.डे.पो. | १३ | ० | १३ | ६ | ० | ६ | ० | ७ | |
| | अधिकृत (पशुपंक्षी) | ७/८औं | नेपाल कृषि | समूहकृत नहुने | ० | ४ | ० | २ | ० | २ | ० | ० | |
| | लेखा अधिकृत | ७/८औं | लेखा | नेपाल प्रशासन | २ | ० | २ | २ | ० | २ | ० | ० | |
| | वागवानी विकास अधिकृत | ७/८औं | नेपाल कृषि | वागवानी | १० | ० | १० | ७ | ० | ७ | ० | ३ | |
| | नापी अधिकृत | ७/८औं | नेपाल इन्जि | सर्भे | २ | ० | २ | २ | ० | २ | ० | ० | |
| | कम्पुटर इन्जिनियर | ७/८औं | नेपाल विविध | नेपाल विविध | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | कम्प्युटर अपरेटर | ५/६औं | नेपाल विविध | नेपाल विविध | ४ | ० | ४ | १ | ० | १ | ० | ३ | |
| | नायब सुब्बा | ५/६औं | नेपाल प्रशासन | सामान्य प्रशासन | २२ | ० | २२ | ११ | ० | ११ | ० | ११ | |
| | नायव सुब्बा | ५/६औं | नेपाल प्रशासन | सामान्य प्रशासन | ० | ४ | ४ | ३ | ० | ३ | ० | १ | |
| | सब ईन्जिनियर | ५/६औं | नेपाल कृषि | ईन्जिनियर | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | प्राविधिक सहायक (कृषि/ पशुपंक्षी/मत्स्य) | ५/६औं | नेपाल कृषि | समूहकृत नहुने | ० | ६ | ६ | ६ | ० | ६ | ० | ० | |

| जम्मा कार्यालयको सङ्ख्या | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायीकरार/ ज्यालादारी/ | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजनपद/ स्थापन | कामकाज | जम्मा | | | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | ऐग्रो एण्ड इ. मार्केटिङ्ग | ६ | ० | ६ | ४ | ० | ४ | ० | २ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | कृषि प्रसार | १४ | ० | १४ | ९ | ० | ९ | ० | ५ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | खा .पो. गु. नि. | १ | ० | १ | ० | ० | ० | ० | १ | |
| | तथ्याङ्क सहायक | ५/६औं | ने .यो.आ . .तथा त | तथ्याङ्क | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | बाली विकास | ५ | ० | ५ | ४ | ० | ४ | ० | १ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | बाली संरक्षण | ९ | ० | ९ | ९ | ० | ९ | ० | ० | |
| | पशु स्वास्थ्य प्राविधिक | ५/६औं | नेपाल कृषि | भेटेनरी | १० | ० | १० | ७ | ० | ७ | ० | ३ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | मत्स्य | ९ | ० | ९ | ७ | ० | ७ | ० | २ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | माटो विज्ञान | ४ | ० | ४ | २ | ० | २ | ० | २ | |
| | सिनियर मेकानिक्स | ५/६औं | नेपाल इन्जि | मेकानिकल | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | पशुसेवा प्राविधिक | ५/६औं | नेपाल कृषि | ला.डे.डे.पो. | १४ | ० | १४ | १० | ० | १० | ० | ४ | |
| | लेखापाल | ५/६औं | नेपाल प्रशासन | लेखा | २१ | ० | २१ | १८ | ० | १८ | ० | ३ | |
| | प्राविधिक सहायक | ५/६औं | नेपाल कृषि | वागवानी | ११ | ० | ११ | ५ | ० | ५ | ० | ६ | |
| | सर्भेयर (नापी अधिकृत) | ५/६औं | नेपाल इन्जि. | सर्भे | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | प्राविधिक सहायक | ४/५औं | नेपाल कृषि | बाली विकास | २ | ० | २ | २ | ० | २ | ० | ० | |
| | नायब पशु स्वास्थ्य प्राविधिक | ४/५औं | नेपाल कृषि | भेटेनरी | ६ | ० | ६ | ३ | ० | ३ | ० | ३ | |

| जम्मा कार्यालयको सङ्ख्या | पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायीकरार/ ज्यालादारी/ | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजनपद/ स्थापन | कामकाज | जम्मा | | | |
| | नायव प्राविधिक सहायक | ४/५औं | नेपाल कृषि | माटो विज्ञान | १ | ० | १ | १ | ० | १ | ० | ० | |
| | नायव पशु सेवा प्राविधिक | ४/५औं | नेपाल कृषि | ला.डे.डे.पो. | ८ | ० | ८ | ७ | ० | ७ | ० | १ | |
| | नायव प्राविधिक सहायक | ४/५औं | नेपाल कृषि | मत्स्य | ३ | ० | ३ | ३ | ० | ३ | ० | ० | |
| | सहलेखापाल | ४/५औं | नेपाल प्रशासन | लेखा | ६ | ० | ६ | ६ | ० | ६ | ० | ० | |
| | खरिदार | ४/५औं | नेपाल प्रशासन | सामान्य प्रशासन | १५ | ० | १५ | १३ | ० | १३ | ० | २ | |
| | हलुका सवारी चालक | तहविहीन | नेपाल इन्जि | मेकानिकल | ३० | ० | ३० | ७ | ० | ७ | २३ | २३ | |
| | कार्यालय सहयोगी | तहविहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६९ | ० | ६९ | ३८ | ० | ३८ | ३१ | ३१ | |
| कूल जम्माः | | | | | ४४४ | २६ | ४७० | २७४ | ३ | २७७ | ४७ | १८२ | |

स्रोतः भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## २.८.७ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू. लाखमा) | | | खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४/७५ | ३८९.९९ | १००.०० | ४८९.९९ | ६५.६० | ६५.०३ | १३०.६३ | १६.८२ | ६५.०३ | २६.६६ |
| २०७५/७६ | २५४३८.३५ | १५३१३.१२ | ४०७५१.४७ | १२५९९.८६ | ७८०९.८३ | २०४०९.६९ | ४९.५३ | ५१.०० | ५०.०८ |
| २०७६/७७ | ३७९८०.२९ | २४५३.६० | ४०४३३.८९ | १५९२९.१९ | १००९.५६ | १६९३८.७५ | ४१.९४ | ४१.१५ | ४१.८९ |
| कुल | ६३८०८.६३ | १७८६६.७२ | ८१६७५.३५ | २८५९४.६५ | ८८८४.४२ | ३७४७९.०७ | ४४.८१ | ४९.७२ | ४५.८८ |

स्रोतः भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## २.८.८ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

(क) प्रदेश सरकारको नीति तथा कार्यक्रम र संविधान अनुरूपको कार्य विस्तृतिकरण अनुसारको कार्य सम्पादन गर्न स्थापना कालदेखि हालसम्ममा ६ वटा ऐन, १ वटा नियमावली (सहकारी नियमावली) का साथै आवश्यक कार्यविधि तथा निर्देशिकाहरू लगायतका कानुनी आधारहरूको विकास गरिएको छ।

(ख) जनअपेक्षा अनुसार कृषि, पशुपन्छी, मत्स्य, सहकारी, भूमि, गुठी र गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्न मन्त्रालयले आ ब ०७७/७८ देखि मातहतमा ३ वटा अस्थायी एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू (बर्दिया, रूकुम पूर्व र प्युठान जिल्लामा) स्थापना गरी सेवा प्रवाह गर्न सक्ने अवस्थामा पुऱ्याएको छ।

(ग) कृषि क्षेत्रको समग्र विकास गरी प्रदेशलाई आत्मनिर्भर र आयातलाई प्रतिस्थापन गर्ने लक्ष्य सहित स्मार्ट कृषि गाउँलाई मन्त्रालयकै गौरवको आयोजनाका रूपमा लिइ आ.व. २०७५/७६ मा ५२ वटा गाउँहरूमा एकीकृत मोडल सहितको कार्यक्रम सुरू गरिएकोमा लक्ष्य अनुरूप हालसम्म ११६ वटा गाउँहरू छनौट भइ कार्यान्वयनको चरणमा रहेको छन्। प्रदेशका करिव ७५०० घरधुरी समेटी आधुनिक प्रविधि, यान्त्रिकरण र बजार विकासका अभ्यासहरू अवलम्बन भई व्यावसायिक उत्पादनका लागि आधार तयार भएको छ। कार्यक्रमबाट हालसम्म थप ९४३ हेक्टरमा सिंचाइ सुविधामा पहुँच बृद्धिका साथै ३८ कस्टम ह्यारिङ्ग सेन्टर, १२ वटा कृषि उपज सङ्कलन केन्द्र, १ वटा बिउ सङ्कलन केन्द्र, ५८ स्थानमा कृषि सूचना केन्द्र, ३९ स्थायी टनेल तथा २६० घरधुरीमा भकारो सुधार निर्माण/स्थापना भएको।

(घ) कृषिजन्य वस्तुको भण्डारण, मूल्य र बजारिकरणको हालको समस्यालाई दीर्घकालीन समाधान गर्ने गरी आ.व. २०७५/०७६ बाट सुरू भएका करिब ११,४९५ मे.टन

क्षमताका १९ वटा शित भण्डार मध्ये ५२५ मे.टन. क्षमताका ७ वटा आयोजना सम्पन्न भई चालु आ.व. सम्म बाँकी आयोजना सम्पन्न हुनेगरी कार्य अघि बढेको छ।

(ङ) समग्र कृषि क्षेत्रलाई यान्त्रिकरण गर्ने सरकारको लक्ष्य अनुरूप हालसम्म १९९४ अनुदानग्राहीका लागि कुल २३१५ आधुनिक यन्त्र अनुदानमा वितरण गरिएको छ।

(च) दुरदराजका कृषकहरूमा सेवाको पहुँचमा बृद्धि गर्ने हेतुका साथ १२ जिल्लाका ७८ स्थानीय तहसँगको सहकार्यमा हालसम्म १०१ वटा आयोजनासञ्चालन गरी ३१२ वटा प्लाष्टिक घर भित्र तरकारी खेती, ८ वटा हाइ टेक नर्सरी तथा तरकारी खेती, १५ वटा सङ्कलन केन्द्र निर्माण, ५ वटा पोखरी सहितको माछा उत्पादन, २५ वटा व्यावसायिक पशुपालन फर्म तथा ८ वटा डेरी पसल सुधार कार्यक्रमहरू सम्पन्न भएका छन्।

(छ) अनुदान वितरण प्रकृयालाई परिस्कृत र अझै कृषकमैत्री बनाउनका लागि सुरूवात गरिएको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत दुध र मासु उत्पादन तर्फ ३६७ तथा आलु तथा बीउ उत्पादन तर्फ २७३ सहकारीका ५८०८४ कृषक लाभान्वित हुने गरी ७ करोड ६८ लाख अनुदान रकम प्रवाह गरिएको छ।

(ज) अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि शुलभ दरमा कृषि ऋण प्रदान गर्न र सोको सहजीकरण गर्न थालनी भएको शुलभकर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रमका लागि १२ जिल्लामा सेवा प्रदान गर्नका लागि कर्जा सहजकर्ता छनौट भइ अभिमुखीकरण कार्य सम्पन्न गरी सम्बन्धित जिल्ला कार्यालयमा खटाइएको छ। हालसम्म २५८ कृषकहरूलाई सहजीकरण गरिएकोमा करिब २ करोड बराबर ऋण बैंकबाट स्वीकृत भएको छ।

(झ) आ.व. २०७६/०७७ मा सञ्चालन सुरू भएको अभियानमुखी मिसन कार्यक्रम मार्फत् कम्तिमा ४१०० जना लाभान्वित हुने गरी ४०८० रोपनी क्षेत्रफलमा आयोजना सम्पन्न भएका छन्। लसुन/प्याज, कागती/सुन्तला, बाख्रा र बङ्गुरको मुल्य श्रृङ्खला लक्षित कार्यक्रम सञ्चालन भइरहेकोमा आ.व. २०७७/७८ मा आलु र मकै समेत थप गर्दै जिल्ला स्थित कार्यालयहरूबाट कम्तिमा ३५० हेक्टर क्षेत्रफलमा सघन खेती प्रणाली विस्तार हुने गरी सञ्चालन भैरहेको छ।

(ञ) कृषकलाई आइपरेका प्राविधिक समस्याको समाधान गर्नका लागि फोन सम्पर्क मार्फत् विज्ञहरूको सुझाव र सल्लाह प्राप्त गर्नका लागि कुनै पनि शुल्क नलाग्ने गरी किसान कल सेन्टरको विकास गरिएको छ।

(ट) कृषक, कर्मचारी तथा सहकारीमा आवद्ध जनताहरूको विषय सम्बन्धित क्षमता विकासका विभिन्न तालिम कार्यक्रम मार्फत् हालसम्म १००३ महिला र १४९४ पुरूष गरी जम्मा २४९७ जनालाई सीपमूलक व्यवहारिक तालिम प्रदान गरिएको छ।

(ठ) प्रदेश भित्रको कृषि तथा पशुपन्छी उत्पादनलाई बजारसम्मको पहुंच तथा उत्पादक र उपभोक्ता बिचको मूल्य कम गर्ने उद्देश्यले आ.व २०७५/७६ देखि सुरू भएको सहकारी बजार स्थापना कार्यक्रमतर्फ हालसम्म ६ वटा जिल्लाविशेष आयोजनाहरू सम्पन्न भइ सञ्चालनमा ल्याइएको छ।

(ड) सहकारी मार्फत् नविनतम सोंच तथा प्रविधि प्रसारको सम्भावनालाई मनन गरी आ.व. २०७५/७६ देखि सञ्चालनमा ल्याइएको नविनतम सोंचसहितका रोजगारी र उत्पादन प्रवर्द्धन कार्यक्रमतर्फ हालसम्म ३५ वटा उत्पादन, प्रशोधन तथा बजारिकरणका विभिन्न आयोजनाहरू निर्माण तथा सञ्चालनमा आएका छन्।

(ढ) सहकारी विकास कोष मार्फत् साना व्यवसायीलाई ऋण प्रवाह गरी उद्यमशिलता विकास गर्ने लक्ष्य अनुसार कोष परिचालन कार्यविधिका आधारमा सूचना प्रकाशन मार्फत् पेस भएका ९७ आवेदनहरूको प्रारम्भिक छनौट कार्य भैरहेको छ।

(ण) विश्वव्यापी महामारीको कारण सृजित बन्दाबन्दिले निम्त्यायको विषम परिस्थितिमा कृषकहरूको नाश हुने दुध तथा तरकारी उपजहरूलाई बजार पहुँचका लागि सहजीकरण गर्न जम्मा ३४ वटा सहकारी संस्थाहरू मार्फत् कृषि एम्बुलेन्स सेवा सञ्चालन गरी करिब ४४८.६ टन मल, १९२६.४ टन खाद्यान्न र बिउ, ७९० टन तरकारी र फलफूल लगायत अन्य कृषिजन्य सामग्री बजारिकरणमा सहयोग गरी २९ करोड बराबरको कारोवार भएको छ।

(त) सहकारीका मूलभूत मूल्य तथा मान्यताहरूलाई ग्रहण गरिएको सिकाइ अर्कोमा स्थापना गर्ने दृष्टिका साथ रूपन्देही, रोल्पा र कोहलपुरमा गरी ३ वटा सहकारी नमुना गाउँहरूको विकास कार्यक्रम सञ्चालन भइरहेको छ।

(थ) सहकारी संस्थाहरूको परिचालन तथा नियमन कार्यलाई थप व्यवस्थित गर्नका लागि आवश्यक विनियम संशोधन, सहकारी एकीकरण, सहकारी सङ्घ/संस्था दर्ताका साथै नियमित कार्यहरू भैरहेका छन्।

(द) गत दुई आ.व.मा गरी जम्मा ४५१ हेक्टरमा सञ्चालन भइ करिब २५० जनालाई (आ.व. २०७५/७६ मा ५२ आयोजनामा २२७ हेक्टर जमिनमा १०६ जना रोजगारी र आ.व. २०७६/७७ मा ७८ आयोजनामा २२४ हेक्टर जमिनमा १४४ जना रोजगारी) प्रत्यक्ष रोजगारीमा जोडेको करार खेती कार्यक्रमका आ.व. २०७५/७६ का कृषकहरूका जग्गावालाहरूको भुक्तानी भइरहेको साथै आ.व. २०७६/७७ का आयोजनाहरूको पूर्वाधार निर्माण तर्फको कार्य भैरहेको छ। चालु आ.व. मा जिल्ला स्थित कार्यालयहरूमार्फत् करिव २३१ हेक्टर क्षेत्रफलमा विभिन्न कार्यक्रमहरू सञ्चालनमा आइरहेका छन्।

## २.८.९ प्रमुख समस्या तथा चुनौतीहरू

(क) कृषि क्षेत्रमा लक्षित वर्गहरू फरक फरक हुने र प्रवाह गर्ने अनुदानको रकम सीमा, कार्यालय र कृषकको लागत सहभागिताको आकारमा भिन्नता हुने भएकाले अनुदान प्रवाहका लागि समस्या भएको। सोको लागि छुट्टै अनुदान सम्बन्धी ऐनको व्यवस्था गर्ने।

(ख) साना कृषकहरूको हकमा कृषकहरूको पान नम्बरको अनिवार्य व्यवस्था हुन सम्भव नभएकाले कार्यक्रम सञ्चालनमा कठिनाई भइरहेको। कृषकहरूलाई कर छुट सम्बन्धी व्यवस्थाको विकास गर्ने।

(ग) शित भण्डार तथा मत्स्य पालन व्यवसायलाई उद्योगको रूपमा परिभाषित गरिएकाले उत्पादन लागतमा बिजुलीको हिस्सा अत्यधिक हुने गरेकाले लागत अत्यधिक हुने गरेको। मत्स्यपालनलाई कृषि व्यवसायका रूपमा परिभाषित गर्नुपर्ने। कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेजमा विद्युत महशुल छुटको सुनिश्चितता गर्ने।

## २.८.१० अवसर

(क) सरोकारवालाहरू तथा सेवाग्राहीको निकटमा रहेकाले प्रदेश सरकारको कार्यक्रमको पहँचमा बृद्धि गर्न सकिने।

(ख) कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका क्रममा कार्यक्रमसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्धित सरोकारवालाहरू (स्थानीय तह, प्रदेश सभाका माननीयज्यूहरू, सहकारी तथा निजि क्षेत्र आदि) को सहभागिताले थप प्रभावकारी हुन सक्ने।

(ग) प्रदेशको कार्यक्षेत्र १२ जिल्ला रहेको र प्रत्येक जिल्लाको आ-आफ्नो सम्भावना रहेकाले जिल्ला विशेष माग र आवश्यकता अनुरूप कार्यक्रम सञ्चालन गर्न सकिने।

(घ) सञ्चालित कार्यक्रमहरूको अनुगमनमा पहुँच तथा प्रभावकारीतामा बृद्धि।

## २.८.११ भावी कार्यदिशा

(क) "सबै कृषकलाई शुलभकर्जा कार्यक्रम" अभियान सञ्चालन गरी शुलभ दरमा कृषकहरूलाई ऋण प्रवाह गर्ने कार्यक्रमलाई विस्तार गरीदै लैजाने।

(ख) कृषि उत्पादन तथा बजारिकरण प्रकृयालाई तथ्याङ्कको आधारमा विकास गर्ने र सोहि प्रतिफल अनुरूप अनुदान प्रदान गर्नका लागि उत्पादनमा/प्रतिफलमा आधारित अनुदान कार्यक्रमलाई विस्तार तथा व्यवस्थित गर्दै लैजाने।

(ग) कृषि स्रोत केन्द्रहरूको स्थापना तथा सबलिकरण गरी खोज अनुसन्धान तथा प्रसार कार्यक्रमलाई एकीकृत रूपमा अगाडि लैजाने।

(घ) एक स्थानीय तह एक स्मार्ट कृषि गाउँ कार्यक्रमका रूपमा सञ्चालित नमुना गाउँहरूमा विभिन्न विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरूसँगको सहकार्यमा शिक्षा, अनुसन्धान तथा प्रसारका कार्यक्रम बढाउदै लैजाने।

(ङ) स्थानीय तहहरूको समन्वय तथा सहकार्यमा करार खेती कार्यक्रमलाई विस्तार तथा व्यवस्थापन गरी खेतीयोग्य जमिनको सदुपयोग गर्ने।

(च) सहकारी संस्थाहरूलाई विकास प्रोत्साहन र प्रवर्द्धन गरी सबल तथा सक्षम बनाई कृषि रूपान्तरणको माध्यमको रूपमा परिचालन तथा आवश्यक नियमन कार्यहरू गर्ने।

(छ) उत्पादित कृषि वस्तुको सहज बजारीकरणको व्यवस्थाका लागि प्रदेशका १२ वटै जिल्लामा जिल्ला विशेष सहकारी बजारका साथै आवश्यकता अनुसार हाटबजार तथा सङ्कलन केन्द्रहरूको निर्माण गर्दै लैजाने।

(ज) कृषि मल र बीउको सहजता तथा आवश्यकता अनुसारको उपलब्धताको लागि सहजीकरण गर्ने।

(झ) प्रादेशिक कृषि तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गरी क्रमिक रूपमा डिजिटल रूपमा व्यवस्थित गर्दै लैजाने।

(ञ) प्रदेशको कार्यसम्पादन प्रकृयालाई थप सरलिकृत प्रदान गर्नका लागि समयानुसार ऐन, नियमावली लगायतका कानुनी दस्तावेजको निर्माण गर्दै जाने ।

## २.९. मुख्य न्यायाधिवक्ताको कार्यालय

### २.९.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ र संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारिलाई राय सल्लाह दिनु पर्ने कानुनी व्यवस्था रहेको छ। प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७४ चैत्र २ गते मुख्य न्यायाधिवक्ताको नियुक्ति भएदेखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य सञ्चालन भईरहेको छ ।

नेपालको संविधानको धारा १६० को उपधारा ७ मा मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतको न्यायाधीश सरह हुने र मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था छ। **मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ मिति** २०७५।०४।०८ मा प्रमाणिकरण भई लागु भएको छ।

### २.९.२ दूरदृष्टि

स्वच्छ, निश्पक्ष, न्यायपुर्ण समाजको निर्माण गरी कानुनी राज्यको अवधारणालाई व्यवहारमा लागु गर्नु।

### २.९.३ उद्देश्य

(क) व्यावसायिक कानुनी राय प्रदान गरी प्रदेश सरकार प्रतिको जनविश्वास बढाउने।

(ख) प्रभावकारी रूपमा प्रदेश सरकारको प्रतिरक्षा गर्ने तथा प्रदेश सरकारको तर्फबाट मुद्दा दायर गर्ने।

(ग) लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता प्रवर्द्धन गर्ने।

(घ) यस कार्यालयलाई व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापना गर्ने।

### २.९.४ रणनीति

(क) प्रदेश सरकार र यस मातहतका निकाय बाट माग भएमा व्यावसायिक कानुनी राय प्रदान गर्ने,

(ख) ऐन, नियम र कार्यविधि बनाउने कार्यमा प्रदेश सरकारका मन्त्रालय तथा अन्य कार्यालयहरूलाई राय सुझाव दिने,

(ग) प्रदेश सरकारलाई प्रतिपक्षी बनाई दायर भएका मुद्दा एवम् रीटको प्रभावकारी प्रतिरक्षा एवम् मुद्दा दायर गर्ने,

(घ) फैसलाको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ङ) मानव अधिकारको रक्षाको लागि आवश्यक कार्य गर्ने,

(च) हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गर्ने,

(छ) पुस्तकालय व्यवस्थापन गर्ने,

(ज) मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकिल तथा कर्मचारीहरूको आचार संहिता बनाई लागु गर्ने,

(झ) जनशक्ति व्यवस्थापन गर्ने ।

### २.९.५ कार्यक्षेत्र

मुख्य न्यायाधिवक्ताको कार्यालयको मुख्य कार्यक्षेत्र भनेकै प्रदेश सरकार र यस मातहतमा रहेका कार्यालयहरूलाई विपक्षी बनाएर दायर भएका मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा तथा वहस पैरवी गर्ने साथै प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने रहेको छ। सोहि अनुरूप प्रदेश सरकार र यस मातहतका निकायलाई विपक्षी बनाइएका मुद्दामा सर्वोच्च अदालत, उच्च अदालत तुल्सिपुर, उच्च अदालत तुल्सिपुर बुटवल इजलास, उच्च अदालत तुल्सिपुर नेपालगञ्ज इजलास, जिल्ला अदालतहरूमा उपस्थित भई बहस पैरवी गर्ने गरिएको छ।

## २.९.६ जनशक्ति विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन/ | कामकाज | जम्मा | | | |
| १ | १ | उपन्यायाधिवक्ता | रा.प. द्वितीय | न्याय सेवा | सरकारी वकिल | | १ | १ | | १ | १ | | ० | |
| | २ | सहायक न्यायाधिवक्ता | रा.प. तृतीय | न्याय सेवा | सरकारी वकिल | | ३ | ३ | | ३ | ३ | | ० | १ जना उच्च सरकारी वकिल कार्यालय बुटवलमा काज |
| | ३ | ना.सु | रा.प. अनं प्रथम | प्रशासन | प्रशासन | | २ | २ | | | ० | | २ | |
| | ४ | लेखापाल | रा.प. अनं प्रथम | प्रशासन | लेखा | | १ | १ | १ | | १ | | ० | |
| | ५ | ह.स.चा. | श्रेणीविहीन | मे.ई | | | २ | २ | | | | २ | ० | |
| | ६ | का.स. | श्रेणीविहीन | | | | २ | २ | | | | २ | ० | |
| जम्मा | | | | | | | ११ | ११ | १ | ४ | ५ | ४ | २ | |

स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय

### २.९.७ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू.लाखमा) | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७४।७५ | १०.४७ | ७.४५ | १७.९२ | ८.४९ | ७.३९ | १५.८८ | ८१.०८ | ९९.१९ | ९०.१३ |
| २०७५।७६ | १०४.९२ | १०० | २०४.९२ | ७०.८७ | ८६ | १५६.८८ | ६७.५६ | ८६.०० | ७६.५६ |
| २०७६।७७ | १५२.६७ | ७२.६० | २२५.२७ | ९०.८३ | ६२.१४ | १५२.९८ | ५९.५० | ८५.६० | ७२.५५ |

स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय

### २.९.८ कार्यालयबाट सम्पादित महत्त्वपूर्ण कार्यक्रमको विवरण

१. पाल्पा, अर्घाखाँची, गुल्मी र प्युठान जिल्लामा कानुन र न्यायका विषयमा स्थानीय तहका पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको,

२. अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलवस्तु, नवलपरासी र रूपन्देही जिल्लाका सरकारी वकिलहरू तथा जिल्ला प्रहरी कार्यालय र मुद्दा चल्ने सम्पूर्ण इलाका कार्यालयहरूबाट एक/एक जना अनुसन्धानकर्ता प्रहरी अधिकृतहरूको सहभागीतामा रूपन्देही जिल्लामा वैज्ञानिक अनुसन्धान र प्रभावकारी अभियोजन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको,

३. नवलपरासी (ब.सु.प.) जिल्लामा वाल न्याय सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको,

४. लुम्बिनी प्रदेश भित्रका १२ वटा जिल्ला स्थित सम्पूर्ण कारागार कार्यालयका प्रमुख तथा कारागार सुरक्षा व्यवस्थापनमा खटीएका सुरक्षा प्रमुखहरूको सहभागितामा हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको ।

### २.९.९ प्रदेश सरकार र मातहतका निकायका विरूद्ध दायर भएका रिट तथा मुद्दाको विवरणः

**तथ्याङ्कमा मुद्दाको विवरण (आ.व. २०७५/०७६)**

| क्र.सं. | अदालत | जम्मा मुद्दा | फैसला भएका | बाँकी |
|---|---|---|---|---|
| १. | सर्वोच्च अदालत | २४ | १ | २३ |
| २. | उच्च अदालत तुल्सिपुर, बुटवल इजलास | १७ | ७ | १० |
| ३. | उच्च अदालत तुल्सिपुर | ३ | २ | १ |
| ४. | उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज, इजलास | ६ | ० | ६ |
| ५. | जिल्ला अदालत रूपन्देही | १ | ० | १ |
| | **जम्मा** | ५१ | १० | ४१ |

स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय

- आ.ब. २०७६।०७७ र आ.व. ०७७।७८ को पौषमसान्तसम्म

तथ्याङ्कमा मुद्दाको विवरण

| क्र.सं. | अदालत | जम्मा मुद्दा | फैसला भएका | बाँकी |
|---|---|---|---|---|
| १. | सर्वोच्च अदालत | ३२ | ० | ३२ |
| २. | उच्च अदालत तुल्सिपुर, बुटवल इजलास | १९ | ४ | १५ |
| ३. | उच्च अदालत तुल्सिपुर | २ | ० | २ |
| ४. | उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज, इजलास | ६ | ० | ६ |
| ५. | जिल्ला अदालत रूपन्देही | १ | १ | ० |
| | **जम्मा** | ६० | ५ | ५५ |

स्रोतः मुख्य न्यायाधिवक्ताको कार्यालय

## २.९.१० मुख्य न्यायाधिवक्ताको कार्यालयका समस्या तथा चुनौती

(क) कानुनी अभावमा प्रदेशमा रहेका अर्धन्यायिक निकायसँग समन्वय गर्न नसकिनु।

(ख) प्रदेश सरकारबाट हुने नीतिगत निर्णयका सम्बन्धमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समयमै जानकारी नगराइनु।

(ग) कानुनको कार्यान्वयन र शान्ति सुरक्षा कायम राख्ने सवालमा संघीय कार्यालयहरू बिच समन्वय कायम गर्न नसक्नु।

(घ) अपराध अनुसन्धान तथा अभियोजनमा मुख्य न्यायाधिवक्ता कार्यालयको भूमिका बढाउनु।

(ङ) मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेशका आफ्नै कर्मचारीहरू नरहेको।

(च) प्रयाप्त बजेट तथा कर्मचारीको अभावमा प्रदेश तथा स्थानीय कानुनको अध्ययन र विश्लेषण गरी सुझाव दिन नसकिएको।

(छ) प्रदेश अन्तर्गतको डिभिजन वन कार्यालयले चलाउने मुद्दाहरू मुख्य न्यायाधिवक्ताको कार्यालयको अधिकार क्षेत्रभित्र ल्याउन नसकिनु।

## २.९.११ अवसरहरू

(क) प्रदेश सरकार तथा प्रदेशका मन्त्रालय तथा सो अन्तर्गतका कार्यालयहरू विरूद्ध सर्वोच्च अदालत र उच्च अदालत तुलसीपुर र यसका बुटवल र नेपालगञ्ज इजलासका रीट निवेदनहरूमा प्रदेश सरकारको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने।

(ख) यस प्रदेश भित्र कानुन मस्यौदाको लागि आफ्नो विज्ञता तथा रचनात्मक सहयोगको वातावरण सिर्जना भएको छ जसले प्रदेश सभालाई कानुन निर्माणमा सहयोग पुगेको छ।

(ग) लुम्बिनी प्रदेशमा कानुनी शासनको अनुभूत गराउन यस कार्यालयले प्रदेश भित्र नागरिक तथा विद्यार्थीहरूलाई कानुनी शिक्षा सचेतना कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

(घ) स्थानीय सरकारका न्यायिक समितिहरूलाई शसक्तिकरण गरी तिनिहरूबाट संपादन हुने कार्यहरूलाई व्यवस्थित, कानुनी र प्रभावकारी बनाउन न्यायिक समितिहरूसँग अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिएको।

(ङ) कारागार तथा हिरासत कक्षहरूको अनुगमन तथा निरीक्षण गरी आवश्यक सुधारको लागि सम्बन्धित निकायलाई निर्देशन तथा समन्वयमा सहयोग पुग्ने।

(च) न्यायिक वा अर्धन्यायिक निकायहरूमा प्रदेश सरकारको प्रतिनिधित्व बढाउने अवसर प्राप्त भएको।

## २.९.१२ भावी कार्यदिशा

(क) प्रदेश सरकार र मातहतमा रहेका कार्यालयहरूलाई विपक्षी बनाएर सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा दायर भएका रिट निवेदन मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गरी बहस पैरवी गर्ने।

(ख) प्रदेश सरकार र मातहतमा रहेका कार्यालयहरू र प्रदेश सरकारले तोकिदिएको अधिकारलाई कुनै संवैधानिक तथा कानुनी प्रश्नमा राय माग भई आएमा कानुनी राय सल्लाह दिई कानुनी राज्य स्थापनामा सहयोग पुऱ्याउने।

## २.१०. प्रदेश योजना आयोग

### २.१०.१ पृष्ठभूमि

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७४ चैत्र ६ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो।

प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने ,योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति , रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्त्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरूको अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट सूचनाहरूको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रूपमा प्रदेश योजना आयोग गठन भएको हो।

### २.१०.२ आयोगको संरचना

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम आयोगको संरचनामा देहाय बमोजिमका पदाधिकारीहरू रहने व्यवस्था छः-

(क) मुख्यमन्त्री - अध्यक्ष
(ख) प्रदेश सरकारबाट नियुक्त १ जना — उपाध्यक्ष
(ग) प्रदेश सरकारबाट नियुक्त कम्तिमा १ महिला सहित बढीमा ४ जना — सदस्य
(घ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य
(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य सचिव

### २.१०.३ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने गराउने,

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने,

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने गराउने,

(छ) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

## २.१०.४ कार्यक्षेत्र

(क) आर्थिक विकास

(ख) सामाजिक तथा मानव विकास र सुशासन

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा

(घ) कृषि तथा पर्यटन

(ङ) प्राकृतिक र मानवीय स्रोत व्यवस्थापन

## २.१०.५ जनशक्तिको अवस्था

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/ करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | प्रशासकीय प्रमुख | अधिकृत, अधिकृतस्तर नवौं/ दशौं | नेपाल प्रशासन/ सा.प्र | सा.प्र | - | १ | १ | ० | ० | ० | - | १ | |
| | २ | सहायक प्रशासकीय प्रमुख | अधिकृत, अधिकृतस्तर सातौं/ आठौं | नेपाल प्रशासन/ सा.प्र | सा.प्र | - | १ | १ | ० | १ | १ | - | ० | |
| | ३ | शाखा प्रमुख | सहायक पाँचौं/ अधिकृत छैठौं | नेपाल प्रशासन/ सा.प्र | सा.प्र | - | २ | २ | ० | २ | २ | - | ० | |
| | ४ | आर्थिक प्रशासन प्रमुख | सहायक पाँचौं/ अधिकृत छैठौं | नेपाल प्रशासन/ लेखा | लेखा | - | १ | १ | ० | ० | ० | - | १ | मु.म का बाट सहायक (चौथो) खटाईएको |
| | ५ | ह.स.चा | श्रेणीविहीन | - | - | - | २ | २ | - | - | - | २ | ० | |
| | ६ | कार्यालय सहयोगी | श्रेणीविहीन | - | - | - | २ | २ | - | - | - | १ | १ | |
| जम्मा | | | | | | - | ९ | ९ | ० | ३ | ६ | ३ | ३ | लेखा नजोडिएको |

स्रोतः प्रदेश योजना आयोग

## २.१०.६ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू.लाखमा) | | | खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७६/०७७ | १४६.४९ | ७५.९५ | २२२.४४ | ९२.६० | ७३.२४ | १६५.८४ | ६३.२ | ९६ | ७४.५६ |
| कुल | १४६.४९ | ७५.९५ | २२२.४४ | ९२.६० | ७३.२४ | १६५.८४ | ६३.२ | ९६ | ७४.५६ |

स्रोतः प्रदेश योजना आयोग

## २.१०.७ हालसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

(क) संयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रम (UNDP)को आर्थिक सहयोगमा दिगो विकास लक्ष्यको आधार तथ्याङ्क (SDG Base Line Report) तयार गरी प्रकाशन गरिएको।

(ख) प्रदेशभित्र कार्यक्षेत्र भएका गैससहरूसँग माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा मिति २०७६ श्रावण २९ गते छलफल तथा अन्तरक्रिया गरिएको।

(ग) कानुन, कार्यविधि तथा मापदण्ड निर्माण

१. प्रदेश सरकारको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि २०८०/०८१),
२. प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५
३. बहुवर्षीय आयोजना स्वीकृती तथा ठेक्का बन्दोवस्तसम्बन्धी मापदण्ड, २०७६
४. प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६

(घ) परियोजना बैंक सुरूवात

(आ.व. ०७६/०७७)

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | शालिग्राम संग्रहालय तथा शुशोभन केन्द्र, गुल्मी | 2076/77-001-R0 |
| २ | उखु जुस उद्योग, कपिलवस्तु | 2076/77-002-R0 |
| ३ | कपिल कागज कारखाना, कपिलवस्तु | 2076/77-003-R0 |
| ४ | प्लाष्टिकबाट इन्धन उद्योग, रूपन्देही | 2076/77-004-R0 |
| ५ | लुम्बिनी अस्पतालको जग्गामा व्यापारिक कम्प्लेक्स | 2076/77-005-R0 |

स्रोतः प्रदेश योजना आयोग

(आ.व. ०७७/०७८)

| सि.नं. | परियोजनाको नाम | परियोजना बैंक दर्ता नं. |
|---|---|---|
| १ | चिउरी प्रशोधन लघु उद्योग | 2076/77-006-R0 |
| २ | बुटवल-गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग | 2076/77-007-R0 |
| ३ | अण्डा सहकारी, रूपन्देही | 2076/77-008-R0 |
| ४ | प्रशोधित दाउरा उद्योग, भालुवाङ | 2076/77-009-R0 |
| ५ | लेते पहिरो, गुल्मीः अवस्था र रोकथामका उपाय | 2076/77-010-R0 |
| ६ | रूकुम पूर्व स्याउ परियोजना | 2076/77-011-R0 |
| ७ | कपिल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र,शखुनिया ताल | 2076/77-012-R0 |
| ८ | सिद्धबाबा कृत्रिम पठार परियोजना | 2076/77-013-R0 |
| ९ | बुल्म एकीकृत वस्ति विकास परियोजना | 2076/77-014-R0 |

स्रोतः प्रदेश योजना आयोग

(ङ) अनुगमन तथा मूल्याङकनको सुरूवात

(च) चौमासिक/वार्षिक समीक्षा (मिति २०७७/०४/१८, १९ र २० मा वार्षिक समीक्षा र मिति २०७७ मंसिर १० र ११ गते यस आ.ब. को प्रथम चौमासिक समिक्षा कार्यक्रम (PDAC) Provincial Development Action Committee को बैठक आयोजना गरी प्रदेश सरकार मातहतका केन्द्रीय मन्त्रालय/निकायको प्रगति सम्बन्धी समिक्षा कार्यक्रम आयोजना गरिएको।

(छ) लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको प्रथम आर्थिक वर्ष (२०७६/०७७) को वार्षिक समीक्षा प्रतिवेदन पुस्तक प्रकाशन गरिएको।

(ज) शोधवृत्ति (Research Grant) कार्यक्रम कार्यविधि, २०७७ स्वीकृत भएको। सोही कार्यविधिको आधारमा विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नातकोत्तर वा सो भन्दा माथि अध्ययनरत बिद्यार्थीहरूबाट आवेदन र शोधपत्र माग गरी प्राप्ति भएका जम्मा ७९ वटा प्रस्तावहरूको अध्ययन पश्चात् विभिन्न विधामा १० (दश) जना बिद्यार्थीहरू छनौट गरिएको।

(झ) बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चितता र सहमति प्रदान गर्नुअघि स्थलगत अनुगमन र डिजाईनरहरूसँग अन्तरक्रिया गरिएको। जस्तैः जेष्ठ नागरिक तथा अपाङ्गता ग्राम सैनामैना, भेटेरिनरी रिफरल अस्पताल भैरहवा, चरङ्गे-झुम्सा सडक आयोजना, मर्चवार सडक, नरैनापुर सडक आयोजना आदि।

(ञ) कम्तिमा ५० हजार जना नागरिकलाई प्रदेशमा उपलब्ध रोजगारीमा आवद्ध गरी एकद्वार सूचना प्रणालीको विकास गर्ने उद्देश्य सहित (सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको प्राविधिक सहयोगमा) लुम्बिनी प्रदेश रोजगार पोर्टल तयार भई मिति २०७७ कार्तिक २८ गते औपचारिक सुरूवात भएको।

(ट) चालु आ.ब. ०७७/०७८ मा स्रोत सुनिश्चितता प्रदान गरिएका आयोजनाहरूको बिवरण

**आ.व. ०७७/७८ (पौष मसान्तसम्म) मा बहुवर्षीय स्रोत सुनिश्चितता प्रदान गरिएका आयोजनाहरूको विवरण**

| क्र. सं. | बहुवर्षीय आयोजनाको नाम | बहुवर्षीय आयोजना सञ्चालन गर्ने निकाय | आ.व. अनुसार लागत रू. | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्षको लागत आ.व.(०७७/७८) | दोस्रो वर्षको लागत आ.व.(०७८/७९) | तेस्रो वर्षको लागत आ.व.(०७९/८०) |
| १ | कालिका पथ (बुटवल ५ स्थित पुरानो बसपार्कदेखि बुटवल-११ योगिकुटी) | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७०,०००,०००.०० | १५०,०००,०००.०० | ५२,८७४,०००.०० |
| २ | नारायणपुर सिँचाई प्रणाली दाङ | | ३५,०००,०००.०० | ७९,०२६,०००.०० | ७४,५७३,०००.०० |
| ३ | मदाने गा.पा.पहुँच मार्ग बर्बोट-वाग्ला-पुर्कोटदह सडकखण्ड आयोजना, गुल्मी | | ४०,०००,०००.०० | १४१,४४०,५९८.०० | १४१,४४०,५९८.०० |
| ४ | विजयनगर गा.पा.पहुँचमार्ग हल्लानगर-त्रिपालनगर-फेरिनेचोक-उज्वलपुर-डालपुर-विजयनगर सडक, कपिलवस्तु | | ४०,०००,०००.०० | ८८,३५१,०००.०० | ० |
| ५ | छत्रदेव गा.पा. पहुँच मार्ग डिभर्ना जरेखोला धारापाटी छत्रगज (मडेलचौर सिमिचौर गुल्मी) | | ३०,०००,०००.०० | २०२,२९२,०००.०० | १३४,८६२,०००.०० |
| ६ | पटौटी दुर्गाफाँट कुखुरै देउराली खर्याङ्ग रानीवास सिमिचौर तम्घास सडक, गुल्मी | | २७,५००,०००.०० | १०७,३०३,०००.०० | ५३,६५१,०००.०० |
| ७ | मालारानी गा.पा. पहूच मार्ग च्यानडाँडा डिभर्ना खन खनदह डाँडाकटेरी सडक, अर्घाखाँची | | ३०,०००,०००.०० | १९६,६७९,०००.०० | १३१,११९,०००.०० |
| ८ | सन्धिखर्क गच्छे ढिकुरा धनचौर जुकुना जलुके लामाताल बडिममार चैतेरामपुर सडक, अर्घाखाँची | | ५५,०००,०००.०० | २१४,३११,०००.०० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बुटवल-खलङ्गा-सन्धिखर्क-तम्घास-तानसेन-थवाङ-पोवाङ-शुलीचौर-भिङ्ग्री-चकचके-विजुवार प्रदेश-रूकुमकोट पहाडी मार्ग | | ६,५००,०००.०० | ८८,५००,०००.०० | ० |
| १० | पोटली-मिरौली-चखौरा-पूर्व ड्रोङ्हीदेखि हेकुली चोक हुँदै रावतगाउँ चितापुर एक्ली सडक स्तरोन्नति, दाङ | | १०,०००,०००.०० | ६०,०००,०००.०० | ५०,५००,०००.०० |
| ११ | दाङको हापुरे गंगटे-हुँदै कोहलपुर जोड्ने सडक | | २०,०००,०००.०० | ६०,०००,०००.०० | ४३,५००,०००.०० |
| १२ | अर्घाखाँची जिल्लाको भूमिकास्थान न.पा. पहुँच मार्गः नरपानी खाँचीकोट ढिकुरा पोखेडाँडा (हिलेभेडी राखे) | | ३०,०००,०००.०० | ९६,७००,०००.०० | ० |
| १३ | पूर्वखोला गा.पा. पहुँच मार्गः हुमिन-रिड्नेरह-ज्यामिरे सडक, पाल्पा | | ४०,०००,०००.०० | १२०,०००,०००.०० | २१६,०००,०००.०० |
| १४ | पाल्पा जिल्लाको चिलाङ्दी-चापपानी राम्दी-सडक | | १५,०००,०००.०० | ८४,८००,०००.०० | ० |
| १५ | प्रदेश प्रहरी इकाइ भवन, रूपन्देही (इलाका प्रहरी कार्यालय, बुटवल) | आन्तरिक मामिला मन्त्रालय | २०,०००,०००.०० | १३,१४१,३३६.०० | ० |
| १६ | प्रदेश प्रहरी इकाइ भवन, कपिलवस्तु (इलाका प्रहरी कार्यालय, गणेशपुर) | | २०,०००,०००.०० | १२,५६१,३०५.०० | ० |
| १७ | प्रदेश प्रहरी इकाइ भवन, बाँके (इलाका प्रहरी कार्यालय, भगवानपुर) | | २०,०००,०००.०० | १०,९८३,४२१.०० | ० |
| १८ | प्रदेश प्रहरी इकाइ भवन, रोल्पा (इलाका प्रहरी कार्यालय, खड्ग्री) | | २०,०००,०००.०० | १२,३०४,७२१.०० | ० |
| १९ | बाहकुने दहमा बहुउद्देशीय पार्क निर्माण आयोजना, दाङ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १४००००००.०० | ४००००००.०० | २९७६७२३४.०० |
| २० | भेटेनरी रिफरल अस्पताल भवन निर्माण, रूपन्देही | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३५,०००,०००.०० | १००,०००,०००.०० | ८५,८७५,९५६.४० |
| २१ | भिम अस्पताल, रूपन्देही (मेटेरनिटी ब्लक) | सामाजिक विकास मन्त्रालय | ८०,०००,०००.०० | ६२,९७६,०००.०० | ३४,७००,०००.०० |
| २२ | बर्दिया अस्पताल भवन निर्माण | | २०,०००,०००.०० | २६,४००,०००.०० | ० |
| २३ | रूकुम पूर्व अस्पताल भवन निर्माण | | ११०,०००,०००.०० | ९५,०००,०००.०० | ७९,०००,०००.०० |
| **जम्मा** | | | **७८८,०००,०००.००** | **२,०६२,७६९,३८१.००** | **१,१२७,८६२,७८८.४०** |

स्रोतः प्रदेश योजना आयोग

**(गत आ.ब. मा ३९ वटा आयोजनाहरूलाई बहुवर्षीय आयोजनाको रूपमा स्रोत सुनिश्चतता प्रदान गरिएको)**

## २.१०.८ प्रमुख समस्या तथा चुनौतीहरू

(क) प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरूका बिचमा कार्यक्रम छनौटसम्बन्धी समन्वयको अभाव देखिएको जसका कारण मन्त्रालयहरू बिचमा कार्यक्रमहरूको दोहोरोपना देखिएको।

(ख) विभिन्न आयोजनाहरूमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तिनै तहबाट बजेट लगानी हुने गरेकाले एउटै आयोजनामा लगानीको दोहोरोपना देखिएको।

(ग) प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको।

(घ) **"बहुवर्षीय आयोजना स्वीकृती तथा ठेक्का बन्दोवस्तसम्बन्धी मापदण्ड, २०७६" र प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड** निर्माण भैसकेको सन्दर्भमा सम्बन्धित मन्त्रालयहरूबाट उल्लिखित मापदण्डहरूको आवश्यक अध्ययनबिना नै आयोजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गरिएको।

(ङ) परियोजनाको प्रकृति अनुरूप DPR निर्माणमा एकरूपता कायम गर्नुपर्नेमा त्यस्तो नगरिएकोले DPR को संरचनामा आवश्यक सुधार गर्नुपर्ने देखिएको।

(च) संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार र प्रदेश सरकारबिच औपचारिक सम्बन्ध स्थापना गर्ने संरचना/इकाइको अभाव। जस्तैः राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगबिच औपचारिक सम्बन्ध स्थापना गर्ने कानुनी संरचनाको अभाव।

## २.१०.९ अवसर

प्रदेश सरकारको विकास निर्माण सम्बन्धी नीति, कानुन निर्माणमा सल्लाहकारी भूमिका निर्वाह गर्ने र उक्त विकास निर्माणको प्रत्यक्ष अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने कार्यदिश सहित प्रदेश योजना आयोगको स्थापना भएको हो। स्थापनाकालदेखि नै यसै बिषयलाई हृदयङ्गम गर्दै आयोग आफ्नो कार्यमा दत्तचित्त भएर कार्यरत रहेको छ। उल्लिखित बिषयहरूमा कार्य गर्नका लागि लुम्बिनी प्रदेश सरकारका तर्फबाट प्राप्त सहयोगका कारण पनि आयोगको कार्यक्षेत्रका बिषयमा यथेष्ट अवसरहरू निर्माण भएका छन्।

## २.१०.१० भावी कार्यदिशा

(क) प्रदेश योजना आयोगको गठन प्रदेशभित्रका विकास निर्माणका आयोजनाको सन्तुलित वितरण र वर्गीकरण गर्नका लागि भएको कारण आयोगले सोही दिशामा कार्य गर्दै

आइरहेको छ। यस सन्दर्भमा आयोगले आगामी वर्षहरूमा पनि प्रदेशका विकास निर्माण तथा आयोजनाहरूको वर्गीकरण, सन्तुलित वितरण र आवश्यक अनुगमन तथा मूल्याङ्कनका लागि कार्य गर्ने गरी भावी कार्यदिशा पहिचान गरेको छ।

(ख) आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको सहकार्यमा प्रदेशको २० वर्षे दीर्घकालीन योजना निर्माणसम्बन्धी अवधारणापत्र तयारीको चरणमा विभिन्न सरोकारवाला संस्था तथा व्यक्तिहरूबाट सुझाव सङ्कलन गरी कार्य प्रारम्भ गरेको छ।

(ग) आयोगले मासिक रूपमा प्रकाशन गर्दै आएको बुलेटिनलाई तथ्याङकमा आधारित बनाई समग्र प्रदेश सरकारको मासिक प्रगति झल्किने गरी प्रकाशन गर्ने सोँच बनाएको छ।

(घ) लुम्बिनी प्रदेश रोजगार पोर्टल स्थापना गरी सकिएको परिप्रेक्ष्यमा यस पोर्टललाट प्रदेश सरकारका तर्फबाट सिर्जना हुने सम्पूर्ण रोजगारीका अवसरहरूसँग जोड्ने र यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरूलाई क्रियाशिल हुन आवश्यक समन्वय गरी अघि बढ्ने कार्यदिशा तय गरेको छ।

## २.११. प्रदेश लोकसेवा आयोग

### २.११.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रदेशमा लोकसेवा आयोग रहने, प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम प्रदेश सभाबाट पारित भई मिति २०७६/०२/२१ मा प्रमाणीकरण भएको प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोकसेवा आयोग गठन भई आयोगका अध्यक्षले मिति २०७६/४/२८ गते सपथ ग्रहण गरे सँगै प्रदेश लोकसेवा आयोगको कार्यालय लुम्बिनी प्रदेशको मुकाम : बुटवलमा स्थापना भई सञ्चालनमा रहेको छ।

### २.११.२ दीर्घकालीन सोच

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्ने।

### २.११.३ लक्ष्य र उद्देश्यहरू

(क) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने।

(ख) वैज्ञानिक परीक्षा पद्धतिको सुनिश्चित गर्ने।

(ग) समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनौट गर्ने।

(घ) लोकसेवाका मूलभूत मान्यता : योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने।

(ङ) प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने।

(च) तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने।

### २.११.४ कार्यक्षेत्र

(क) उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाही सञ्चालन गर्ने,

(ख) प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा सँगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्ने,

(ग) प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ४१ बमोजिम प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय, निर्देशनालय, कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा संविधान, प्रचलित कानुन र आयोगले दिएको परामर्श पालना भए नभएको, प्रहरी र अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको र सँगठित संस्थाको कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन बनाउँदा, बढुवा गर्दा र कर्मचारीलाई विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको विषयमा अनुगमन निरीक्षण गरी प्रतिवेदन दिने,

(घ) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवाप्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरू गर्ने।

(ङ) प्रदेश निजामती सेवाको शर्त सम्बन्धी कानुनको विषयमा परामर्श दिने,

(च) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा परामर्श दिने,

(छ) प्रदेश सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयकालागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,

(ज) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरूवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदमा प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,

(झ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरूवा वा बढुवा गर्ने विषयमा परामर्श दिने,

(ञ) प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने,

(ट) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने,

(ठ) सँगठित संस्थाको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने,

(ड) निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा परामर्श दिने,

## २.११.५ जनशक्ति विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पद नाम | श्रेणी तह/ | सेवा | समूह/ उप समूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | सचिव | ११ औं तह | सा.प्र. | प्रशासन | | १ | १ | | | | | १ | |
| | २ | अधिकृत | ९/१० औं | सा.प्र. | प्रशासन | | २ | २ | १ | | | | १ | शिक्षा सेवा १० औं तहका नि.सचिव |
| | ३ | अधिकृत | ७/८ औं | सा.प्र. | प्रशासन | | ४ | ४ | २ | | | | २ | |
| | ४ | अधिकृत | ७/८ औं | शिक्षा | प्रशासन | | १ | १ | | | | | १ | |
| | ५ | अधिकृत | ७/८ औं | कानुन | | | १ | १ | | | | | १ | |
| | ६ | अधिकृत | ७/८औं | कम्प्युटर इन्जिनियर | विविध | | १ | १ | | | | | १ | |
| | ७ | अधिकृत छैठौं/ सहायक पाँचौं | ६/५ औं | सा.प्र. | प्रशासन | | ९ | ९ | २ | | | | ७ | |
| | ८ | अधिकृत छैठौं/ सहायक पाँचौं | ६/५ औं | प्रशासन | लेखा | | १ | १ | १ | | | | ० | |
| | ९ | कम्प्युटरअधिकृत छैठौं/ पाँचौं | ६/५औं | विविध | | | २ | २ | २ | | | | ० | |
| | १० | ह.स.चा. | तहविहीन | | | | | | | | | ४ | १ | |
| | ११ | का.स. | तहविहीन | | | | | | | | | ४ | १ | |
| जम्मा | | | | | | | २२ | २२ | ८ | | | ८ | १६ | |

स्रोतः प्रदेश लोक सेवा आयोग

## २.११.६ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू. हजारमा) | | | खर्च (रू. हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ०७६/०७७ | १५३९० | २१०४५ | ३६४३५ | ११५७६.३० | २०५२६.५८ | ३२१०२.८९ | ७५.२१ | ९७.५३ | ८८.११ |
| कुल | १५३९० | २१०४५ | ३६४३५ | ११५७६.३० | २०५२६.५८ | ३२१०२.८९ | ७५.२१ | ९७.५३ | ८८.११ |

स्रोतः प्रदेश लोकसेवा आयोग

## २.११.७ हालसम्मका महत्त्वपूर्ण उपलब्धि

(क) प्रदेश लोकसेवा आयोगलाई पदपूर्ति (कर्मचारी छनौट) का लागि आवश्यक पर्ने प्रदेश लोकसेवा आयोगको नियमावली, २०७६, प्रदेश लोकसेवा आयोगको (कार्य सञ्चालन) निर्देशिका २०७७, प्रदेश लोकसेवा आयोगको पारिश्रमिक तथा दस्तुरसम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोकसेवा आयोगको आचार संहिता, २०७६ र प्रदेश लोकसेवा आयोगको बैठक सञ्चालन कार्यविधि, २०७६ निर्माण भएका।

(ख) प्रदेश सरकारका माननीय मुख्यमन्त्री, माननीय मन्त्रीहरू र प्रमुख सचिव एवम् सचिवहरूको उपस्थितिमा प्रदेशस्तरमा र लुम्बिनी प्रदेशका १० वटा जिल्लामा स्थानीय तहका पदाधिकारीहरू, प्रशासकीय प्रमुखहरू र प्रदेश सरकारका जिल्ला स्थित कार्यालयका प्रमुखहरूसँग आयोगका काम, कर्तव्य र कार्य प्रक्रिया सम्बन्धमा अभिमुखीकरण गोष्ठीहरू सञ्चालन गरिएको।

(ग) प्रदेश सरकारको माग बमोजिम स्वास्थ्य सेवाका सातौं/आठौं तह र इञ्जिनीयरिङ्ग सेवाका सातौं तहको खुला विज्ञापन प्रकाशन गरी परीक्षाका लागि तयारी अवस्थामा रहेको।

(घ) लोकसेवा आयोग र गठन भएका अन्य प्रदेश लोकसेवा आयोगहरूसँग ऐनको दफा ५० बमोजिम समन्वय गर्दै सम्बन्ध र सहयोग लिने कार्य गरिएको।

## २.११.८ प्रमुख समस्या तथा चुनौती

(क) परीक्षा सञ्चालन गर्ने भवनको अभाव।

(ख) बजेटको अप्रयाप्तता।

**(ग)** निजामती सेवा ऐन, नियमहरू सङ्घ, प्रदेश र स्थानीय तहसम्म निर्माण हुन बाँकी रहेकाले आयोगलाई कार्यतालिका निर्माण गरी पदपूर्तिको काम गर्न कठिनाइ भईरहेको।

## २.११.९ अवसर

(क) संघीयताको मर्म बमोजिम प्रदेश तथा स्थानीय तहका लागि दक्ष जनशक्तिको प्रक्षेपण तथा छनौट गरी प्रदेश तथा स्थानीय तहलाई सिफारिस गरी सेवा संञ्चालनका लागि आवश्यक जनशक्तिको अभाव पूर्ति गर्ने,

(ख) लोकसेवा आयोगको गरीमा कायम गर्न यसले अवलम्वन गर्ने सिद्धान्तहरू गोपनियता, निष्पक्षता, योग्यता प्रणालीलाई अवलम्वन गर्दै उदाहरणीय काम गर्ने र

(ग) प्रदेश तथा स्थानीय तहमा विकास तथा सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने।

## २.११.१० भावी कार्यदिशा

(क) आवश्यक स्रोत साधनको समूचित प्रवन्ध गर्ने,

(ख) समय सापेक्ष पाठ्यक्रम तर्जुमा गर्ने,

(ग) विज्ञ समूहको सूची (रोष्टर) निर्माण गर्ने,

(घ) वैज्ञानिक परीक्षा प्रणालीको सुनिश्चितता गर्ने,

(ङ) समयको माग बमोजिमको दक्ष कर्मचारी छनौट गर्ने,

(च) लोकसेवाका मूलभूत मान्यताः- योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,

(छ) चुस्त, दुरूस्त, गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएका जनशक्ति छनौट गर्ने ।

## २.१२ सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

### २.१२.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्न सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको स्थापना भएको हो।

### २.१२.२ दीर्घकालीन सोंच

(क) डिजिटल प्रदेशको निर्माणबाट प्रदेशवासीको जीवनस्तरमा सुधार ल्याई ज्ञानमा आधारित समाजको निर्माण गर्ने।

### २.१२.३ लक्ष्य

(क) प्रदेशमा सूचना प्रविधिको विकास गर्नका लागि सूचना प्रविधि पार्क, इनोभेसन सेन्टर, डाटा सेन्टर, सूचना प्रविधि ग्राम जस्ता संरचनाहरूको विकास गर्ने।

(ख) प्रदेशमा रहने सूचना प्रविधि उद्योग र सेवाहरूलाई आवश्यक पर्ने दक्ष जनशक्ति प्रदेशमा नै उत्पादन गरी सूचना प्रविधिको क्षेत्रमा आत्मनिर्भर बन्ने।

(ग) प्रदेशमा सूचना प्रविधि क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उद्योग तथा व्यवसायहरूको उपस्थिति सुनिश्चित गरी सो मार्फत् रोजगारीका नयाँ क्षेत्रहरूको प्रचूर अवसरहरू सिर्जना गर्ने।

(घ) प्रदेश सरकारबाट प्रदान गरिने सेवाहरूलाई पूर्ण रूपमा विद्युतीय माध्यममा लगी प्रदेशवासीलाई सुशासनको अनुभूति प्रदान गर्ने।

### २.१२.४ उद्देश्यहरू

(क) प्रदेशमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बढाउने र विस्तार गर्ने,

(ख) सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने,

(ग) सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्योगको स्थापना र विकास मार्फत् प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने,

(घ) प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनको माध्यमबाट छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउने, र

(ङ) सरकारी, सामूदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिक बिचको कारोबार र सम्बन्धलाई विद्युतीय प्रविधि मार्फत् भरपर्दो र प्रभावकारी बनाउने।

### २.१२.५ कार्यक्षेत्र

(क) प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धनका लागि सूचना प्रविधि पार्क, डाटा सेन्टर, इनोभेसन सेन्टर जस्ता भौतिक पूर्वाधारको विकास गर्ने,

(ख) स्वचालित कार्यसम्पादन प्रणाली, विद्युतीय भुक्तानी प्रणाली जस्ता प्रणालीहरूको प्रयोगबाट प्रदेश सरकारका कामकारवाही तथा सेवाहरूलाई विद्युतीय माध्यममा लगी डिजिटल प्रदेश निर्माण गर्ने,

(ग) प्रदेश सरकारका विभिन्न निकायहरूबाट प्रयोग हुने सफ्टवेयर प्रणालीहरूको सुरक्षा सुनिश्चितता गर्ने,

(घ) प्रदेश सरकारका विभिन्न निकायका वेवसाइटहरूको डाटा सुरक्षाका साथै एकरूपता कायम गर्ने,

(ङ) प्रदेश सरकारका विभिन्न निकायहरूबाट सम्पादन हुने सूचना प्रविधि सम्बन्धी क्रियाकलापहरूमा सहजीकरण गर्ने,

(च) कृषि, रोजगारी, आयआर्जन तथा पर्यटनका क्षेत्रमा विकासका लागि सूचना प्रणालीहरूको विकास गर्ने र प्रयोगमा समन्वय एवम् सहजीकरण गर्ने ।

## २.१२.६ जनशक्तिको विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पदनाम | श्रेणी/ तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार /ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | कार्यकारी निर्देशक | | | | | १ | १ | | १ | १ | | | म.प.बाट नियुक्त |
| | २ | प्रशासकीय अधिकृत | सातौं/आठौं | प्रशासन | | | १ | १ | | १ | १ | | | |
| | ३ | सूचना प्रविधि इन्जिनियर | सातौं/आठौं | प्राविधिक | | | ३ | ३ | | | | ३ | | |
| | ४ | सूचना प्रविधि असिस्टेन्ट इन्जिनियर | पाँचौं/छैठौं | प्राविधिक | | | २ | २ | | | | २ | | |
| | ५ | सहायक | पाँचौं/छैठौं | प्रशासन | | | १ | १ | | | | | १ | |
| | ६ | सवारी चालक | | प्रशासन | | | १ | १ | | | | १ | | |
| | ७ | कार्यालय सहयोगी | | प्रशासन | | | १ | १ | | | | १ | | |
| जम्मा | | | | | | | १० | १० | | २ | २ | ७ | १ | |

स्रोतः सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

## २.१२.७ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट (रू. लाखमा) | | | खर्च (रू. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७६/७७ | १६४.५ | २१०.५० | ३७५ | ६८ | १५०.४ | २१८.४ | ४१.४ | ७१.५ | ५८.२४ |
| कुल | १६४.५ | २१०.५० | ३७५ | ६८ | १५०.४ | २१८.४ | ४१.४ | ७१.५ | ५८.२४ |

स्रोतः सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान

## २.१२.८ हालसम्मका महत्त्वपूर्ण उपलब्धिहरू

(क) कोभिड-१९ को कारण उत्पन्न अवस्थाको व्यवस्थापनमा मद्दत पुऱ्याउन कोभिड ट्र्याक एप, नेपाल ट्रेस, स्थानीय तह कोभिड रिपोर्टिङ सिस्टम आदि सूचना प्रणाली तथा एपहरू निर्माण गरिएको, जसबाट प्रदेश सरकारले प्रदेश भित्रको कोभिड-१९ को अवस्थाबारे जानकारी प्राप्त गरी आवश्यक व्यवस्थापनमा मद्दत पुगेको,

(ख) कोभिड-१९ को कारण उत्पन्न रोजगारीको समस्या समाधानको लागि प्रदेश योजना आयोग र यस प्रतिष्ठानको संयुक्त प्रयासमा प्रदेश रोजगार पोर्टलको शुभारम्भ गरिएको र रोजगारदातालाई कामदार प्राप्त गर्ने एवम् बेरोजगारहरूलाई रोजगारी प्राप्त गर्न सक्ने व्यवस्था भएको,

(ग) प्रदेशको सेक्युरिटी मापदण्ड स्थापित गरिएको र प्रदेश सरकारका सूचना प्रणालीहरू सेक्युरिटी अडिट पश्चात् मात्र प्रयोगमा आउने व्यवस्था मिलाइएको,

(घ) प्रदेशको सम्पुर्ण सूचना प्रणालीहरूका क्लाउड सर्भिस सुरू गरी प्रदेश सरकारका सूचना प्रणालीहरू प्रतिष्ठान मातहतमै Host गर्ने व्यवस्था गरिएको,

(ङ) प्रदेश सरकार अन्तर्गतका निकायहरूको वेवसाइटको लागि साझा फ्रेमवर्क तयार गरी प्रयोगमा ल्याइएको, जसबाट प्रदेश सरकारका विभिन्न निकायका वेवसाइटहरूमा एकरूपता कायम भएको।

## २.१२.९ प्रमुख समस्या तथा चुनौती

सूचना प्रविधिको क्षेत्रमा प्रयोगमा ल्याइएका नवीनतम प्रणालीहरूको उपयोगमा प्राविधिक ज्ञान तथा तालिमको कमी तथा प्रयोगमा असहजता जस्ता विभिन्न कारणबाट यसको प्रयोगको दर कम हुनु र सेवाप्रवाहमा सहजता ल्याउन नसक्नु यस क्षेत्रको समस्या रहेको छ। साथै विश्वव्यापी रूपमा भएको सूचना प्रविधिको विकाससँगै प्रदेशको सूचना प्रविधि क्षेत्रलाई पनि सँगसँगै विकसित गर्दै अद्यावधिक गराइराख्नु यस प्रतिष्ठानको चुनौतीको रूपमा रहेको छ।

### २.१२.१० अवसर

सूचना प्रविधिसँग सम्बन्धित उद्योग तथा सेवाको क्षेत्रमा तीव्र रूपमा विकास भइरहेको अवस्थामा यस प्रदेशमा पनि सूचना प्रविधिको क्षेत्रमा रोजगारी तथा उद्यमशीलताका लागि प्रशस्त अवसरहरू रहेको छ।

### २.१२.११ भावी कार्यदिशा

(क) सूचना प्रविधि पार्क स्थापनाको प्रारम्भिक कार्य सुरूवात गरिएको र निकट भविष्यमा प्रदेशमा सूचना प्रविधि पार्कको स्थापना तथा सञ्चालन गरिने,

(ख) प्रदेश राजधानीमा डाटा सेन्टर तथा अन्य भौतिक पूर्वाधारहरूको स्थापनाका लागि प्रारम्भिक तयारी गरिएको र सो बमोजिम सूचना प्रविधि सम्बन्धी पूर्वाधारहरूको स्थापना गरिने,

(ग) डिजिटल प्रदेश निर्माणका लागि स्वचालित कार्यसम्पादन प्रणाली, विद्युतीय भुक्तानी प्रणाली जस्ता प्रणालीहरूको प्रयोगबाट प्रदेश सरकारका कामकारवाही तथा सेवाहरूलाई विद्युतीय माध्यममा लैजाने,

(घ) सेवाग्राहीहरूको बढी चाप हुने क्षेत्र वा निकायहरूमा अनलाइनमा आधारित स्वचालित प्रणालीको स्थापना गरी विद्युतीय माध्यमबाटै सेवाप्रवाहको व्यवस्था मिलाउने प्रणालीहरूको विकास गर्ने,

(ङ) सार्वजनिक एवम् निजी क्षेत्रसँगको सहकार्यमा दक्ष जनशक्तिको उत्पादनमा मद्दत गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी सूचना प्रविधि क्षेत्रमा थप रोजगारीको सिर्जना गर्न मद्दत गर्ने।

## २.१३ प्रदेश पूर्वाधार विकास प्राधिकरण

### २.१३.१ पृष्ठभूमि

प्रदेशको विकासमा विशेष र महत्त्वपूर्ण योगदान गर्न सक्ने एवम् उच्च प्रतिफलयुक्त पूर्वाधार विकासका आयोजनाहरूलाई छिटो छरितो र प्रभावकारी रूपमा कार्यान्वयन गर्न र सार्वजनिक, नीजी साझेदारी र वैदेशिक लगानी समेत परिचालन गर्ने उद्देश्यले **"प्रदेश पूर्वाधार विकास प्राधिकरणको"** गठन गरिएको हो।

### २.१३.२ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

(क) पूर्वाधार आयोजनाहरू छनौट गरी सूचीतकृत गर्ने,

(ख) भौतिक संरचना निर्माण गर्न आवश्यक जग्गा प्राप्त  गर्न प्रदेश सरकारसँग समन्वय गर्ने,

(ग) प्रदेशका क्षेत्रगत पूर्वाधार आयोजनाहरूको गुरूयोजना तयार गर्ने,

(घ) प्राधिकरणले छनौट गरेका आयोजनाको लागि निजी, सार्वजनिक वा विदेशी लगानीको व्यवस्था गर्ने,

(ङ) सार्वजनिक, निजी साझेदारी र वैदेशिक लगानी समेत परिचालन गर्दै पूर्वाधार विकासमा सफलता प्राप्त गरी प्रदेशको अर्थतन्त्रमा सुधार गर्ने।

### २.१३.३ कार्यक्षेत्र

(क) प्रदेश भित्र भौतिक संरचना निर्माण

(ख) पूर्वाधार विकास ।

## २.१३.४ जनशक्ति विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पदनाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/ पदस्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | प्रमुख कार्यकारी अधिकृत | | | | | १ | १ | | १ | १ | | | मन्त्रिपरिद्वाट नियुक्त |
| | २ | अधिकृत | अधिकृतस्तर सातौं | प्रशासन | सा.प्र. | | १ | १ | | | | | १ | |
| | ३ | इन्जिनियर | अधिकृतस्तर सातौं | इन्जिनियरिङ | सिभिल | | ३ | ३ | | १ | १ | | २ | |
| | ४ | आर्किटेक्ट | अधिकृतस्तर सातौं | इन्जिनियरिङ | सिभिल/ बि.एण्ड आ. | | १ | १ | | | | १ | | |
| | ५ | स्ट्रक्चरल इन्जिनयर | अधिकृतस्तर सातौं | इन्जिनियरिङ | स्ट्रक्चर | | १ | १ | | | | १ | | |
| | ६ | अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | सा.प्र. | | १ | १ | | १ | १ | | | |
| | ७ | अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | लेखा | | १ | १ | | १ | १ | | | |
| | ८ | सर्भेयर | पाँचौं | इन्जि. | सर्भे | | २ | २ | | | | | २ | |
| | ९ | सब-इन्जिनियर/ड्राफ्ट पर्सन | पाँचौं | इन्जिनियरिङ | सिभिल/ बि.एण्ड आ. | | १ | १ | | | | | १ | |
| | १० | ह.स.चा. | श्रेणीविहीन | | | | २ | २ | | | | २ | | |
| | ११ | का.स. | श्रेणीविहीन | | | | २ | २ | | | | २ | | |
| | | | | | जम्मा | | १६ | १६ | | ४ | ४ | ६ | ६ | |

स्रोतः प्रदेश पूर्वाधार विकास प्राधिकरण

## २.१३.५ बजेट तथा खर्चको अवस्था

| आ.व. | विनियोजित कुल बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७६/७७ | २७३८००० | १०१५०००० | १२८८८००० | १३९३९९९ | ८६३६२८३ | १००३०२८२ | ५०.९१ | ८५.०९ | ७७.८३ |

## २.१३.६ हालसम्मका महत्त्वपूर्ण उपलब्धि

| कार्यक्रमको नाम | कार्य प्रगतिको अवस्था |
|---|---|
| ईलेक्ट्रिक बस सञ्चालनको लागि संभाव्यता अध्ययन | परामर्शदाता छनौट भै कार्य प्रारम्भ भएको |
| लुम्बिनी प्रादेशिक अस्पतालको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने | परामर्शदाता छनौट भै कार्य प्रारम्भ भएको |
| लुम्बिनी प्रादेशिक अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन | परामर्शदाता छनौट भै कार्य प्रारम्भ भएको |
| राप्ती प्रादेशिक अस्पतालको मास्टर प्लान तयार गर्ने | कार्य प्रारम्भ भैसकेको |
| बुटवल विज्नेस कम्प्लेक्शको सम्भाव्यता अध्ययन | पूर्व सम्भाव्यता र वित्तिय विश्लेषण सम्पन्न भएको |
| रिक्रिएशन/थिम पार्कको संभाव्यता अध्ययन | परामर्शदाता छनौट भै कार्य प्रारम्भ भएको |
| बुटवल-भैरहवा, घोराही-तुलसिपुर, कोहलपुर-नेपालगंज महानगर सम्भाव्यता अध्ययन | परामर्शदाता छनौट भै कार्य प्रारम्भ भएको |
| प्रादेशिक राजधानीकोलागि मास्टर प्लान तयार गर्ने | परामर्शदाताको छनौट प्रकृयामा रहेको |
| नेपाल संस्कृत विश्व विद्यालयमा सभागृह निर्माण, बेलझुण्डी, दाङ, विस्तृत आयोजना प्रतिवेदन तथा निर्माण सुरू | स्थान छनौट भै DPR तयार गर्ने चरणमा रहेको |
| नेत्रलाल अभागी रंगशाला निर्माण | वातावरणीय प्रभाव मूल्याङ्क (EIA) गर्न परामर्शदाताको छनौट कार्यारम्भ भैसकेको। |

## २.१३.७ प्रमुख समस्या तथा चुनौती

१. प्रदेशको स्थायी राजधानीको लागि तत्काल भौतिक पूर्वाधार नभएकोले कार्यालयहरू स्थापना गर्न चुनौती रहको छ।

## २.१३.८ अवसर

यस पूर्वाधार विकास प्राधिकरणले स्थायी राजधानी रहेको स्थान राप्ती उपत्यका (देउखुरी) दाङमा प्रदेश राजधानी सहरको गुरूयोजना तयार गर्ने अवसर प्राप्त गरेको छ।

## २.१३.९ भावी कार्यदिशा

१. राप्ती उपत्यका देउखुरी दाङमा नमुना, हरित, नदी सभ्यतामा आधारित स्मार्टसिटी सहित स्थायी राजधानी निर्माणको लागि गुरूयोजना तयार गर्ने
२. सार्वजनिक निजी साझेदारी (PPP) मोडल मार्फत् बुटवलमा Business complex निर्माण गर्ने।
३. प्रदेशको अर्थतन्त्र सुधारमा टेवा पुराउने ।

## २.१४. प्रदेश प्रशिक्षण प्रतिष्ठान

### २.१४.१ पृष्ठभूमि

प्रदेश र स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि एवम् कार्यसम्पादनमा सुधार तथा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार गर्ने अभिप्रायले प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश,२०७७ अन्तर्गत लुम्बिनी प्रदेशको एउटा अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित र सँगठित संस्थाको रूपमा प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो। यस प्रतिष्ठानको कार्यालय नेपालगंज, बाँकेमा रहेको छ ।

प्रतिष्ठानको प्रशिक्षण सम्बन्धी कार्यलाई प्रभावकारी सञ्चालन एवम् मार्गदर्शन गर्न प्रदेश सरकारका मुख्यमन्त्रीको अध्यक्षतामा १० सदस्यीय "प्रशिक्षण परिषद्" गठनको व्यवस्था गरिएको छ। प्रतिष्ठानको उद्देश्य अनुरूप प्रशिक्षण एवम् अनुसन्धान कार्यलाई सुव्यवस्थित रूपले सञ्चालन गर्न/गराउन प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा ३ सदस्यीय "कार्यकारी समिति" गठनको व्यवस्था गरिएको छ ।

### २.१४.२ प्रतिष्ठानको उद्देश्य

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी जनप्रतिनिधिहरूको लागि व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया एवम् विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

(ख) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरूको लागि सेवाकालीन, सेवा प्रवेश र व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न तालिमहरू सञ्चालन गर्ने।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि कार्यमूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

(घ) प्रदेशको विकास कार्यक्रममा सघाउ पु-याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने।

### २.१४.३ प्रतिष्ठानको प्रमुख कार्य

(क) प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, मनोनित/नियुक्त पदाधिकारी र कर्मचारीका लागि प्रशिक्षण,

(ख) सवाल केन्द्रित बहस र पैरवी,

(ग) आवश्यकतामा आधारित परामर्श सेवा,

(घ) ज्ञान व्यवस्थापन र आदान-प्रदान,

(ङ) समस्या केन्द्रित र नवीनतम कार्य सम्बन्धी अनुसन्धान ।

## २.१४.४ जनशक्ति विवरण

| जम्मा कार्यालयको सङ्ख्या | सि. नं. | पद नाम | श्रेणी/तह | सेवा | स्वीकृत दरबन्दी सङ्ख्या | | | पदपूर्ति अवस्था | | | अस्थायी/करार/ ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी | कुल | समायोजन/पद स्थापन | कामकाज | जम्मा | | | |
| १ | १ | कार्यकारी निर्देशक | | | | १ | १ | | १ | १ | | | म.प.वाट नियुक्त |
| | २ | प्रशासकीय प्रमुख | सातौं/आठौं | प्रशासन/ सा.प्र. | | १ | १ | | | | | १ | |
| | ३ | सूचना प्रविधि अधिकृत/कम्प्युटर इन्जिनियर | सातौं/आठौं | विविध | | १ | १ | | | | | १ | |
| | ४ | सहायक/अधिकृत वा कम्प्युटर अपरेटर | पाँचौं/छैठौं | सा.प्र.वा विविध | | २ | २ | | | | | २ | |
| | ५ | सहायक/अधिकृत | पाँचौं/छैठौं | प्रशासन/ लेखा | | १ | १ | | १ | १ | | | |
| | ६ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध | | १ | १ | | | | १ | | |
| | ७ | ह.स.चा./का.स | | | | ३ | ३ | | | | ३ | | |
| | | | **जम्मा** | | | १० | १० | | २ | २ | ४ | ४ | |

स्रोतः प्रदेश प्रशिक्षण प्रतिष्ठान

## २.१४.५ हालसम्मका महत्त्वपूर्ण उपलब्धि

(क) प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा सञ्चालन) आदेश, २०७७ बमोजिम प्रदेश सरकारबाट प्रतिष्ठानमा कार्यकारी निर्देशक नियुक्त भई कार्यालय स्थापना, व्यवस्थापन तथा दैनिक कार्य सुचारू,

(ख) प्रतिष्ठान अन्तर्गत गठित कार्यकारी समितिको बैठक ३ पटक र मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रशिक्षण परिषद्को बैठक १ पटक सम्पन्न,

(ग) प्रदेश प्रशिक्षण प्रतिष्ठानको मस्यौदा विनियमावली तयार भई परिषद्मा पेस हुने क्रममा रहेको।

## २.१४.६ प्रमुख समस्या तथा चुनौती

(क) प्रदेश प्रशिक्षण प्रतिष्ठान नयाँ अवधारणा/संरचना भएकोले यसको स्थापना र संस्थागत विकासका लागि कार्य सञ्चालनमा समय लाग्ने ,

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक सवारी साधनको अभाव, गुणस्तरीय र प्रभावकारी प्रशिक्षणका लागि प्रशिक्षण भवन, छात्राबास र अन्य भौतिक पूर्वाधारको अभाव,

## २.१४.७ अवसर

